शेर्पाहरूको इतिहास र वंशावली

The History and Generation of the Sherpas



खेन्पो सङ्ग्या त्यन्जीन लामा शेर्पा

शेर्पाहरूको इतिहास
र
वंशावली

लेखक:
खेन्पो सङ्ग्या त्यन्जीन लामा शेर्पा

अनुवादक तथा सम्पादक :
आचार्य ङग्वाङ वोशेर

२०६९

शेर्पाहरूको इतिहास र वंशावली
The History and Generation of the Sherpas

स्व. श्रीमती ल्हाकु शेर्पाको पुण्य स्मृतिमा भाषान्तरित
शेर्पाहरूको इतिहास र वंशावली

प्रकाशक :
SHERWI RIGSHUNG LOBDAR MEMBERS
NEW YOURK U.S.A

लेखक :
खेन्पो सङ्ग्या त्यन्जीन लामा शेर्पा

अनुवादक तथा सम्पादक :
आचार्य ङग्वाङ वोशेर

ब्यवस्था मिलाउने :
ङवाङ तोप्के लामा वाकान्जे, सोलु

सर्वाधिकार :
© अनुवादक तथा सम्पादकमा सुरक्षित

संस्करण :
१००० प्रति वि.सं. २०६९, बु.सं. २५५६

मूल्य : रु. २५०/–
US$ 15/– (पुन: प्रकाशनको लागि)

पेज ले-आउट :
अन्नपूर्ण तुलाधर, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राजथला

मुद्रण : **न्यू नेपाल प्रेस**
प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं । फोन: ४४३४८५०
व्यापारिक कार्यालय: शुक्रपथ, न्यूरोड, काठमाडौं । फोन: ४२५९०३२

समर्पण

स्वर्गीय श्रीमती ल्हाकु शेर्पा (प्रव्रजित धार्मिक नाम ङवाङ सम्तेन) ले मानव जीवनमा गर्नुपर्ने चार पुरुषार्थी वा धर्म, अर्थ, काम र मोक्षहरू यसरी क्रमशः पूरा गर्नुभयो कि बाल्यकालमा सामान्य धर्मकर्मका साथै तरुणी अवस्थामा प्रवेश गरेर वैवाहिक सूत्रमा बाँधि ३ पुत्र २ पुत्रीकी आमा हुनुभयो । साथै बाल बच्चाको पालन पोषण र इष्टमित्रको सेवा सत्कार गर्न कामकाज, उद्योग धन्धागरी आवश्यक धनसम्पत्ति आर्जन गरे र गर्नुपर्ने गृहस्थी धर्म पूरा गरी वृद्धकाल लागेपछि परम पूज्य गुरुवर **ठुल्स्यिक रिन्पोछे**को सान्निध्यबाट श्रमणेर शील ग्रहण गरी ब्रह्मचारिणी भईन र जीवित रहुञ्जेल निरन्तर धर्म, कर्म र मोक्षको मार्गमा लागेर जीवनमा गर्नुपर्ने सबै जिम्मेवारी पूरा गर्नुभयो अन्तमा ८१ वर्षको उमेरमा प्राकृतिक नियमको अनुसरण गर्दै सदा-सदाको लागि शान्तिको मार्गमा लाग्नु भयो ।

- व्यवस्थापक



स्वर्गीय श्रीमती ल्हाकु शेर्पा (प्रव्रजित धार्मिक नाम ङवाङ सम्तेन)

जन्म : वि.सं. १९८७ वैशाख १५ गते – दिवंगत : २०६८ मंसीर १५ गते

गार्मा गा.वि.स.-३, थाल्लेरी, सोलुखुम्बु

सांसारिक संस्कार (वस्तुहरू) अन्त्य हुने चार कारणहरू

योग हुनुको कारण हो वियोग हुनु, उच्च हुनुको कारण हो डल्नु
सञ्चय गर्नुको कारण हो सिद्धचाउनु, जन्म हुनुको कारण हो मर्नु
यो अकाट्य प्राकृतिक नियम हो, यसलाई कसैले नकार्न सकिन्न ।
हामी सबैले यसको अनुसरण नगरे सुख छैन ।

- अनित्य ग्रन्थबाट

प्रकाशकीय

स्वर्गीय श्रीमती ल्हाकु शेर्पाको स्मरणमा यो शेर्पाहरूको इतिहास र वंशावली भोट भाषाबाट नेपालीमा भाषान्तरण गरेको हो । किनभने यी महत्त्वपूर्ण ऐतिहासिक लेख लेखौट र धार्मिक इतिहासहरू भोट भाषामा लिपिबद्ध भएकोले र यस अघिको एक देश एक भेष र एक भाषीय नीतिले गर्दा सर्वसाधारण शेर्पा दाजुभाइहरूका लागि 'कालो अक्षर भैंसी बराबार'को उखान चरितार्थ भएको छ भोट लिपिहरू । त्यसकारण शेर्पा दाजुभाई, दिदीबहिनीहरूले आफ्नो बाउबाजेको कृति, साधन, संलग्ना र योगदानका धरौटीहरूको विषयमा पढ्ने, लेख्ने अवसर पाओस्, बाजेबराज्यूको खरखजानाहरूको संरक्षण र सम्वर्द्धन गरून तथा यस विषयको विद्यार्थी र इतिहासविद्हरूको लागि अध्ययन, अध्यापन र खोज अनुसन्धान गर्न सहज होओस् भन्ने उद्देश्यले यो पुस्तक प्रकाशनमा ल्याएको हो । ग्रन्थ गुणस्तरीय बनाउन र भाषान्तरण लगायत शुद्धाशुद्धी हेरेर सहयोग गरिदिनुहुने परम धर्ममित्रहरू तथा विशेषगरी भाषान्तरणका लागि आर्थिक दान प्रदान गरी सहयोग गरि दिनुहुने **स्व. श्रीमती ल्हाकु शेर्पाको माइला छोरा तेन्जिन शेर्पा, खाम्पाचे लगायत घरपरिवार र प्रकाशनका लागि SHERWI RIGSHUNG LOBDAR MEMBERS NEW YOURK U.S.A का सदस्य सबैलाई कोटी-कोटी सधन्यवाद** ! थुग्ज्येछे व्यक्त गर्न चाहन्छु ।

तपाईको दानपारमिताको आदर्श शेर्पा लगायत प्राणीमात्रका लागि मंगलमय होस्, उच्च हिमशिखर झैं सदा स्वच्छ र उत्तरोत्तर भइरहोस् ।

वि.सं. २०६९ बैशाख २४ गते, पूर्णिमा **प्रकाशक समूह**

आधारभूमि

शेर्पा इतिहास र संस्कृतिको मूलद्वारमा प्रवेश गर्न खेन्पो सङग्या तेञ्जीनको अनन्य भक्त श्रद्धेय टुल्कु पद्मथर्छिन औतारी लामाको आग्रहमा मलाई सर्व प्रथम "Snow Light of Everest" नामक शेर्पा इतिहास र संस्कृतिको नेपालीमा भाषन्तरण गर्ने अवसर प्राप्त भयो । यसबाट शेर्पाहरूका विषयमा निकै गहिरिएर अध्ययन गर्ने शुभ अवसर पायो । यसको केही दिनपछि आष्ट्रीयको एउटा फिल्म कम्पनीले शेर्पा डकुमेण्ट्री फिल्म बनाउने क्रममा खेन्पो सङ्ग्या तेञ्जीनको शेर्पा इतिहास र वंशावलीको दोहोराई तेहेराई अध्ययन गर्नुपर्‍यो मैले । आज वहाँकै निकटतम शिष्य ताप्के लामाबाट यसलाई नेपालीमा भाषान्तरणको प्रस्ताव आएकोमा संयोगको शुभ संकत नै ठान्दछु ।

लेखकले यो ग्रन्थलाई छ्र्योज्युङ (धर्मकार) वा धार्मिक इतिहास र मेराब = वंशावलीको नाम दिएर यसलाई तीन विषयमा विभाजन गरेर लेखेको छ । (१) पहिले पहिलाका बूढोपाको शेर्पाहरूको मौखिक उक्तिहरू (२) धार्मिक अभिलेख र टीका टिप्पणीमा भएको पुरानो सामग्री र (३) आफूले प्रत्यक्ष देखेर अनुभव गरेका सामग्रीहरू संकलन गरी शेर्पा इतिहास र वंशावली तयार पारेको पाइन्छ । जसमा संसार उत्पत्ति र यसको नापमानको संक्षिप्त विवरण र विश्वमा प्रथम सर्वसम्मति राजाको छनोट प्रक्रिया प्रस्तुत गरेको माध्यमबाट शेर्पाहरूको वंशावली, विशेषगरी सोलुखुम्बुमा शेर्पा लामाहरूको बसाइसराई, लामाहरूले गोन्पास्थापना गरेर विद्याध्ययन गरेको, गोन्पामा बुद्ध धर्मसंग सम्बन्धी चाडपर्वहरू स्थापना गरेको, प्रारम्भमा त्यहाँ खाली आवादि भएकोले शेर्पाहरूलाई लताकपडा र खाद्यन्न आदि आधारभूत आवश्यक वस्तुको समस्या पर्दा बाँको र च्याउ आदिबाट समस्या टारेको र अन्तमा गोर्खा सेनासंग लडाई गर्नुपरेको आदि सामग्रीहरू समावेश गरिएको छ ।

यही सन्दर्भमा सन् १९६९ देखि १९९९ सम्ममा स्वदेश र विदेशका इतिहासविद् विद्वान्हरूले शेर्पाको विषयमा दुई दर्जन भन्दा बढी किताब लेखेका छन् । यो शेर्पाहरूका लागि गौरवको विषय मान्नुपर्छ । उक्त ग्रन्थहरूमा १५ औं शताब्दितिर शेर्पाहरू पूर्वी तिब्बतका खामबाट ल्हासा हुँदै ज्योमो लाङमा (सगरमाथा) हिमालको भेगतिर आइपुगेको कुरा उल्लेख गरेका छन् तापनि केको आधारमा त्यसरी आएको हो भन्ने वारे मौन रहेको देखिन्छ । त्यसविषयमा तत्कालिन घटनाक्रमलाई केलाउने र निफन्ने गर्दा उत्तरी सुङ राज्यका स्थापना

(सन् ९६०-११२७) काल र योद्धराजा लिङगेसर ग्याल्पो (सन् ००-१११९) को भयावह युद्ध र चांगिज खाँको (सन् ११६२-१२२७) को राज्य एकिकरणताका शेर्पाहरू त्यस क्षेत्रमा आवत जावत भइरहेको शेर्पा बुढापाका र चीनका इतिहास विद्हरूको धारणा रहेको पाइन्छ । त्यसैगरी महायोगी मिलाऱ्यापा सन् १०४०-११२३ का प्रतिस्पर्थी गोनपो दोर्जे शिकारीको कुकुरले मृग लखेट्दै आवत जावत गरिरहेको पदचिन्द पैलाउँदै समुद्र सतहबाट १९ हजार ५० फिट अग्लो नाङपाला (हिमाल) काटेर पहिले पटक खुम्बुक्षेत्रमा पदार्पण गर्ने महापुरुष फछेन भएको प्रथम तेङपोछे लामाको जीवनीमा भएको तेङपोछे औतारी लामा ङवाङ तेञ्जीन साङपो बताउनु हुन्छ । सामान्यतया १२ र १३ औं शताब्दीको समय भनेको 'जसको शक्ति उसको भक्ति' भएको जो शक्तिसम्पन्न छन् उसको शासन चाल्ने समय र शासक वर्गको शक्ति प्रदर्शन गर्ने कालखण्ड भएको इतिहासविद्हरूका मत रहेको पाइन्छ । त्यस वर्गमा शेर्पाहरू पनि पर्ने भएकाले अरूलाई मारमा पार्ने र आफू तर्किने सिलसिलामा शेर्पाहरू त्यसक्षेत्र तिर आवत जावत भएको होला भन्ने लाग्छ । तत्काल हाम्रो देश नेपाल पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म १४ अञ्चल र ७५ जिल्लामा विस्तार भएको नभई काठमाडौं उपत्यकालाई नेपाल भन्ने गरेको पाइन्छ । त्यसैले आजसम्म हाम्रो मान्छेहरू काठमाडौं जान्छु भन्दा नेपाल जान्छु भन्छन् ।

सन् १७८६ सम्म शेर्पाहरू पराधीन नभई स्वतन्त्रपूर्वक जीवन निर्वाह गरिरहेका थिए । नेपाल एकीकरण ताका सन् १७८६ देखि १८२९ सम्म नेपाल सरकारसंग विभिन्न चरणको वार्तागरी स्वतन्त्र रूपमा आफ्ना धर्म संस्कृति र कुल परम्पराहरू पूर्ववत मान्न पाउने गरी नेपालमा आबद्ध भएको विदेशी लेखक Sherry B. Ortner को शेर्पाहरूको धार्मिक इतिहास र १९१४ सालका १० शेर्पाहरूको लालमोहरबाट गोर्खा सेनासंग लड्न सोलुखुम्बुको विभिन्न स्थानमा माकगार्पा युद्ध शिविर, तोङगीफुग (हजार संख्या) को युद्ध विशिर, बलथोङजोङ (नेपाल देख्ने) युद्ध शिविर, छुदाग जोङ र जोङलोग आदि आखडाहरू स्थापना गरेको देखिन्छ । वि.सं. १९१४ सम्म शेर्पाहरूका जात लेख्दा (उदाहरणार्थ) सोनम शेर्पा भोटे लेख्ने गरेको पाइन्छ । त्यसैले शेर्पा भोटेहरू बसोवास भएका स्थानको नाम पनि भोटेकोशी, भोटे ओडार, भोटे चौतरा, भोटे साँगु, सोलुखुम्बु, च्याङमाला (देउराली), खिम्दे (खिम्ती), रोल्पालिङ, दोलखा (दुङ्गामा मुख), छचोग्श्याम (लामा वगर), भोटे डाँडा, भोडे चाउर, भोटाहिटी, भोटे वहाल, मध्य भोटेकोशी, माथिल्लो भोटेकोशी र भोट खोला इत्यादि स्वत: बोलिरहेको वस्तुस्थिति र पुरानो तिरोभरोको कागजहरूबाट बुझिन्छ । वि.सं. २०६६ सालसम्म माथिल्लो भोटेकोशी भनिरहेकोलाई २०६७

सालबाट नेपालीकरण गरेर माथिल्ला तामाकोशी भनेर इतिहास बंग्याउने कुप्रयास गरिरहेको छ यसलाई इतिहासले छुट्दिने छैन् । शेर्पाहरू वि.सं. १८२९ सालबाट नेपालमा आबद्ध भए पनि खुला नियम र खुला सीमा भएकाले सीमा वरपर गर्न कुनै कठिन थिएन । पश्चात् सन् १९६१ अक्टोवर ४ का दिन नेपाल–चीन संयुक्त सीमा कमिटीले गरेको निर्णयमा पानी ढलोको सिद्धान्तका आधारमा यस क्षेत्रका महालङ्गुरका सगरमाथा लगायत सम्पूर्ण हिमशिखरका उत्तरी मोहोडाहरू चीनका र दक्षिणी मोहोडाहरू नेपालका हुन् भनी सहमति भएको थियो । उक्त सम्झौता पछि सन् १९६१ अक्टोवर २७ का दिन टुँडिखेलमा आयोजित एक समारोहमा राजा महेन्द्रबाट घोषणा भएको थियो । ('कान्तिपुर' २०६०/३/३)

त्यसताका शेर्पाहरू कोही उता चीनका स्वशासितक्षेत्र तिब्बततिर पऱ्यो भने कोही नेपालतिर । जस्तै संखुवासभाका पारी तिङके जोङ, दोलाखा लब्छी पारी रोङशर र सिन्धुपालचोक तातोपानीका पारी खाशा आदि स्थानका शेर्पाहरू ।

यी महत्त्वपूर्ण ऐतिहासिक खर खजानाहरू शेर्पाको धार्मिक इतिहास सम्भोट लिपिमा लेखेकोले आफ्नो लिपि पढ्न बञ्चित शेर्पाहरूका लागि कालो अक्षर भैंसी बराबर भन्ने उखान चरितार्थ भएको छ । त्यसैले शेर्पा दाजुभाइ, दिदीबहिनी सबैले बाबु बाजेको ती कृतिहरू अध्ययन अनुसन्धान गर्ने शुभ अवसर पाऊन र यसलाई आफ्नो बाजे बराज्यूको साधन संलग्नता र योगदानका धरौटीको रुपमा चिन्ह सकून, यसको संरक्षण र सम्बर्द्धन गरून भन्ने उद्देश्यले यसलाई नेपालीमा भाषान्तरण गर्न लगाउनु भएको हो । यसका लागि मध्यस्तकर्ता तोप्के लामा र आफ्ना स्वर्गीय आमा नाममा यो "**शेर्पाहरूको इतिहास र वंशावली**" भाषान्तरण गर्न र प्रकाशनका लागि आर्थिक सहयोग गरिदिनु भएकोमा श्री तेञ्जीन शेर्पा लगायत घरपरिवार र **SHERWI RIGSHUNG LOBDAR MEMBERS NEW YOURK U.S.A** लाई म हृदयदेखि साधुवाद दिन चाहन्छु । अन्ततः भाषान्तरण/अनुवाद भनेको फोटोकपी हो यही नै सबैथोक नभएको कुरासबैले मनन गरुन् । तत्कालका लागि फोटोकपी नै भए पनि शेर्पा दाजुभाइ, दिदीबहिनी सबैले यो किताब एक पटक पढेर हामीलाई थुप्रै प्रतिकृया दिनुभएमा हाम्रो प्रयास सफल भएका ठान्दछौं । यही आग्रहकासाथ सधन्यवाद व्यक्त गर्न चाहन्छु । धन्यवाद !

आचार्य खेन्पो ङवाङ वोशेर लामा
सम्तेन छ्योस्लिङ गोन्पा
प्रमुख लामा
ख्यिम्दे सोग्दोपा-४, श्यामा
दोलखा, नेपाल

वि.सं. २०६९ बैशाख २४ गते, पूर्णिमा

गुरुको जीवनी

सर्वज्ञको ज्ञान सप्ताश्वेश्वर
विभिन्न लोक धातुको आकाशमा सदा उदाउँदा
विकल्प आवरणको अन्धकार विशुद्ध हुने ।
वर विमोक्षलेयुक्त कैलाशको जय ।
सभ्यहरू भेट्दा उत्तम कोसेली
विद्वान् खुशी हुने (साधन) भनी वीरले बतायो ।
तसर्थ आफ्ना विभिन्न आचरण मध्येबाट
मुक्ति र सभ्य पक्षको संक्षेपमा बताउँछु ।

भनी एक श्लोकले मंगलाचरण र अर्को श्लोकले यसको आवश्यकता र प्रस्तावना पेश गरेको हो । यहाँ बताउनुपर्ने जीवनको सारांश प्रष्ट पार्नु पर्दा मेरो जन्म विद्याआर्जन र शासन जगतलाई हित गरेका गरी तीन छन् । यसलाई अलिक विस्तारमा वर्णन गरे पहिले कुन स्थानमा जन्मेको, कुनसमयमा जन्मेको, कुन बाबु आमाबाट जन्मेको र कसरी जन्मेका चारछन् ।

दोस्रो विद्या आर्जनमा पनि कुन ठाउँमा विद्या आर्जन गरेको, कुन समयदेखि अध्ययन गरेको, कुन साहित्यको वारेमा अध्ययन गरेको, कुन विधिले कसरी अध्ययन गरेका चार छन् ।

तेस्रो शासन जगत्लाई हित गरेकोमा पनि कुन विषय वस्तुलाई हित गरेको, कुन वस्तुले हित गरेको, कुन विधिले कसरी हित गरेको र आवश्यक के कारणले हित गरेका गरी चार छन् । त्यसबाट पनि विस्तार गरे माथिको १२ वटा प्रत्येकमा आफ्ना अनुभव जोडेर बताउने, अरूको विचार अनुसार बताउने, दुवैलाई अनुकूल हुनेगरी बताएको तीन र ती सबैलाई ३/३ गर्दा विषयवस्तु ३६ वटा भई अत्यन्त धेरै हुने देखिन्छ । त्यस किसिमको प्रपञ्च त्यागेर बीउ जति मात्र बताउँदा जन्म स्थान महाद्वीपको अनुसार गरे आजकलको वैज्ञानिकहरूले बताएका एशिया महाद्वीप अर्न्तगत पर्छ । राष्ट्रको अनुसार गरे देश र जनता दुबै उत्तम भएको देश नेपाल । स्थानको अनुसार सर्वोच्च शिखर सगरमाथाको भेकमा । जिल्ला अनुसार गरे शुद्ध धर्म र जात जाति भएको सोलुखुम्बु ।

गाउँ अनुसार घाँस, पानी र काठपात सम्पन्न भएको टाग्थो बुक भन्ने ठाउँमा (जुनवेंशी), जन्म मिति चाहिं सबै देशमा प्रचलित सन् १९२४ मा तदनुसार विक्रम सम्वत् १९८१ र भोट सम्वत् ८९७ असार महिनाको दशमी तिथि, सोमवार विहान घाम झुल्किंदा भएको हो भनिन्छ ।

यो देह जन्मदिने बाबु र आमा मध्ये बाबुको कुल मित्राग दोङ, गोत्र टाग्थो, मिछेन, सोलु पेमा छेरिङको जेठा छोरा, ओर्ग्यान फुर्पाको दुई छोरा मध्ये कान्छो, दावा तेञ्जीन भनिने बुबा हुनुहुन्छ ।

आमाको कुल त्राङ, गोत्र सेर्पा, वीरांगना, सोलु लामा सङग्या तेम्पाको जेठा छोरा, लामा दावा नुर्बुको एकलो छोरी त्रिमाबुटी भनिने हो ।

जन्मको समयमा पनि वाह्य भित्रका विभिन्न शुभ लक्षणहरू देखिएको जस्तै शाल धर्म वस्त्र (चीवर) लगाएको रुपमा, त्यस माथि कुश (घाँस) जस्ताले बाँधेको थियो भनिन्छ । आफूलाई पूर्वदिशाको टाढोबाट खिया नभएको शुद्ध आकाशको बीचबाट चारपातको कमल फूलको माझमा बसेर कमलफूल सहित उडेर आएको आभास स्मरण भयो । यति मात्र नभई ती वासना (आभास) हरू सपना र विपना दुबैमा ४/५ वर्षसम्म भइरह्यो । न्वारन कार्यक्रम पनि वृहत् व्यवस्था गरेर वार अनुसार शुभनाम दावा तञ्जीन राख्नुभयो ।

प्रारम्भिक विद्याध्ययन, आफू ५ वर्षको पुग्दा पिताजीले भोट लिपिको स्वर व्यञ्जन र हिज्जेहरू शुद्धसंग पढाउनु भयो । विना कठिन अक्षर पढ्न जान्ने भए, भोट लिपिको काइते अक्षरहरू सिक्नु नपरी आफू ८ वर्षको हुँदा पापदेशना (नामक पुस्तक) र भद्रचर्या प्रणिधानको पुस्तकहरू लेख्नसक्ने भए । त्यसपछि ११ वर्ष पुग्दा नेपाली किताब पढ्दा त्यो पनि विना कठिन जानेको थियो ।

त्यसपछि १७ मा लाग्दा सोलुका लामा योनतेन ग्याछोको उपचरणमा उपस्थित भई सोलुतिर वृहत् प्रचार प्रसार भएको धर्महरूका अभिषेक, आगम र उपदेश तीनको दीक्षा विधिपूर्वक गुरुबाट लिएँ । त्यतिमात्र नभई त्यसको साधना विधिहरू पनि अधिकांश पूरा गरें ।

यसपछि आफू २० वर्षको हुँदा गुरुसंग अनुमति लिएर तेङपोछे गोम्पाको गुरु तोग्देन छुल्ठिनको उपचरणमा उपहार सहित उपस्थित भई भोट लिपिको लेख्न, पढ्न, शब्दकोष, व्याकरण, ज्योतिष, तैतिसी बोधिचर्याको अभ्यास गरें । २१ वर्षमा लाग्दा भोट चिप्री स्थानका गुरु छ्चुसाङ सङग्या छ्चोफेलको सान्निध्यबाट प्रतिमोक्ष शील (अन्तर्गत) श्रमणेरको शील लिंदा उपाध्यायको शुभ नामबाट मेरो नाम सङग्या दावा राख्नु भयो । अनि २२ वर्षमा लागेपछि तोत्राकर

रिन्पोछे पद्मछेवाङको चरणमा परी कोन्छ्चोक च्यिदु (रत्नसमुच्चय), २१ तारा, ठोमा नाग्मो (कालीदेवीको उच्छेद्) आदिको अभिषेक र आगम, मेंवा छ्चोडाकको सुखावती प्रणिधानको टीकाको अभ्यास गरे । साथै चित्तोपदेश, चित्त संक्रान्ति उच्छेद्, आदिको विषयमा पनि अभ्यास गरे । यसपछि २३ वर्षको हुँदा भोटका राजधानी लहासामा पुगें । सेरा, ढ्चापुङ र गादेनको तीन महाविद्यालय, शाक्यमुनि र अक्षोभ्य बुद्ध तथा पोतल दरवारको दर्शन ढोक गरे । ख्यापुङ गोम्पा अन्तर्गत लोसाललिङको छात्रबासमा बसेर केही महिना अध्ययन गरे । अनि २४ वर्षमा लागेपछि ठूलो कष्ट सहेर खामतिर त्रिंम गो म्पामा विद्याध्ययन गर्न गएँ ।

त्यहाँबाट पहिले छ्चाम्दो यसपछि क्रमशः देगे, पाल्पुङ, जोङसार, जोग्छेन, च्हाम्मो (अरण्य), स्येछेन, च्याङमागर आदिमा पुगें । र खेन्पो थुब्त्यान ञ्यानडाक, खेन्पो पद्मछेवाङ्, खेन्पो ङवाङ नुर्बु, खेन्पो गङशर वाङपो, खेन्पो दोङाग तेम्पीत्रिमा, खेन्पो ज्याम्पाल दोर्जे, खेन्पो लोटो राब्साल्, खेन्पो त्रिमाग्याल्पो, खेन्पो थुब्त्यान छ्चोफेल, खेन्पो लुङतोक थर्छिन, खेन्पो छेवाङ नुर्बु, पालयुल कोन्छोक आदि शासन जगतको ठूलो अभिभार सम्हालेको कल्याणमित्र विज्ञ, भदन्त, भद्र तीनगुणले युक्त वहाँहरूको सान्निध्यबाट व्याकरण, कव्या, अभिधन (पर्याय), ज्योतिष, प्रमाणशास्त्र, त्यसैगरी चित्रकला र चिकित्साविद्या लगायत चार साधारण विद्या र मध्यमिक, पारमिता, विनय, अभिधर्मकोश, मन्त्रतन्त्र समेत आध्यात्मिक चार महाविद्याको विषयमा जति सक्दो श्रवण, चिन्तन मनन गर्ने काम गरे ।

विशेष गरी ज्याम्गोन लोटो थायेको चित्त निर्माणकाय तत्काल लोक (विनेय) जनको उद्धारमा आगमन भएको करूणा र अनुत्तरीय कृपाका स्वामी नाम उच्चारण गर्ने नै असजिलो हुने, आवश्यकार्य अर्थ सम्बोधन गर्दा मूल गुरु पद्म टिमे लेग्पी लोटो भनी त्रिलोकमा प्रसिद्ध वहाँको अभ्युदय कमल चरणबाट प्राचीन (त्रिंम) को ग्रन्थरत्न कामा विषयक सम्पूर्ण अभिषेक, आगम र उपदेश, रिन्छेन तेर्जो (रत्ननिधिकोश) को र मिन्लिङको दोज्यो पुम्साङ (कामेच्छा भद्रकलश) को अभिषेक, आगम र उपदेशको दीक्षा दुई पटक सम्म लिए । त्यस्तै जितन सम्बुद्धको वाणी त्रिपिटक र विज्ञ अनुयायीहरूको वाणी त्यान्ग्युको आगम (श्रवण), रोङश्होम र लोङछेन पिता पुत्र (गुरु शिष्य), मिन्डि दाजुभाइ, ज्याम्गो न र दुई कोङटुल, पाल्टुल ज्यिग्मे छ्चोक्यी वाङछुक, कथोगका खेन्पो नुदेन र गेकोङका खेन्पोकुन्पाल आदिको वाणी सबै श्रवण गर्ने अवसर पाएँ । त्यसैगरी

ज्याम्गोन मिफाम नाम्ग्याल र वहाँको एकलो चित्तपुत्र ग्याल्छाप ग्युर्मे पद्मनाम्ग्यालको वाणी र ग्रंथहरू श्रवण र व्याख्यान दुबै कृपागरी प्रदान गर्नुभएको प्राप्त गरें । त्यसरी नै स्येछेन राब्ज्याम, छैटौं निर्माण काय, कुनसाङ छ्चोक्यी त्रिमा श्याडुब छ्चोक्यी गोछ्चाज्यूको सान्निध्यबाट लोङछेनको चित्ततिलक र गुह्यतिलक आदिको अभिषेक, आगम विस्तारमा लिएँ । त्यसरी नै स्येछेन ग्याल्छापको चौंथो निर्माण काय ग्युर्मे पद्मदोर्ज्ये थेग्छोक तेम्पी त्रिन्ज्येज्यूको कमल चरणबाट पनि कामा दोङ टुक (सांसारिक खाल्डो मन्थन गर्ने) को अभिषेक, आगम आदि अत्यधिक प्राप्त गरे । त्यस्तै जोग्छेन गुरुको निर्माणकाय, ज्युजुङको निर्माणकाय र जोङ्सर छ्चोक्यी लोटो आदिको निर्माण कायरत्नहरूको सन्निकटबाट पनि सूत्र तन्त्रको धार्मिक शिक्षा जति सक्दो प्राप्त गरें ।

यसपछि आफू २९ वर्षमा लाग्दा गुरुले आज्ञा भए झैं मिन्लिङ च्युङटुल (निर्माणकाय) ङवाङ छ्चोक्यी डग्पारिन्पोछेको उपचरणबाट उपसम्पद (भिक्षुशील) लिनकासाथै तान्त्रिक गुह्यगर्भको टीका गुह्यपतिमतालंकार तथा मुखागम समेतको उपदेश र आगम दुबैको शिक्षा प्राप्त गरें । त्यसरी स्वदेशका र भोटका माथिल्लो, तल्लो भेक र बीचका वहु अधिक गुरु कल्याण मित्रहरूलाई आफ्ना क्षमता अनुरूप सन्तुष्ट हुने तीन वस्तुबाट सेवा गरी कष्ट र मिहिनेतले सद्धर्मको विद्यार्जन गरे । यसको अतिरिक्ति अश्रद्धा, कामको साथमा सुख र फुर्सतमा सद्धर्मको शिक्षा लिने काम कहिल्यै गरेन । त्यसैले कृपालु गुरुहरूको आशीकर्वादले धर्म आर्जन गर्दा वाधा नपरी शुभ लक्षणहरू प्राप्त भएको यस्तो छ– सपना र विपना जुनसुकै बेलामा शास्ता शाक्यमुनि, श्रीवज्रसत्त्व, आचार्य पद्मसंभव, भट्टराक मञ्जुश्री, आर्य अवलोकितेश्वर, भट्टराकी तारा, सरस्वतीदेवी, ज्ञानसागर, विमलमित्र, गुरु लोङछेन राब्ज्याम्, ज्याम्गोन मिफाम आदि गुरु इष्टदेव, डाकिनीहरूले दर्शनदिने, प्रवचनदिने, भविष्यवाणी गर्ने आदि र त्यस्तै सपनामा आफ्ना चित्तबाट आँखाले हेर्न नसकिने खालको ज्योतिप्रकट हुने, आफ्ना हातबाट अन्नको फूल आकाशतिर छर्दा सबै अस्तु धातुमा परिणत भई भूईंमा झर्ने, पुनः ती अस्तुहरू अनन्तसम्म फैलेर विस्तार हुने, वैदुर्यको शिखरबाट घाम नछेक्ने खालको सेतो बादल निस्केर आकाश समान हुने आदि आश्चर्यमय दृश्य देखिन्थ्यो । त्यस्तै आकाशमा उड्ने, ठूलो तालमा खेल्ने, हिमाल चढ्ने, पूर्वदिशाबाट घाम झुल्केको देख्ने आदि इत्यादि वर्णन गरेर सध्याछैन ।

यसपछि गुरुदेवको आज्ञा अनुकूल हुने गरी आफू ३३ वर्षमा पुग्दा

स्वदेशमा फर्केर आए । शासन जगतका हितार्थ आश्रय (वाह्च गारो) र आश्रित (देवदेवीको मूर्ति चित्रकला) समेत भएको एउटा गोन्पा स्थापना गरी त्यसमा शिक्षा दिने र साधन गर्ने "श्याडुब" स्थापना गर्ने आशाले क्रमश काम अघि बढाएँ । यसो गर्दा वाधा नभई २ वर्षमा वाह्च भवन र केही भित्री आश्रयहरू सम्पन्न भयो । यसपछि आफू ३५ वर्षको हुँदा भूमि सुंगुर वर्षको महिना ६, तिथि ४ मा गोन्पामा स्कूल स्थापना गरेर भोट लिपि कखराको लेखन पढ्न, व्याकरण, सुखावती प्रणिधानको उपदेश, तैतिसी बोधिचर्या, बोधिचर्यावतरको टीका, मध्यमिकालंकारको टीका, पारमिता अभिसमयालंकारको टीका, विनिश्चयार्थ, मूल प्राज्ञावतर, सूत्रालंकारको टीका, समन्तभद्रको मुखागम, षड-अन्तराभवको उपदेश, त्रिसम्वर (शील) कल्पवृक्षको वालो नामक पाठ्यपुस्तकहरू पढाउने काम गरियो । एकसय जति विद्यार्थीलाई आशय अनुकूल हुने गरी वा यथोचित अर्थ बुझ्ने गरी उक्त पाठ्यपुस्तकमाथि व्याख्या गर्ने काम गरियो । त्यसैगरी कहिलेकहीं सूत्र र तर्क विपरीत बोल्ने (मानिस) हरूलाई सूत्र र उचित तर्कले प्रतिरोध गरेको मात्र नभई आवश्यक पर्दा शब्दकोश, व्याकरण, वन्दना, शिक्षा (उपदेश), इतिहास र वंशावली सगरमाथाको प्रकाश नामक प्रस्तुति मूलक शेर्पा संस्कृतिको स-साना लेख, रचना र टीका-टिप्पणी आदि लेख्ने नियत लिए । यसबाट शासन जगतको हित हुने गरी बोलाई र गराईमा फरक नहुनेगरी विशुद्ध अध्याशयले कामगरेको र गरिरहेकाछन् ।

अन्ततः मेरो नाम हो सङ्ग्या तेञ्जिन, जन्म नेपालका सोलु, जात शेर्पा र गोत्र टाग्थो, देहाश्रयको मनमा त्रिसम्वर (शील) युक्त भएको, धर्म सम्प्रदाय प्राचीन (ञिङ्म) र वंश परम्परा (अजित गुरु) को परम्परा धारण गर्ने, दर्शन अन्तग्रहको मैलो नभएको लिएर शासन जगतको काममा लागिरहेको छु ।[1]

पुनरुक्ति :

स्वयंले लेखेको आत्मकथाको यो स्वर्णहार
मूर्ख अहंकारीलाई अप्रिय लागे पनि
विद्वानको उत्तम कण्ठमाला हुने भएकाले
विद्वानले प्रेरित गरी उनेको विद्वानले लगाउँछ ।

यो आत्मकथा युरोपका विद्वान मेकोडनाल्डाले आफ्ना जीवनकथा दोष आरोप नभएको यस प्रकारको लेख्नु भनी बारम्बार आग्रह गर्नु भएकोले सन् १९७० स्वयं सङग्या तेञ्जीनले ।

---

१ यही अवस्थामा ६७ वर्षको उमेरमा सन् १९९१ मा वहाँ परलोक हुनुभयो ।

विषय–सूचि

(पहिलो भाग)

१)	प्रकाशकीय	क
२)	आधारभूमी	ग
३)	लेखक गुरुको जीवनी	छ
४)	ब्रह्मदण्ड नामक शेर्पा इतिहास	१
५)	मंगल उच्चारण आरम्भ	१
६)	पहिले भएको मौलिक कथनको व्याख्या	३
७)	थिम्मि जाङपोटशिको पुत्र फछेन	७
८)	च्हारपोन साङग्य पालज्योर	९
९)	दोर्जे जाङपोको जीवनी	१५
	क) शक्ति हनाहन	२४
	ख) यस बिचको कुरा	२६
१०)	बीचमा प्राप्त ऐतिहासिक अभिलेख परम्पराका व्याख्या	२७
११)	जसमध्ये नजिकको तेरमा परम्परा	२८
१२)	डागछ्याङ दोर्जे जिग्टाल	३६
१३)	च्यातङ क्षोयिङ राङटोल	३८
१४)	च्याताङ क्षोदर वा डग्वाङ नोरबु जाङपो	४०
१५)	डेल्छेदोनदेन वा ज्याम्याङ छ्चोक्ची रिग्जीन	४३
१६)	लामाकर्म दोनटुब	५२
१७)	लामा साङग्या त्यन्पा	५५
१९)	ज्यासा गोम्पा	६०
२०)	लामा रत्नछेवाङ	६१
२१)	मेतो पगक्या गोम्पा	६३
२२)	छाम्पा रिन्पोछे	६५
२३)	लामा डुब्पा	६६
२४)	न्वारन	६९
२५)	विवाह	७१
२६)	औषधी उपचार	७४
२७)	मृत्यु	७५
२८)	धार्मिक पर्वोत्सव	७८
२९)	आफ्ना अनुभव	८१
३०)	गुरु डग्वाङ योनतेनको संक्षिप्त जीवनी	८२
	क) धर्म अध्ययन	८३
३१)	टागशिङथोग गोम्पा	८६
३२)	डगवाङ ज्यङक्षुब छुल्ठिम	८८

३३) सेरलोग गोम्पा ९०
३४) छ्चुखारमा गोम्पा ९५
३५) चादुगपा गोम्पा वा थुब्तेन छ्चोस्लिङ गोन्पा ९६
३६) सकार गोम्पा ९८
३७) सेटे गोम्पा ९९
३८) सार संक्षेप १००
३९) पुनरुक्त १०३

(दोस्रो भाग)

४०) शेर्पाका वंशावली १०४
४१) मंगलोच्चरण १०४
४२) पृथ्वीको उत्पत्ति र नापमान १०४
४३) सत्त्वलोकको उत्पत्ति १०७
४४) विश्व अन्तर्गत भोटका मानिस ११०
४५) भोटका राजवंशजहरू ११२
४६) खाम्पाजातिको वर्णन ११४
४७) शरप (शेर्पा) को परिभाषा ११७
४८) भित्री विषय अन्तर्गत शेर्पाका सन्तानहरू ११८
४९) टाग्थोवाको वंशावली १२१
५०) लामा सेर्पाको वंशावली १२३
५१) शालगाका वंशावाली १२६
५२) च्हाग्पाको कुलदेउता १३०
५३) आचरण १३१
५४) हिड्ने र हिड्ने बाटो १३१
५५) बस्ने र बस्ने ठाउँ १३२
५६) भोजन र भोजन गर्ने पारा १३२
५७) सुत्ने र सुत्ने तरीका १३३
५८) खान लाउनमा विकास १३३
५९) लुगा र गर-गहना १३४
६०) धार्मिक सम्प्रदाय १३५
६१) घरबारीको विकाश १३६
६२) पशुपालन १३७
६३) क्रान्ति भएको १३८
६४) पहिलो पाद टिप्पणी १४१
६५) दोस्रो पाद टिप्पणी १६१
६६) केही महत्वपूर्ण तस्वीरहरु १६५
६७) स्रोत सामाग्रीहरु १६८

(पहिलो भाग)

ब्रह्मदण्ड नामक शेर्पा इतिहास

मंगल उच्चारण

पहिले नभएको ब्रह्मदण्ड नामक शेर्पाको धार्मिक इतिहास यहाँ प्रस्तुत गरिएको छ ।

आदिकालदेखि शुद्ध ३२ लक्षण[१] र असी अनुव्यञ्जन[२] प्रष्टिने बुद्धको रुपकाय[३], दुर्गन्ध रुपी बोली हटाउने अर्थयुक्त ६० ब्रह्मघोष[४]को बुद्धवाणी र यथार्थ देख्ने अविकल्पको बुद्धचित्त[५], उक्त तीनैकाय[६] एकीकृत जगत गुरुलाई शिर नत गर्दछु ।

देवमार्ग (आकाश) जस्ता गंभीर र विशाल प्राचीन (ञिंम)[७]को धार्मिक सिद्धान्तमा चन्द्र, सूर्य र ग्रह नक्षत्र गणले भरेझैं विद्वान् र सिद्ध पुरुष धेरै उदाएका छन् । (पाँच) महाभूत सांसारिक सबैलाई विस्तार हुने अवसर भएझैं पछि आगमन हुने धार्मिक सिद्धान्तका उद्‌गमस्थल हुन् ञिंम । चराहरू सारा आकाशमा उड्न खुशि गर्ने झैं शेर्पाहरूले ञिंम सम्प्रदायलाई हृदयदेखि श्रद्धा गर्दछन् । श्रावक[८]हरू स्वार्थ र बोधिसत्त्व[९]हरू परार्थमा लाग्छन् । मन्द बुद्धिको म चाहिँ हिमश्रृंखलामा पहिले नभएको शेर्पाको धार्मिक इतिहास लेख्न प्रस्ताव गर्दछु । बौद्ध सिद्धान्त राम्ररी अध्ययन गरेको आधारबाट आफू मन्द बुद्धिको भए पनि गुह्यमन्त्र प्राचीन ञिंम संम्प्रदायको धार्मिक परम्परा शेर्पाको प्रदेशमा कसरी प्रचार भएको हो, पहिले त्यस बारे व्याख्या गर्न चाहन्छु । मलाई वंश परम्पराका लामा गुरुहरूले आशीर्वाद प्रदान गर्नु होओस् ।

आरम्भ

अब यहाँबाट शेर्पाहरू विस्तार भएको र धार्मिक सम्प्रदाय प्रचार भएको विषयमा बताउँछु । सामान्य "धर्म" भन्ने शब्दको अर्थ लाग्ने विषयवस्तु १० (दश) छन् अर्थात् धर्म भनेको ज्ञेय, मार्ग, निर्वाण, मनोविषय, पुण्य, आयु, बुद्धवचन, समुद्भव, नियति र सम्प्रदाय हो भनी अभिधर्मकोष[१०] नामक ग्रन्थमा बताइएको छ । जस मध्येको यो अन्तिम हो । यसलाई नबुझेको, विपरीत बुझेको, एकांश बुझेको र राम्ररी बुझेको चार कारणले गर्दा वाह्य भित्रका सिद्धान्तहरू सूर्य र चन्द्र तथा नक्षत्र मण्डल जतिको संख्यामा उदाएका छन् । तिनीहरूको संख्या सामान्य लोकको ढुङ्गा, माटो र रुख विरुवाको संख्या समान भएको र आर्यको **नजरमा अचिन्त्य** धर्मताको गगनमा उदाई रात, दिन ६ प्रहार[११]मा जगत प्राणीका दुःख रुपी अन्धकार निवारण गर्ने र सत्यको स्थिति प्रष्ट देखेको जस्तरी मार्ग देशना गरिरहेका छन् । जस मध्ये यहाँ ब्याख्या गर्ने विषय चाहिं राम्ररी बोध भई त्यसबाट उत्पादन भएको धार्मिक सम्प्रदाय हो । तथापि कर्णपरम्परा[१२]को आगममाला[१३]बाट– "जिन[१४] (बुद्ध) हरू लोकमा आगमन हुँदा उहाँले देशना गरेको महावाणीहरू (त्रिपिटक) मा, वाह्य दुष्टप्रतिवादीहरू[१५]को केही आरोपहरू आउन सक्ने भएकाले पहिले भव संसारिक धर्मको वृतान्त बताउँछु" जसअनुसार सर्वप्रथम पूर्व खुम्बु प्रदेशमा जिन सम्बुद्धले देशना गरेका महावाणी (सद्धर्म) कसरी प्रचार भएको आधारमा बताउँनु पर्दा पहिले भएको मौखिक कथाको व्याख्या, बीचमा प्राप्त भएको अभिलेख, लेखनको व्याख्या र अन्तमा अहिले आफूले प्रत्यक्ष देखेर अनुभव गरी लेखेको गरी तीन विषय छन् ।

पहिलेको मौलिक कथनको व्याख्या

पोनलोब साङवा दोर्जे

पहिलेका बूढा पिढी शेर्पाहरूले अटूट रुपमा वर्णन गर्दै आएका मौखिक कथनहरू अहिलेका बूढा पाका शेर्पाहरूको कानमा परेकोले गर्दा तत्काल भएको मौखिक कथा यसरी बताउँछन् । शेर्पाका पुर्खाहरू पहिले नाङपाला[१६] (डाँडा) काटेर आउने बेलामा त्यस समूहमा लामा साङ्वादोर्जे[१७], लामा लुङसम्पा[१८], सेर्पादुङ्ग्यल्[१९], मिञग्पा मिछेन टग्पा[२०], च्याग्पा[२१], थमिवा[२२] आदि थर गोत्रका शेर्पाहरू सम्मिलित थिए । त्यसमध्ये लामा साङ्वा दोर्जे र लामा लुङ्सम्पा दुई चाहिँ खामकाथोग[२३]को गुरु परम्पराको धर्ममात्र मान्ने गुरु भएकाले दक्षसिद्ध प्राप्त भएको र भएको हुँदा खुम्बुको पवित्र भूमि नामखाजोङ आदि स्थानमा उहाँले लामो समयसम्म ध्यान गरी बस्नु भयो । उहाँले राम्रो कर्म भएका चेलाहरूको नजरमा भीरमा पदचिन्ह राख्ने, भीरको ढुङ्गाहरू पातो बनाई छाना

छाउने र बूढा कुकूरहरू पनि बाघ, भालुको रुपमा परिणत गरी देखाइ दिने आदि सिद्धि प्राप्त गरेको लक्षण र चार युगल ऋद्धि[२४] (शक्ति) हरू देखाइदिनुहुन्थ्यो । जसको माध्यमबाट शिष्यहरूलाई मुक्ति र सर्वज्ञको मार्गमा उद्धार गर्नुभयो । उहाँको शिष्य र त्यस वंश परम्परालाई मान्ने हरू सेर्पादुङग्यालको जेठा छोरा फागचे र मिछेन टागपाको छोरा डुगतारे, यसको छोरा चुनछ्युङ टशि आदि अधिकांश शेर्पाहरू तथा उता तिब्बतपट्टि चाङलातो तर्फका भोटेहरू पनि धेरै संख्यामा सम्मिलित भएको कथन छ ।

बुद्ध छ्यानचेनको जेठा सङ्वा दोर्जे, माहिला रोल्पा दोर्जे र कान्छा खेनपा दोर्जे गरी तीन जना छोराहरू भए । यी बाबु छोराहरू पहिले खुम्बु तिर आउनु हुँदा त्यस दिशामा अरू मानिसहरू कोहि नभएकाले त्यहाँ बस्न कुनै किसिमको बाधा व्यवधान थिएन । पश्चात् भोटको उचाङ मार्फत आएको खम्पाहरू पनि क्रमशः त्यहाँ बस्न लागे । त्यसरी भोटबाट आएका मानिसहरू बसेको कारण मात्रको आधारबाट खुम्बुको उक्त दिशाहरू भोटका अधीनमा पर्छ भनी भोटका उचाङप्रदेशबाट अधिकरण गरी अधीनमा लिन लाग्दा त्यसपछि त्यो कुरा नेपाल राजाले सुनेर टोली पठाई गहिरिएर अध्ययन अनुसन्धान गर्दा पाउनु पर्ने अधिकार र जमिनको नक्सा आदि जहाँबाट हेरे पनि भोटका अधीनमा नपर्ने देखेपछि, तत्काल थलसेना पठाइदिंदा भोटेहरू उक्त स्थान छोडेर स्वदेशतिर फर्केर गए । अनि जति भएका खम्पाहरू चाहिँ स्थानीय बासिन्दाहरूसंग मेलमिलाप गरी बसेका थिए ।

तत्पश्चात् कोहिले जीविकाको साधन बटुल्ने र कोहिले धर्मसाधना[२५] गर्ने काम गर्दा लामा सङ्वा दोर्जेले सिद्धि प्राप्त गरी टामा (डामा) को गहिरोबाट आकाशमा उडेर आजकल तेङपोछे[२६] भन्ने अरण्य (धार्मिकस्थल) को एउटा ढुङ्गामाथि उत्रिनलाग्दा त्यो ढुङ्गाबाट खुट्टा चिप्लेर तेङगरी टेक्ना लाग्दा दुईटै कुर्कुचोको पदचिन्ह त्यस ढुङ्गामा बसेकाले त्यस रिठो (स्थान)को नाम पनि तिङज्ये (कुर्कुचो)को पदचिन्ह भएको अरण्य भन्ने भए । त्यसपछि लामा साङवा दोर्जे त्यहाँ

४ / ले. खेन्पो सङ्गे त्यन्जीन लामा शेर्पा / अ. आचार्य ङग्वाङ वोशेर लामा शेर्पा

खुट्टा चिप्लेको कारणले अलक्षण संझेर त्यहाँ नबसी त्यस स्थानको भविष्य वाणी गरी फेरी उडेर पाङपोछे पट्टि पाल्नु भयो र त्यहाँ धर्म साधना (तपस्या) गरी बसे । त्यस बेला भारतपट्टिबाट एउटा महाकाल उडेर आई लामाको छेउमा बस्दा लामालाई अलिक डर लागेको जस्तो अनुभव हुँदा महाकालको मुखारबिन्दबाट "म तिम्रो इष्टदेवता हुँ, डराउनु पर्दैन" भनी आज्ञा भयो । त्यहाँदेखि आजसम्म त्यो "वाणी बोलेको महाकाल" भनी प्रख्यात भएको छ । त्यसपछि लामा साङवा दोर्जेले पाङपोक्षेमा गोम्पा स्थापना गरी अघिको वाणी बोल्ने महाकाललाई त्यस गोम्पा भित्रको मूलप्रतिष्ठान (देवताको रुप) मा स्थापित गरे । त्यस गोम्पाको नाम "पालरिवो गोम्पा" राखे । त्यति मात्र नभई खुम्बु पट्टिको प्रथम गोम्पा पनि यहि भएकोले धार्मिक क्षेत्रमा यो निकै प्रसिद्ध भएको मानिन्छ ।

त्यसपछि लामा रोल्पादोर्जेले पनि थाङम्य अरण्य (धार्मिक स्थल) मा नयाँ गोम्पा स्थापना गरे । आजकाल त्यो गोम्पाको नाम "देछेन छ्चोखोर लिङ" भनिन्छ । त्यसैबेला लामा खेनपादोर्जेले पनि खुम्बुको तल, रिम्यज्योङ भन्ने ठाउँमा गोम्पा स्थापना गरेर गोम्पाको नाम "पद्म छ्चोलिङ" राखे । यसरी ती तीनै भाइ लामाहरूले एक एकवटा गोम्पा स्थापना गरेका मात्र नभई तीनै जनाले एक एकवटा ऋद्धि (शक्ति) पनि प्रदर्शन गरे । लामा साङवा दोर्जेले उत्तर वस्त्र (पछ्यौरा) घामको किरणमा झुण्ड्याएर शक्ति देखाएको, रोल्पा दोर्जेले लोहाको भाला गाँठो पारी शक्ति देखाएको र खेनपा दोर्जेले सातवटा ओवा चाङ लगाएको माथि काँसको ताराको मूर्तिराखी शक्ति देखाएर विनेय (शिष्य) हरू चकित पारे । यी आश्चर्य जनक बस्तुहरू हाल पनि आ-आफूले स्थापना गरेका गोम्पाहरू भित्र महत्वपूर्ण प्रतिष्ठानको रुपमा स्थपाना गरेको दर्शन गर्न पाइन्छ । ती तीन भाइ मध्ये रोल्पादोर्जे र खेनपा दोर्जे दुई चाहिं खुम्बु प्रदेशमा परलोक हुनु भयो । साङवा दोर्जे चाहिं भोटको दिङरी तिर बिनेयजन (शिष्य) हरूको हितका लागि पाल्नु हुँदा त्यस दिशा तिरै परलोक हुनु भयो । उहाँका शव पोल्दा चित्त (मुटु),

जिभ्रो र आँखा तीनले आगो नलिई पुण्यवान शिष्यहरूको भागमा परिरहेका थिए। ती काय अस्तु[२७]को प्रतीक मानेका चीजहरू चैत्याकार मा निर्माण गरेको सन्दूकमा राखेको पछि शेर्पाहरूले लिएर आई लामा गुरु आफैले निर्माण गर्नुभएको पाङपोछे गोम्पामा प्रतिष्ठित गराएको आज पनि यथावत रुपमा रहेको छ।

यसरी लामा साङवा दोर्जेले काय, वाक, चित्त, गुण र कर्मको पाँच डुब्न्य (धर्मसाधन) गर्ने स्थान र गुफाहरू स्थापना गरी त्यसको आधारबाट बुद्ध शासन र प्राणीको हित हुने काम अचिंत्य[२८] (असंख्य) भएको छ। त्यसैको आधारबाट उक्त सुकीर्तिको यशले दशै दिशा ढाकिएको छ। त्यसो हुँदा जारोङ फूको लामा ङग्वाङ तेनजीन नोर्बुले "विद्याधर[२९] सिद्ध धेरैको डुबन्य (धर्मसाधन गर्ने स्थान) भएको खुम्बुको हिमश्रृंखलामा पद्मसंभवको उत्तराधिकारी, रत्नलिङपा[३०]को छैंठौ कायावली, कोडो जिगटाल जङपोको चित्तपुत्र (शिष्य) युडा त्रिंपोको निर्माणकाय पोनलोब (गुरु नायक) साङवा दोर्जे भन्ने शुभनामले प्रसिद्ध भएको आगमन भएको छ, उहाँले भोटको सीमानाको सम्पूर्ण विनेयजन (शिष्य) हरू परिपक्व पारी मुक्तिको मार्गमा लगाउनको लागि त्यस स्थानमा धेरै डुब्न्य[३१] (साधन गर्ने स्थल) स्थापना गरेको हो। त्यो मन्त्रधर साङ्वा दोर्जे सोलुखुम्बुको मन्त्रधर बुद्ध छ्यानच्यानको पुत्ररत्नमा जन्मनु भएको छ" भनि भन्नुभएको छ। अन्तमा यो लामा नाडीवायु[३२] (तान्त्रिक विद्या) मा अभ्यस्त भएको परिणाम स्वरूप दरसन्तान नभएको हो भनिन्छ। यसको अर्को दुई भाइ र लामा लुङसम्पा आदिको चाहिँ सन्तान भएका छन्। त्यसको आधारबाट बुद्ध शासन र जगतहित गर्ने काम अविछिन्न रुपमा विस्तार भएको छ भनी भनिएको छ। *यो गोम्पाको फोटो पेज नं. १६५ मा हेर्नुहोला।*

थिम्मि जाङ्पोटशिको पुत्र फछेन

पहिले आभाश्वर देवलोक[३३]बाट आएको देव वंशज, ऋृद्धिमान, राति प्रभाश्वरको भावमा बस्ने र दिउँसो भीरमा विलीन भई बस्ने मानिस थिम्मी जाङपो टशि भन्ने पूर्व दोखामको दिशामा अभिर्भुत भएको थियो । उहाँ क्रमशः उचाङ हुँदै लातो टाचे जोङ (जिल्ला) मा आइ पुगे । उहाँको छेरा फछेन भन्ने मुखबाट फट् मन्त्र उच्चारण गरेको मात्रले पूर्ववादी (शत्रु) हरू लडेर जाने शक्ति भएको हुनु-हुन्थ्यो । उहाँ नाङपाला (डाँडा) काटेर सोलुखुम्बु क्षेत्रमा आई हाल नाम्चे नजिकै त्यही एउटा गुफामा ध्यान गरेर बस्दा एक दिन अमनुष्यको सेना आई उहाँ बसेको गुफामा आगो लगाई दियो । उहाँ ऋृद्धि (शक्ति) बलले गुफा अवरोध रहित पारी अन्तरिक्षमा उडेर टाढाको एउटा जंगलमा उत्रिए । त्यसैले त्यो जंगलको नाम फुरतेग (उडेको डाँडा) भनिएको छ यो नाम्चेबाट थाङम्या जाने बाटोमा पर्छ ।

त्यसै गरी उहाँ एकपटक खुम्बुको तल्लो क्षेत्र शोङरोङतिर पाल्नु भई केही महिना त्यहीं बसे । त्यसपछि उँभो खुम्बुमा फर्केर जाँदा बाटोमा करीला भन्ने डाँडामा पुग्दा टाढाबाट आईमाई कराएको स्वर कर्णेन्द्रीयमा पऱ्यो । त्यसको कारण बुझ्न त्यो स्वर पछ्याउदै २/३ कोशसम्म जाँदा त्यो स्वर आफ्नो श्रीमती ज्योमो अपीजुगम्यानमाको भएको बुझे । तत्काल प्रतिवेक्षनज्ञान[३४]को स्वपराक्रम राग रुपी उपायको आभास नरोकी बढेर मुखबाट गुह्यमंत्रको संकेत स्वरूप अटुट (मन्त्र) पाठ गर्दा पंचमहाभूतलाई मातृको रुपमा देखे । त्यस भावको चर्याले उत्तेजित गुह्यवज्र एउटा चट्टानमा घुसार्दा मातृको विशाल भग (योनी)

को मध्यमा पुगेको महासुख, शून्यता चार युगल आनन्द[३५]को ज्ञान प्रत्यक्ष अनुभव भयो । त्यसैको चिन्ह (संकेत) स्वरूप गुह्यवज्र नअडकी ढुंग भित्र गएको चिन्ह प्रष्ट निस्केको आजकल पनि देख्न पाइन्छ ।

त्यति मात्र नभई फछेनले एकदम मन्त्र पाठ गरेको ज्योमो अपीजुगम्यनमाले लमडो (स्थानको) घना जंगल डोदोङला भन्ने डाँडादेखि सुनें, अझ राम्ररी सुन्दै आधाकोश जति तल झर्दा सारा आभास अभिन्न भावना उपयरुपी महासुखको स्वभावमा देखिन् । गुह्यपद्म एउटा चट्टानमा दल्दा उपायप्रज्ञा अभिन्न भएको महासुख पंचज्ञानात्मक भएको स्पष्ट अनुभव भयो । जसको संकेत स्वरूप त्यस ढुंगामा अतिविशाल दोश्रो गुह्यपद्म (योनी) नयाँ निस्केको जस्तो आज सम्म पनि सबैले देख्न सकिने अवस्थामा छ ।



लहरे माणि

८ / ले. खेन्पो सङ्गे त्यन्जीन लामा शेर्पा / अ. आचार्य डग्वाङ वोशेर लामा शेर्पा

च्हाग्पोन साङग्या पालज्योर

च्हाग्पोन सङग्यपालज्योरले लेखेको आमारुपी (मूल) कागजको आधारबाट विस्तार गरी छोरारुपी (वृत्ति) कागज, कर्मजुङले लेखेको हो भनिने पाइएको छ । त्यसबाट केहि धार्मिक कथाहरू यसरी बताएका छन् ।

च्यग मिञाग दोङखारिङमोको कान्छो छोरा च्हाग्पोन साङग्या पालज्योरले बाल्यकालमा नै निधिपति रत्नलिङपा (सन् १४०३-१४७९) को समक्ष टुप्पी चढाई निधिपतिको सेवा गरी लामो समयसम्म उहाँको अनुसरण गरेर प्राचीन (ञिङ्म) को तीन तंत्र वर्गको धर्मग्रथ लगायतका संपूर्ण सद्धर्मका ग्रंथहरू विस्तृत रुपमा श्रवण, मनन र भावना (अभ्यास) गरे । उहाँले दोखाम दोम गाउँको दोम्पा नछोग दरपोको सुपुत्री दावा पाल्मो गृहिणीमा ग्रहण गरेको थियो । त्यस पछि भविष्यवाणी अनुसार भोटको उचाङ (मध्यप्रदेश)मा पाल्नु भई दोल शेलफुको माथिल्लो टुप्पोमा गोम्पा संस्थापना गरे । त्यसबाट उहाँको विद्वत्ताको सुमधुर कृति देशको माथि र तल सबैतिर फैलियो । उहाँको शिष्यत्वमा पुत्ररुपी अन्य शिष्यहरू समाबेश भएको मात्र नभई ञिमा दोर्जे र दुज्योम दोर्जे नामक दुई छोराहरू पनि क्रमश: जन्मनु भयो । आफ्ना पिता दोङखारिङमो लाई सद्धर्म महाशान्ति (जोग्पाछेनपो)को दर्शन परिचित गराउँदा पिताले स्वचित्त धर्मकायमा मुक्तगरी बोध भएको प्रत्यक्ष अनुभव गर्नुभयो । उहाँले भविष्यको स्थिति बुझी लातो च्याङ रिवोको दिशामा बाबु, दाजू-भाइ र आफन्तहरू लिएर आउँदा निधिपति शिगपो लिङपाको प्रत्यक्ष दर्शी चेला सिद्धि प्राप्त च्यगशमपा वा थाङ्तोङ् ग्यालपोसंग

दर्शन भेट भयो । त्यही बाबु दोङखा रिङमो स्वर्गारोहण भएकाले मूलकुशलपुण्यहरू उहाँका मनोभावना पूर्ण गर्ने कामको लागि लक्षित गरी तीन तल्ले चैत्य स्थापना गरे । त्यसको धारणीमा पनि कायिक अबलम्बनको रुपमा राम्रो सुन गालेर बनाएको गुरु पद्मसंभवको मूर्ति १ वित्ताको एउटा, वाणी अलम्बनमा कग्युर (बुद्ध बचन) का ग्रन्थहरू र त्यनग्युर (बौद्ध वाङमय) का सम्पूर्ण ग्रन्थहरू तथा चित्त अलम्बनको रुपमा उँभोको आधाभाग सुन र उँधोको आधाभाग चाँदीबाट बनाएको कलशमा भारतको देवअवतरण चैत्य भित्र भएको एकमाना मोति राखेर चढाएँ । गुण र कर्म अलम्बनको रुपमा तीन तीर्थस्थलको नाना प्रकारका महत्वपूर्ण माटो, नाना प्रकारका महत्त्वपूर्ण ढुङ्गा र नाना प्रकारका अन्नको गेडागुडी आदि असंख्य रत्नले महाचैत्यको भित्री भाग पूर्ण गराई भराई महासिद्ध थाङतोङ ग्याल्पो र च्हाग्पोन साङ्या पालज्योर दुबैले स्तूपको राबन्य (प्राणप्रतिष्ठान) गर्नुभएको थियो ।

त्यही बेला ल्होटाग (दक्षिणभीर) बाट निधिपति गुरु छ्चोक्यी वाङपोको वंशज, गुरु छ्चोदेनको पुत्र ङाग्छाङ ग्यगरवा भन्ने उहाँ च्हाग्पोन साङग्या पाल्ज्योरको उपचरणमा दर्शन गर्न आउनु भयो । उहाँबाट रत्न लिङपाको धार्मिक पुस्तकहरू अष्टहेरुक र यमान्तक आदिको विषयमा सम्पूर्ण श्रवन मनन (अध्ययन) गरे । अनि च्हाग्पोन साङग्यपालज्योरले ङाग्क्षाङ ग्यागरवा र आफ्नो सुपुत्र दुज्योम दोर्जे दुवै लाई धार्मिक विषयमा भविष्य वाणी गर्नुभयो कि– "तिमी दुई जारोङफु हिमाल नजिकैको सामने, गुरु पद्मसंभवको बेन्य (गोप्य रुपमा राखेको पवित्रस्थान) निधिपति रत्नलिङपाको डुबन्य (साधनस्थान) खुम्बु भन्ने गाउँको माथि लेकमा पाङपोछे र दिङपोछे भन्ने दुईटा अरण्य[३६] (धार्मिकस्थान) छ, धर्म साधन गर्न त्यही जानू" भनेर रत्न लिङपाको शारीरिक अस्तुबाट निस्केको अक्षर र क्येदुन अ[३७] (सात जन्मसम्म ब्रह्मचर्या भएको ब्राह्मणको जन्म मुद्रा "अ" भएको र भौतिक शरीरको औषधि बनाउने विधिका शिक्षाहरूको विस्तारमा देशना गरेर पठाउनु भयो । त्यसपछि उहाँहरू खुम्बुको त्यस दिशामा आउनु भई

ङागक्षाङ ग्यगरवाले दिङपोछेमा र च्हाग्पोन दुज्योमले पाङपोछेमा ध्यान गरी बसे । केही वर्ष विते पछि एक दिन सपनामा नीलो वर्णकी केटीले ती दुई साधकहरूलाई यसरी भविष्यवाणी गरिन् कि "तिमी दुई यहाँ बसेर मात्र हुँदैन, ध्यानस्थान अर्को खोज्ने बेला भयो । यहाँबाट धेरै गाउँ र डाँडा काटेर गएको तल, विभिन्न अन्न उब्जाउ हुने जग्गा नेपाल र भोटको सीमाना खठयानमोन (किराँत) को नजिक रहेको स्थान बेन्य[३८] (गोप्य रुपमा राखेको पवित्रस्थान) खेनपालुङको भित्ता (पाखा) ज्योवो टशि पालपुङको अगाडि ठूलो बालवाढीको छेउमा पछाडिको पहाड सिंह उभेको जस्तो, सामुन्ने (अगाडि) को पहाड प्रज्वलित मणिजस्तो स्थान छ । त्यहाँ तिमी दुईको विनेयक्षेत्र[३९] (शिष्य) र कर्मक्षेत्र विस्तार हुनेछ त्यहाँ जानुहोस्" भनिन् । त्यसपछि ती दुई भाइले यसरी भविष्यवाणी गरेको स्थान शोङरोङ (सोलु) गोनज्योङ (जुनवेशी) को नजिकैमा रहेको स्थानमा जानु भै आ-आफूले गोनपा स्थापना गरी धर्म प्रचार प्रसार गर्ने काममा लागेका थिए भनी बताएको छ । त्यस कागजमा लेखेको अनुसार गरेमा उपरोक्त लामा साङवा दोर्जे, सेर्पा दुङयाल र मिञग्पा मिछेन टग्पा आदि खुम्बु क्षेत्रमा आगमन भएको समय भन्दा २०० वर्ष जति पछि यो स्थिति भएको देखिन्छ[१] ।

लामा सङवा दोर्जे लगायत खुम्बु क्षेत्रमा आउनु भएका केही लामाहरूको बृतान्त यसरी बताएको छ । लामा साङवा दोर्जेको प्रमुख पुत्रशिष्य लामा फागचे र लामा चुनक्षुङ टशि दुईको बारेमा कहानी यसरी बताएको छ । यी दुई लामाहरू श्रीमती छोरा तथा परिवारहरू सबै लिएर माथिल्लो खुम्बुबाट लुमटीङ हुँदै खुम्बुको तल्लो शोरोङतिर आउनु भयो । लामा फागचेको परिवार चाहि चयिमा भन्ने ठाउँमा बसोबास गरेर पछि बिस्तारै छ्यगरुम्खा भन्ने ठाउँमा सरेको थियो । त्यति मात्र नभई उहाँको आफ्नो पुर्खाको पालादेखि मान्ने परम्परा भएको एउटा सेतो नागिनी थिइन् । त्यो पनि आजकल लुमोइतेङ भन्ने

---

१ उक्त समय १४ औं शताब्दीको शुरुतिर भएको टाग्थोवाहरूको जिज्यू डुब्थोब् थाङतोङ ग्याल्पोको जीवनीबाट बुझिन्छ । शेर्पाहरूको इतिहास र संस्कृति, जिल्ला कार्य समिति सुनसरी, धरान, वि.सं. २०५८

स्थानमा एउटा विशेष ढुङ्गाको चिन्ह भएकोमा त्यही प्रतिष्ठित गरी धर्मपाल[४०]को रुपमा मान्ने गरेको पाइन्छ ।

लामा चुनक्षुङ टशिको सपरिवार चाहि शोङरोङको टागथोगबुग भन्ने माथितिर भीर सिंहको नाक जस्तो भएको त्यसमाथि बसी त्यही गोम्प स्थापना गरियो । यो लामामा अभिज्ञ[४१] (परज्ञान) र क्रृद्धि (शक्ति) भएको हुनाले एकदिन एउटा नयाँ पुत्रशिष्य टागथोगबुगमा गई एक भारी जाँड लिएर आइरहेको बेला बाटोमा तिर्खा लागेर जाडको निगार अलिकति पिएको यथावत बुझ्नु भएको आदि प्रसिद्धि छ ।

त्यसपछि उहाँका ठूलो छोरा गोन्पोदोर्जे टागदोगबुगमा सरेको थियो । उहाँको आफ्नो पुर्खाको पालादेखि मान्ने परम्परा भएको म्यनचुन बुमो नामकी देवी थिइन् । त्यसलाई आजकल लाङते भन्ने अति उच्च र रमाइलो पर्वतको माथि विभिन्न किसिमको पदचिन्ह भएको चट्टान छ, त्यसको मुनिबाट औषधी पानी निस्की रहेको छ त्यस ठाउँमा प्रतिष्ठित गरी मान्ने गरेको छ । लामा चुनक्षुङ टशिको गोम्पाको नाम पुचिग गोम्पा राखेको थियो । त्यो गोम्पाको पछाडि पट्टिको पर्वत अति उच्च वैदिक ग्रंथबाट बताएको विन्ध्याचल पर्वत जस्तो छ, त्यसको टुप्पोमा एउटा चट्टान माथि दायाँ खुट्टाको पैदल चिन्ह प्रष्ट भएको छ । जस्तै पैदलमा तेल लगाई ढिंडो माथिबाट थिचेको जस्तो देखिन्छ । त्यसै गरी त्यो गोम्पाको दायाँ पट्टि अन्धकारमा ध्यान बस्ने गुफा[४२] (मुनछाम) हो भन्ने एउटा ठाउँ छ । त्यो एकदम गहिरो भएकोले दिउँसो भएपनि तिलको गेडा जति स्थान पनि उज्यालो देख्दैन । भित्र जाने बाटो साँगुरो भएकाले भित्र जान एकदम कष्ट छ । सर्प जस्तरी घस्रेर जानु पर्ने र भित्र भने तीन चारजना मानिस राम्ररी अटाउने ठूलो स्थान छ । त्यसमा तह तहका ढुंङ्गाको दराज आदि निकै अचम्म लाग्ने आकृतिहरू रहेका छन् । उपरोक्त लामा चुनक्षुङ टशिको गोम्पाको बायाँ पट्टि डाँडामा ढुङ्गाको चट्टान माथि शुद्ध जलकुण्ड छ । त्यो पिएमा दशजना मानिसको तिर्खा मेटाउन सक्ने अति सङलो जल छ । त्यो पानी कहिल्यै घटीबढि हुँदैन अर्थात् एउटै तहमा रही

रहन्छ । त्यसलाई भेडा गोठाला, चौरी गोठाला र शिकारी आदिले फलफूल, धूप अर्पण गरी प्रार्थना गरी पुज्ने चलन छ । त्यो जलको एक छेउमा टुटफुट र ढुङ्गाको फोहोर आदिको दोष केही नभएको एउटा सेतो भीर छ । त्यसको भित्तामा हत्केला जतिको, एकपट्टिको आँखा नानीको चिन्ह छ । त्यसको आकार उवाको गेडा जत्रो, जीवित मृगको आँखा भन्दा चम्किलो देखि रहेको छ । त्यस्तै त्यो गोम्पाको आसपासमा जहाँ-तहीं प्राकृतिक चैत्य, ढुंङ्गा माथि घोडाको पाइलो राखेको, एक हजार मानिस अट्ने गुफामा वितान[४३] र वस्त्र अलम्बनले सजाएको चारसुरे ढोका भएको आदि आश्चर्य जनक निशान (शकुन) हरू एकदम धेरै छन् ।

उपरोक्त लामा फाग्चे बस्नु भएको दिशातिर पनि प्रकृति र सिद्धगुरुको शुभ लक्षण चिन्हहरू अत्यन्त धेरै भएको बारे छोटकरीमा व्याख्या गरेको यस्तो छ । छ्याागरुमखाको दक्षिणतिर सिंह झम्टेको जस्तै भीरको भित्तामा प्रष्ट देखिने एउटा हस्त चिन्ह रहेकोछ । त्यसबारे को मौखिक कथन यस्तो छ ।

पहिले एउटा लामाले हस्तचिन्ह राखेको सेङ्गेफुग भन्ने भीरको अगाडि एउटा अति खरो (उग्र) पोखरी थियो । त्यसको छेउछाउमा दिउँसो पनि मानिसहरू यता उता गर्न र बातचित गर्न नदिने उग्र थियो । लामाले साधना र यज्ञ[४४]को माध्यमबाट पोखरीको तालदेव दमन गरी त्यसको परिणाम उपर्युक्त हस्तचिन्ह राखेको हो भनिन्छ । पछि तालालाई काटेर पठाउँदा आजकल आकर्षक औषधिको विरुवा उम्रेर जंगल भएको छ । त्यसको बीचबाट अन्द्रबटारेको जस्तो नागबेलीको पाराले बांगोटिंगो हुँदै पानी बगिरहेको छ । त्यसैले आजकल त्यस ठाउँको नाम नै "क्षुग्युमीनाङ" (अन्द्र भित्रको पानी) भन्दछन् । त्यसपछि त्यो लामाले गाङजारगाङल्वुग[४५] (यज्ञको ढाडु पुन्ने) आदि सरसामान बोकेर त्यो डाँडाको दायाँबाट घुम्दै ऋद्धि शक्ति प्रदर्शन गर्दै जानु हुँदा बाटोमा पर्ने त्यस्तै अर्को पोखरी पनि ऋद्धि शक्तिद्वारा सुकाई पोखरीको जल देवतालाई वाचा वन्धनमा राख्नु भएको

पाइन्छ । त्यसैले त्यस ठाउँलाई आजकल छोनाङ (पोखरी भित्र) भनिन्छ । त्यसमा देवता बसेको एउटा ढुङ्गाको प्रतीक (चिन्ह) पनि छ । त्यसबाट समय समयमा आगोको ज्वाला निस्किने, गोरुको आवाज निस्कने आदि सबैले देख्ने र सुन्ने गरेको छ भनिन्छ । त्यहाँबाट उत्तर तिर अलिकति गएपछि दायाँ दिशामा ढुङ्गाको चट्टान यागको शव जत्रो रहेको छ । त्यसमाथि लामाले गाङजार गाङलुग ४ कोण गरी जोडेर राखेको चिन्ह आजकल पनि त्यस चट्टानमा स्पष्ट देख्न सकिन्छ । लामा आफू पनि एउटा ढुङ्गामाथि बसेर आराम गर्दा, उहाँको जीउको छाप (चिन्ह) पनि ढुङ्गामा प्रष्ट देख्ने भएको छ । ठीक त्यसैको सामुन्नेमा अर्को एउटा अति गहिरो ताल भएको र त्यस भित्रबाट अमनुष्य तालपति निस्केर लामामाथि आक्रमण गर्न आउँदा लामाले तत्काल ढ्याङग्रो र दण्ड सहितको हस्तचिन्ह[४६] पोखरीमा फालेका थिए । जसले गर्दा अमनुष्य (दुष्टभूत) त्यही अलप भयो, ढ्याङग्रोले ताल भित्र लागेर प्रभाव पारेको चिन्ह आजकल पनि राम्ररी देख्न सकिने छ ।

त्यसै गरी लामा फाग्चे पहिले त्यहाँ आउदा घोडा बाँधेको भन्ने एउटा ठाडो ढुङ्गा रहेको छ । त्यो ढुङ्गा उनको ऋद्धिशक्तिले उँभो ठाडो पारेको होला, यसको अतिरिक्त आजकल त्यस ढुङ्गालाई आफूखुशी कसैले उठाउन सकिने खालको भने छैन । त्यसपछि लामा फाग्चे त्यही ठाउँमा बसिरहेको बेला एउटा पुत्ररत्न प्राप्त भयो । उहाँको त्यो पुत्ररत्नको शुभ नाम दोर्जे जाङपो नामकरण गरियो । त्यसले क्रमश: पिताबाट लामो समयसम्म श्रवन मनन (शिक्षा) ग्रहण गर्दै त्यस ठाउँ र त्यस दिशामा सुकृति फैलाइरहेको अवस्थामा पिता लामा फाग्चेको स्वर्गारोहण भयो ।

दोर्जे जाङपोको जीवनी

फारतेका पुत्र दोर्जे जाङपोले विनेयजन (शिष्य) हरूलाई पालन पोषण र धर्म देशना दिने गरिरहेको बेला पहिले दक्षिण खामल्होटागटाङ तथा खामश्वमोदुलदुमस्थानबाट पाल्नु भएको माथिल्लो र तल्लो गाउँको लामा गोन्पाबाट छुटेर आएका लामाहरू आजकल च्यिवाङ गोम्पा स्थापना गरेको अरण्य (धार्मिक स्थान) को दिशामा बसिरहेका थिए । तत्काल विस्तारै यिनीहरूको सुकृति कम हुँदै गएकाले डाहले ओतप्रोत विनाशमय कुबिचारहरू प्रकट भयो ।

लामा दोर्जे जाङपोको शुभनाम सुकृति बिगार्न चाहने कुविचार-कहरूले कसरी आफ्नो कुकर्म सफल होला र त्यसका लागि के उपाय गरौं भन्ने बारे सर सल्लाह गर्न त्यस पक्षीय केही मानिस एकठाउँमा जम्मा भए । तिनीहरू आपसमा छलफल गर्दा एउटा धूर्तले यसरी उपाय निकालेर भने । तपाई लामा गोन्पाहरूको यस्तो योजना छ भने मलाई बिचार गर्न दिनुहोस् भन्दा लामा गोम्पाहरूले भने । आजकल सेर्पा लामाहरूको विद्वत्ताको कृति र ऋद्धि (शक्ति) अति फैलिएको पारा छ । महान् र ठूलो भएर आएका छन् । हामी गुरु शिष्यहरूले उनीसंग तुलना गर्न सक्ला ? भन्दा फेरि दुष्ट मानिसले कुरा अघि साऱ्यों "लामा सेर्पाको बाबु त मऱ्यो, छोरा चाहिसंग तुलना गर्ने जिम्मा म लिन्छु" भनी त्यस कामको जिम्मा लिए । एकदिन त्यो दुष्ट, लामा सेर्पालाई आमण्त्रण गर्ने निहुँले लामा सेर्पा कहाँ गएर बिन्ति गरे "गुरुरत्न ! आजकल च्यिवाङको त्यो ठूलो भीरको भित्तामा विशेष गिद्धको गुँढ रहेछ । त्यसलाई लिने उपाय तपाई सेर्पा लामा र गोन्पाहरूले विचार विमर्श नगरे हामी जस्ता गृहस्थी मूर्खहरूले के उपाय गर्ने ?

अहिले त्यो गिद्धको गुँढ निकाल्न सकेमा हामी गुरु शिष्यको नाम कीर्ति विश्वमा प्रचार भई अक्षय धन सम्पत्तिको भण्डारमा अधिकार गर्न पाउने कुरा सवैतिर प्रचार भै रहेको छ भनी विन्ति गरे । यसरी

बिन्ति गर्दा लामा सेर्पाले भन्यो "यदि त्यो कुरा सत्य हो भने त्यो लिन सक्तैन भन्ने केही छैन । त्यसको लागि तिमीले त्यो गिद्धको गुँढसम्म पुग्ने डोरी तयार गर । म पछि आउछु" भनि उनलाई अगाडि पठाए । त्यसको केही दिन पछि लामा सेर्पा च्यिवाङ डाँडामा जानु भई लामा गोन्पाहरूसंग सरसल्लाह गर्दा लामा गोन्पाहरूले आफूहरूमा त्यस्तो कुनै सिप एवं शक्ति नभएको र असक्षम भएको बताउदै लामा सेर्पालाई नै भीरमा तल जानुपर्ने सल्लाह दिंदै तपाईं बाहेक अरु कसैले त्यो काम गर्न नसक्ने थाहा भएकै कुरा हो भनी प्रष्ट पारे । लामा सेर्पाले "त्यसो हो भने म नै जान्छु" भनी कामको जिम्मा लिंदै । "आज देवताको सल्लाह रुपी लागि रहेको सेतो बादललाई राक्षसको सल्लाह रुपी हावाले धोखा नदिउन्" भनी गुरुशिष्य सबैले खुशी र आनन्दसाथ स्थानीय भूमिपतिलाई सगुन राखी काम सफलताको लागि देवताको शरणमा परे । उहाँले त्यस काममा खड्ग आदि हतहतियार कसैले बोक्न र प्रयोग गर्न नपाईने शर्त पनि राखे । लामा सेर्पा र पहिलेको दुष्ट मानिस दुई जनामात्र भीरमाथि गएर डोरी रुखमा बलियो गरी बाँधे ।

त्यसपछि लामा सेर्पाले कसैले डोरीमा हात लगाउन नपाइने शर्त राखेको र सोही अनुरुप नजिकको दुष्ट मान्छेले पनि वाचा गरे । त्यसपछि लामा सेर्पाले आफ्नो पुर्खाको पालादेखि प्रयोग गरिरहेको एउटा महत्वपूर्ण निधिकील[४७] कम्मरमा बाँधे । अनि डोरीमा झुण्डिए भीरतिर झरे । तत्कालै त्यो दुष्ट मानिसले चक्माबाट आगो निकालेर डोरी जलाउन लाग्दा आगोको गन्ध लामा सेर्पाको नाकमा पऱ्यो र उनलाई शंका लागी हत्तपत्त कम्मरमा भएको निधिकील निकालेर भीरमा ठोकी डोरीलाई त्यसमा राम्ररी बटारी समातेर बसे, केही क्षणमै डोरी चुँडिदा माथिका दुष्ट मानिस खुशी भएर यसरी नारा लगाउन लागे "देवताको जय होस् । आजको दिनदेखि लामा सेर्पाको शासन खतम (अन्त्य) भयो । लामा गोन्पाको शासन फैलियोस् ।" त्यसरी जय जय गर्दै लामा गोनपा भएकोमा गए ।

लामा सेर्पा त्यहि तलतिर झरेको डोरीको सहयोगले तल उत्रिएर एउटा काठको कीलो लिएर माथि उक्लिए । आफ्नो पुर्खाको निधिकील लिएर ओर्लिएर भागे । भोलिपल्ट त्यो दुष्टमानिस चाहि लामा सेर्पा मरेको लाश र त्यसको हालत बुझ्न तथा कसरी मरेछ भनी हेर्न भीरमुनि पुगे तर त्यसको परिणाम उल्टो भएको थियो । त्यसपछि उनी डर त्रासको भावमा दौडेर लामा गोन्पा भएकोमा पुगे । त्यसको सारा घटना स्थिति उहाँलाई जाहेर गरे । तब लामा गोन्पाले भन्यो । हेर अस्तिनै मैले लामा सेर्पासंग हामीले सक्तैनौं भनेकै त हो नि । तिमीले बुझेनौ । अब लामा सेर्पा हाम्रो शत्रु हुने बाहेक अरु कुनै विकल्प छैन । अहा ! काम बिग्रियो भन्दा त्यो दुष्ट मानिसले भन्यो "लामाज्यू तपाईले आशंका र चिन्ता लिनु पर्दैन । छोराले आटेको छोड्दैन भन्ने उखान छ । त्यो व्यर्थको कहाँ हो र लामा सेर्पाको दमन म गर्छु" । त्यति भनेर त्यो दुष्टमानिस लामा सेर्पाको खोजिमा निक्ले ।

उता लामा सेर्पा भने आफ्नो घरमा जानु भई उक्त घटना आफ्ना परिवारलाई गोप्यरूपमा बताउनु भयो । लामा सेर्पाले आफ्नो गोम्पाको थाममा दाँतको रगतले यसरी लेखे "लामा सेर्पालाई केही आपत्ति (नराम्रो) भएको छैन उनी अहिले धर्मको दिशामा गएको छ" जो सबैले प्रष्ट बुझ्ने गरी लेखेर राखें, लामा सेर्पा एक्लै मध्यरातमा गोम्पा छोडेर टागशिङथोग गाउँ हुँदै खुम्बुपट्टि लागे । त्यसै दिन लामा गोन्पालाई पछ्याएको दुष्टमान्छेले लामा सेर्पाको पदचिन्ह खोज तलास गरी पछ्याउँदै जाँदा एउटा पाखाको जंगलमा लामा सेर्पाले राती काटेको केराको बोट देखे । त्यसरी काटेको ठुटो जाँच गर्दा काटेको बोटभित्रबाट एक कुरेत जति कोपिला निस्केको थियो, जस्को आधारबाट त्यो दुष्टको मनमा यो निश्चय भयो कि हाय ! "लामा सेर्पा यहाँबाट गएको तीन चार दिन भइसकेको जस्तो छ । त्यसैले उसलाई भेट्न निश्चित छैन । तै पनि खुम्बु गाउँसम्म गएर हेरौ " भनि अल्सी मान्दै उनी अगाडि बढे । त्यसबेला लामा सेर्पा त्यही पारीको गाउँमा मात्र पुगेको थियो । त्यस गाउँको नाम पाङगोङमा

हो । त्यस राती जंगलमा नै रात बिताएर भोली बिहानै उठेर बाटो लागे । उता खुम्बुको नागपोक्षे भन्ने गाउँमा आफ्नो फुपूको घरमा गएर सम्पूर्ण घटनाको बृतान्त खोलेर सुनाई दिए । उहाँका फुपू पनि बुद्धिमानी र चलाखी थिइन् । त्यसैले उनले लामा सेर्पालाई सुरक्षा गर्न तुरुन्तै भेडा गोठालासंग गोप्य कुरा गरी राखे । लामा सेर्पालाई अरुले थाहा नपाउने गरी उनकी फुपूले अन्न राख्ने काठको बाकसमा हालेर बाहिरबाट ताल्चा मारिदिए । उनी आफू चाहिं चुपचाप छिमेकीको घर तिर घुम्न गईन् । त्यसैदिन बेलुका त्यो दुष्टमान्छे साथीहरूसंग त्यही घरमा बास बस्न आए । व्यापारीको भेषमा फुपू चाहिँको घरमा बसेर चिवा र चर्चा गरे तर केही पत्ता लागेन । त्यसपछि गाउँतिर घुम्ने निहुँमा सबैतिर बुझ्न गए तर कसैले त्यस्तो नयाँ मानिस नदेखेको बताए ।

त्यसपछि त्यो दुष्ट मानिस भेडा गोठाला जस्लाई लामा सेर्पाको फुपूले गोप्यरूपमा कुरा बताएर सल्लाह दिएको थियो ऊ संग सोध्न पुगे । "यहाँबाट कोही नयाँ मान्छे गएको देखेनौं" भन्दा उनले गोपनियताको पालन गरी सल्लाहअनुसार कुरा गर्दै "हिजो आज त कोही जान देखेन आजभन्दा तीनदिन अघि एकजना शोङरोङ (सोलु) बाट आएको भन्ने नौलो मान्छे, अलि अलि दाऱ्ही भएको लामाको भेषमा आएको थियो । म भेडा चराउँदै थिएँ । त्यसैबेला ऊ माथिको डाँडा काटेर गएको देखेँ ।" यो कुरा सुन्दा दुष्टमान्छेको मनमा निकै निश्चित भयो । पहिलो केराको बोटको ठुटोले देखाएको संकेत, दोस्रो आफ्नो फुपूको घरमा नभएको स्थिति र तेस्रो भेडा गोठालाको कुराले उनीहरूमा विश्वास बढायो कि लामा सेर्पा पक्कै मुलुक छाडेर भाग्यो । त्यसपछि उनीहरूमा सेर्पाले डाँडा काटेर गएकोमा रौं जति पनि शंका रहेन र सबै आ-आफ्नो गाउँतिर फर्के । दुष्टहरू गई सकेपछि फुपूले लामा सेर्पालाई बाहिर निकालेर सबै घटना क्रमशः बताईन् । तब आफ्नो फुपूप्रति खुशि व्यक्त गर्दै लामाले राजनीति र धर्मनीति दुबैको राम्रो उपदेश सुनाइ दिनुभयो । त्यसको भोलीपल्ट कसैले थाहा नपाउने गरी

उहाँ उच्च हिउँको डाँडा काटेर भोटतिर प्रस्थान गर्नु भयो । त्यसपछि तीन वर्षसम्म लामा सेर्पा (लामा दोर्जे जाङपो) भोटको उचाङ प्रदेशमा बसी प्राचीन ञिंमा परम्पराको दक्षसिद्ध लामाहरू धेरै जसोको शरणमा परी धर्मको साधना गरी त्यहाँबाट साधारण र असाधारण सिद्धि[४८]हरू प्राप्त गरे । त्यतिमात्र नभई ओडियानको गुरु पद्मसंभवले भोटको बिनेयजन (शिष्य)हरूको हितार्थ बिचार गरी राखेको कुछाप तेरङा[४९] (गुरुको पाँच उत्तराधिकारी) निधिमूर्तिहरू मध्येको एउटा कुछाप चाहिँ भोटको चिबरी दिशाबाट प्राप्त भएको त्यहाँ रहेको थियो । त्यो आफूलाई (अभिषेक)[५०] आगम र उपदेश) प्रदान गर्ने त्रिकाय वज्रधर[५१] गुरुको करकमलबाट (लामा दोर्जे जाङपोको लागि धेरै आवश्यकता भएको) नजर गरी आशीर्वाद सहित प्रदान गर्नु भयो । यसको साथमा त्यसको वृतान्त लेखिएको टिपोट सहितको कागज पनि प्रदान गर्नु भयो ।

तीन वर्ष पछि लामा सेर्पा गरीब मगन्तेको रुपमा खुम्बुबाट शोङरोङ (सोलु) टागशिङथोक गाउँको वारीपट्टि पाङगोङमा गाउँमा झर्नु भयो । त्यहाँ लामा सेर्पा दोर्जे जाङपोको आमाको दाजु (मामा) बस्नु हुन्थ्यो । पहिले उहाँसंग पूर्वमा घटेको घटनाहरूबारे गोप्यरुपमा सरसल्लाह गरे । तब मामाले भन्यो– "लामा तपाईले ऋद्धि (शक्ति) प्राप्त गरेको छ कि छैन" भनी विन्ति गर्दा लामा सेर्पाले भन्यो । "ऋद्धि (शक्ति) भएको मात्र नभई प्रत्यक्ष पद्मसंभव र फरक नभएको यस्तो अधिष्ठान[५२] मूर्ति पनि पुण्यको रुप (भागमा) प्राप्त भएको छ" भनी गुरु रिन्पोछेको कायप्रतिनिधि देखाउँदा मामाको घरमा चारैतिर ज्योतिले ढाक्यो । लामाको मामा आश्चर्य र श्रद्धाको बलले गर्दा मुखबाट कुनै शब्द नबोली अविकल्पको भावमा केही छिन बसे । त्यस पछि अ: अ: भनेर अजत धर्मकाय[५३] बुझाउने संकेत सहित गुरु रिन्पोछेको कायप्रतिनिधि शिरोपरगरी प्रार्थना गर्दै आशीर्वाद लिएर प:प: भनेर अनिरोध[५४]को आभासमा संभोगकाय बुझाउने संकेत सहित गुरु रिन्पोछेको मूर्ति अघि कहाँबाट लिएको त्यही स्थानमा लामा सेर्पालाई चढाए । धि: धि: भनेर ज्ञानशून्य अभिन्न[५५] भएको निर्मणकाय बुझाउने

संकेत सहित आँखा सिधापारी बिचार गरेर एकछिन बस्नुहुँदा लामा सेर्पा (दोर्जे जाङपो) अचम्म मान्दै मामा के रहेछ ? भनी सोधे । मामाले "गुरुरत्न के भने आज मेरो विचार अर्कै खालको भएको छ" भनी बिन्ति गरे । लामाले अझ कस्तो रहेछ भनि सोध्नु हुँदा मामाले जवाफ दिएको थियो कि "लामा तपाईको शरीर र गुरु रिन्पोछेको मूर्ति दुई चाहिँ एउटै हो कि भिन्न हो छुट्याउनै सकेन । त्यति मात्र नभई मेरो जग्गा जमीन, धन सम्पत्ति र आफ्नो देहसमेत जुनमा पनि आस्था र आशा नभई अहिल्यै मरे पनि डर नलाग्ने खालको आभास (विचार) भइरहेको छ भने ।

यस्तो जवाफ पाउँदा लामाले ए ! कतिको आनन्द ! मामा भानिजलाई गुरु रिन्पोछेको मूर्तिले आशीर्वाद प्रदान गरेका रहेछन् । अब हामी मामा भानिजले चित्ताएको संपूर्ण काम पूरा हुने कुरामा संदेह गर्नु पर्ने रहेन छ तै पनि म भन्दा मामा तपाई ठूलो भएकाले पहिले मामाले सद्धर्मको शासन फैलिने एउटा कुरा गर्नुहोस् भनी बिन्ति गरे । त्यस कुराले मामा खुशी हुँदै भने अहो ! त्यसो हो भने "म लामा गोन्पालाई आमण्त्रण गरी लोक उपकारका लागि सम्यक् धर्मसंग सम्बन्धित तोरश्होर[५६] (शक्ति हन्ने) पूजा ब्यवस्था गर्छु । त्यही अवसरमा सबैलाई विश्वास लाग्ने खालको एउटा शुभ लक्षणको (शक्ति) पनि प्रदर्शन गर्नुहोस् भनी बिन्ति गर्छु । त्यसबेला तपाई लामा सेर्पा र लामा गोन्पा दुवै जनाले धार्मिक सम्वाद र कृद्धि (शक्ति) को प्रतियोगिता गर्नु पर्दछ । त्यसो गर्दा लोकको समुन्नेमा कृद्धि (शक्ति) को विद्यामा जो ठूलो देखिन्छ त्यसैलाई लोकले गुरु मान्ने छ र वहाँको आज्ञा जे भएको पनि हामी जनताहरूले शिरोपर गर्नेछ" भने । तब लामा सेर्पाले पनि केही बेर बिचार गरेर भने । त्यसो भए मलाई एक मगन्तेकै रुपमा कसैले थाहा नपाउने गरी उनीहरूको पंक्तिको तल (अन्तिम) तिर राखी दिनुहोस् । म सबैलाई विश्वास लाग्ने खालको एउटा काम गरी देखाइदिने छु । हामीलाई उपर्युक्त गुरु रिन्पोछेको मूर्तिले आशीर्वाद प्रदान गरेको हेर्दा त हामी मामा भानिजले बुद्ध शासन

प्रचार गर्ने उपाय पनि निकाल्न सक्ने ठूलो संभावना देखिन्छ । अनि मामा खुशी हुदै "त्यही हो त्यही हो, त्यस बेला महान् लामाको वंशज र सम्यक् (भद्र) सिद्ध परम्पराको निशान (लक्षण) चिनाई दिनुपर्छ" भनी बिन्ति गरे । मामाले त्यसको भोली पल्टनै लामा गोन्पा गुरु शिष्य सपरिवारलाई आमण्त्रण गरे । सातदिनसम्म श्होर पूजा आजाको साधन (व्यवस्था) गरी गाउँले जनताहरू सम्पूर्ण जम्मा गरे । लामा सेर्पाचाहि पहिले भने झैं गरी मगन्तेको भेषमा एक सातासम्म लामा गोन्पा र उनका शिष्यहरूको पछाडिको पंक्तिमा बसेर मणिमन्त्र मात्र पाठ गरेर बस्नु भयो । त्यस बाहेक लामाको चर्यालीला अरु केही पनि प्रदर्शन गर्नु भएन । त्यसपछि लामा गोन्पाले तान्त्रिक भेष पहिरिएर खरो निगार पिएर मन उग्र (प्रभावित) पारे ।

आँखा डेढो (टेडो) र मुख आकाशतिर आँकेको आदि क्रोधि देवताको पारालेयुक्त भएको माध्यमबाट श्होरको नृत्य गरी आकस्मिक क्रृद्धि (शक्ति) जति गरे पनि शक्तिको लक्षण भने केही देखा परेन । त्यसैले मानिसको समूहबाट दाता (लामाको मामा) जुरुक्क उठेर भन्नुभयो कि "त्रिलोक नियन्त्रण गरेर त्रिभुवन अभिभूत गर्ने गुरुरत्न ! आज आकाशमा ग्रह र नक्षत्र राम्ररी उदाएको छ । भूमिमा रसयुक्त बालीनाली सप्रेको छ । वीचमा तपाई हामी गुरु शिष्य सम्पन्न (जम्मा) भएका छौं । यस शुभ अवसरमा शासनको सार गुह्यतन्त्र (त्रिंमा) धर्म परम्पराको विशेषता नदेखाएमा हामी उपासक, उपासिकाहरूको मन साह्रै खिन्न हुनेछ । तपाईहरू मरण र अमरणको उद्धार गर्ने र गराउँछु भनी प्रतिज्ञा गर्ने लामाज्यूहरू लज्जित हुनेछन् । त्यो तलको आगन्तुक मगन्तेलाई पनि हाँसो उठ्छ होला" भनी बिन्ति गर्दा लामा गोन्पा अपमानित (लज्जित) भएको भावमा केही नबोली बसे ।

त्यसपछि मगन्तेको भेषमा आएको लामा सेर्पाले भन्नुभयो । "खिन्न, लज्जित र हाँसो उठ्ने तीन अवश्य हुनु पर्ने सत्य कुरा हो । सत्य भएपनि गर्ने उपाय छैन । भावना (अभ्यास) नगरेको ध्यान र साधना नगरेको तान्त्रिक विद्याको नक्कल गर्नेहरू किन झुकिदैन,

सत्य गरे शरण्य त्रिरत्नले कहिल्यै झुकाउँदैन, दुई सत्य[५७]को धर्ममा राम्रो र नराम्रो भन्ने हुँदैन, अहंकारी गरिबमा कल्पना हुँदैन । हाँसो उठेको मात्र नभई यसो गर्न पनि मन लाग्यो" भन्दै उहाँ अन्तिम पंक्तिबाट उठ्नुभयो र उहाँ उठनु हुँदा मण्डलमा सजाएको श्होरतोर (शक्ति हन्ने) द्रव्यहरू केही नगरी आफसे अफ हल्लियो । त्यसपछि मगन्तेकै भेषमा उहाँले क्रोधि (देव) को आनन्द दायक, रमनीय नृत्य गर्दा त्यहाँ राखेको श्होरतोर पनि उनी संगसंगै दायाँ र बायाँ भएर घुम्न लागे । त्यतिमात्र नभई लामा सेर्पा जतातिर घुमेर नाच्छ त्यो श्होर सामानहरू त्यतै फर्केर नाच्न लागे । जसले गर्दा लामा गोनपाको अनुहार लाजले झुक्यो, बस्न समेत नसक्ने, शरीर काम्ने, मुखको बोली बन्द भई मन आत्तिएर केही गर्ने उपाय समेत नभई बसे ।

तत्पश्चात् मगन्तेको भेषमा रहेको लामा सेर्पाले श्होरतोर हातमा लिएर यसो भन्नुभयो– हूँभ्यो: "मैले छलकपट र गल्ती नगरेको त्रिरत्न र देवताहरू साक्षी छन् ।" त्यसो भन्दै संक्षिप्तमा श्होरको बाटो देखाउने पाठ गरे । त्यसपछि फेरि बिचलित नहुँ, बिचलित नहुँ भनी पाठ दोहोऱ्याउँदै लज्जित भएको शत्रु समूह उनीहरूको झूटो शासन अधिपत्य र अधिकार नाश गर्नू भनी इष्टदेवलाई अह्राए । साथै मगन्ते को भेषमा भएको लामाले आफूले हातमा लिएको श्होरतोर जहाँ जहाँ पुग्छ त्यस ठाउँहरूमा सेर्पा परम्पराका शासन फैलियोस् भन्दै प्रार्थना गरेर रुद्रमन्त्र सहित श्होर हन्दा "श्होर" आवाज गर्जिन्दै आगोबली आकाशमा गएको सबैले देखे । त्यसबाट सबै दर्शक एवं श्रद्धालु भक्तजनहरू विश्वास र खुशिले गद्गद् हुँदै "लामा शेर्पा दोर्जे जाङपो कल्पौँसम्म दीर्घायु रहुन् । लामा दोर्जे जाङपोको शिर आकाशभन्दा उच्च होओस्" भनी अति हर्षोल्लासका साथ नारा लगाउदै जय जयकार गरे । यसरी सेर्पा लामाको गुण विशिष्टताको गुणगान गर्दै बढो प्रशंसा गरिरहेको बेला लामा गोन्पा गुरु शिष्य उठेर कहाँ गयो कता गएको थाहा नपाई भागेर गयो भनिएको छ ।

लामा सेर्पाले हानेर पठाएको श्होरतोर आकाशबाट गएर

पाङगोङमा गाउँ हुँदै दुई तीन कोसको दुरी भएर एक उच्च डाँडामाथि उम्रेको शलवोङको रुखमा लाग्दा त्यो ठूलो रुख चक्नाचुर भयो । त्यहाँबाट पनि तीन कोशजति टाढामा रहेको चट्टानमा लाग्यो र त्यसको अवशेष (चिन्ह) अझै स्पष्ट देखिन्छ । आजकल पनि त्यस स्थानको नाम लोगतोरलोग[५८] भन्ने रहेको छ । त्यसपछि लामा सेर्पा लोगतोर लागेको ढुङ्गा (लोगतोरलोग) देखि आधाकोश जति उकालो लागेर त्यही ठाउँमा स्थायी रुपमा बसोबास गरी बसे । त्यसैबेलादेखि त्यस ठाँउको नाम सेरलोग[५९] भनेर चिनिने भयो । त्यसभन्दा केहि माथि आजकल "सेरगोन श्यङुबश्हुङडेललिङ" भन्ने नयाँ गोम्पा स्थापना (सन् १९५९) गरेको छ ।

लामा गोन्पाहरू भने शासन त्यागेर गाउँ नै छाडेर सबै पश्चिमतिर लागी त्यतै घर गाउँ जमाएर बसे । तत्पश्चात् धेरै वर्ष वितेपछि लामा दोर्जे जाङपो पनि गोनज्योङ (अहिलेको जुनबेसी) मा केही वर्ष बसेर पछि त्यहि स्वर्गारोहण हुनु भयो । पछि उहाँका सुपुत्र दोर्जे ग्यालछेनको पालादेखि दमछ्यो पद्म थुतोबसम्म छ गुरु वंशज अटुट रुपमा आउनु भएको देखिन्छ । उहाँका उत्तराधिकारी (वंशज) को अवधिमा पहिले पुर्खा फाग्चे र दोर्जे जाङपोको समयदेखि जति मानी आएका धर्महरू मूलरुपमा ञिंमा कामा (धार्मिक पुस्तक) को विषयमा कील, अष्टहेरुक[६०], शान्ति, क्रोधि[६१], इष्टदेव[६२] आदिको परम्परा मात्र विशेष गरी प्रचार प्रसार गरेको पाइन्छ । त्यसका अनुयायीहरू मूलत: पुत्रवंश लगायतका शिष्यहरू धेरै निस्केका छन् । उपर्युक्त दोर्जे जाङपोको पुत्रवंशजहरूले उहाँको चित्तको प्रतीक स्तूप बनाउन, एउटा अति महत्त्वपूर्ण फुर्प (कील) भएको त्यसको भित्री धारणीमा राखेर एउटा स्तूप स्थापना गरे । त्यो स्तूपको प्राणप्रतिष्ठान (राब्न्य) गर्दा आकाशबाट देवपुष्प वृष्टि भएको र त्यसै बेलादेखि त्यसबाट समय समयमा विभिन्न देव वाद्यवादनका सुमधुर आवाज आउने देव दुन्दुभि बजिरहने गरेको साराले सुन्ने गर्दथ्यो ।

शक्ति हानहन्

उपरोक्त कथानुसार हामीले लामा सेरपा र लामा गोन्पाको मिलन नभएको कुरा त बुझी हाल्यौ । पुर्खाहरूको मन मुटाब भएकोले गर्दा त्यसको प्रभाव पछिका सन्ततिहरूमा पनि परी शक्ति हानहन् गरी प्रतिस्पर्धा गर्ने गरेको वृतान्त पनि निम्न अनुसार भएको पाइन्छ ।

दोर्जे जाङपोको स्तूपबाट सधै बेला बेलामा आफै देव दुन्दुभिको बाजा बज्ने गरेको लामा गोन्पाका सन्तानहरूलाई असह्य भएकोले एकदम डाहा लाग्यो । उनीहरूले यो सोच्यों कि "लामा दोर्जे जाङपो ले हाम्रा पुर्खा जिज्यूहरूलाई गाउँबाट निकालेकोमात्र नभई उनीहरूले (हाम्रो जिज्यूको) बेइज्जत समेत गरेका रहेछन् । अझ त्यसैको स्तूपबाट यस्तो सुमधुर बाजाको आवाज आउँदो रहेछ । यसको कृतिले हामीहरू अझ दवाब (अभिभूत) हुनु परेको छ । यो त साह्रै अनुचित कार्य हो । यो असह्य भयो" भनी त्यसै कारणले लामा गोन्पाका सन्तानहरूले अझ कुकर्म थप्न लागे । उनीहरूले सातजना विधुवा आईमाईहरूलाई पुरानो फरियाको थङनो जम्मा गराई "कसैले चाल नपाउने गरी त्यस सेर्पा लामाको स्तूपको माथिबाट छोप्नू" भनी अह्राएर पठाए । स्थिति नै नबुझी ती आईमाईहरूले उनको कुरा स्वीकार गरेर सोही अनुरुप स्तूपलाई थाङनो फरियाले ढाकी दिए । त्यसबेलादेखि लामा सेर्पाको स्तूपबाट सत्कार स्वरूप बज्ने देवदुन्दूभि[६३]को आवाज बन्द भएको कुरा छ । ती सातजना विधुवा आईमाईहरूले भने आफ्ना कुकर्मको फल तुरुन्तै भोग्नु परेका थिए । जसको परिणाम स्वरूप एउटी आईमाई

त्यही स्तूपको भऱ्याङबाट लडेर मरिन् भने पाँचवटी बाटोमा रगत छाद्ने र खुट्टाको पिडौला फर्केर आफ्नो गाउँमा नपुग्दै मरे । एकजना मात्र गाउँमा लामा गोन्पाको छेउमा पुगेर सबै घट्ना सुनाई सकिनासाथै त्यसको पनि त्यही हालत भयो भनिन्छ ।

त्यसको लगत्तै लामा सेर्पाको सन्तानहरूले आफ्ना पुर्खाको स्तूपलाई अरुबाट यस्तो कुकार्य गरेको चालपाई देव दुन्दुभिको आवाज बन्द भएको पनि बुझे । त्यसपछि तिनीहरू अति बेखुशी भएर त्यो कुकृत्य गर्ने व्यक्तिहरूको खोजी निति गर्दा त्यसमा लामा गोन्पाका सन्तानहरूको हात भएको प्रष्ट थाहा पाए । त्यसको प्रति जवाफमा रगत छाद्ने मन्त्र जपगरी शक्ति हन्दा लामा गोन्पाको गाउँमा रगत छाद्ने रोग फैलियो र धेरै जनाको मृत्यु भयो । त्यसपछि शेष रहेका लामा गोन्पाको शक्तिशाली सन्तान एक दुई बाँचेकाले पनि दाश्होर[६४] (अरिंगल मालाको आधारबाट) शक्ति हान्ने योजना बनाई जप साधनगरी दाश्होर हानी पठाउदा लामा सेर्पापट्टिको एकजना मुख्य लामाको एकपट्टिको आँखामा लागेर आँखा फुटेको हो भनिन्छ । त्यसै बेलादेखि त्यस वंशजका अधिकांश मानिसहरूको एकपट्टिको आँखामा केही न केही दोष (खत) भएको र पछि पनि दोष (खत) लाग्ने गरेको छ भन्ने जनश्रुति छ ।

पहिले जुनवेशीमा संगै आएका चुनक्षुङ टशिको पनि पुत्रशिष्य धेरै भएका थिए । उहाँहरूले धर्म शासनको राम्रो व्यवस्था गरी प्रत्यक्ष र अप्रत्यक्ष रूपमा धर्म साधनाको माध्यमबाट ठूलो जनहित गरेका थिए । उहाँहरूले बेकामको राग द्वेषको अधीनमा कहिल्यै नपरी मुख्य काम नै धर्म साधना (अभ्यास) गर्ने गरी जीवन यापन गरेका थिए । त्यसैको फलस्वरूप शुद्ध भुवनमा जानु भएका हुन् भनिन्छ । यसरी व्याख्या गरेको यस्ता कुराहरू जनश्रुति र किम्वदन्ति (बृत्तान्त) को आधारबाट लेखेको प्रथम विषय हो ।

यस बीचको कुरा

पहिले भोटमा धेरै धर्मसम्प्रदाय[६५]हरूको आगमन भए पनि सम्यक धार्मिक सम्प्रदाय चाहिं पुरानो (प्राचीन) ञिंमा र अर्वाचीन[६६] (सरम) गरी दुई मात्र भएका छन् । प्राचीन ञिंम, अर्वाचीन सरम भन्दा छ गुणले विशिष्ट भएको विद्वानहरूको मत छ । ती क्रमशः व्याख्या गर्दा १. (पहिले भारतबाट गुरु निमण्त्रणा गर्ने उपासकको विशेषता २. जुन ठाउँमा सद्धर्म भाषान्तरण गराउने उपासकको विशेषता ३. शब्द र अर्थ अनुवाद गर्ने दोभाषेको विशेषता ४. कुन व्यक्तिबाट अनुवाद गरेको त्यो पंडितको विशेषता ५. अनुवाद गर्दा फूलरुपी सुनको दक्षिणा प्रदान गरेको विशेषता ६. अनुवाद गरेको धर्मका विशेषताहरू हुन् । उपरोक्त बुँदागत विशेषताको वृतान्त एक एकको प्रमाण सहित ञिंम छ्चोज्युङ (धार्मिक इतिहास) मा बताएको छ । त्यसलाई सम्बन्धित पुस्तकबाट अझ विस्तृत रुपमा हेर्न सक्ने छ । त्यसैले सूत्र तन्त्र र बौद्ध साहित्य आदि जिन (बुद्ध) शासनका सम्पूर्ण ग्रन्थहरू प्राचीन ञिंम सम्प्रदायले उद्धार गरेका हुन् । यसलाई कुशल र निरपेक्ष सन्तानहरूले प्रचार गरेका हुन् । त्यसैले आजका दिनसम्म पनि बुद्ध शासन स्थिर रहेको हो । जहाँ जलपंक्षी देख्दा पानी र धुवाँ देख्दा आगो थाहा पाउने झैं विश्वासनीय धार्मिक इतिहास कानमा परेकाले पहिलेका शेर्पाहरूको धार्मिक नियमहरूबाट खोज अनुसन्धान गरी उपयुक्त शेर्पा इतिहास बताएको यो बीचको प्रस्तुति हो ।

दोस्रो बीचमा प्राप्त ऐतिहासिक अभिलेखन परम्पराको व्याख्या

उपर्युक्त लामा कर्म दमछ्यो वा पदम थुतोबको तीन छोरा मध्ये कान्छो छोरा रिग्जिन जाङपो वा दोर्जे जिगटालको समयकालमा उहाँहरूले प्राचीन (ञिंमा) परम्पराको तेर्मा (निधि) धर्मको अभ्यास र अनुभव ग्रहण गरेको बयान यस्तो छ । उपर्युक्त ६ विशेषताले युक्त गुह्यतन्त्र प्राचीन[६७] (ञिंम) परम्पराको धर्ममा लामो परम्पराको कामा[६८], नजिक (छोटो) परम्पराभएको तेर्मा[६९] (निधिधर्म) र गंभीर शुद्धआभास (दग्नङ)[७०] समेत तीन विशेष परम्पराहरू रहेका छन् ।

जसमध्ये नजिकको तेर्मा परम्परा

अनुत्तरीय सम्पूर्ण अर्थ संग्रह गरेको गुरुतन्त्रबाट "म परिनिर्वाण भएपछि वर्ष १० मा २ घटेको बेला (८ बर्षमा) औडियानको देशमा म स्वयं उत्पन्न हुनेछु । शुभ नाम पद्मसंभव भनिने र गुह्यमन्त्रको शासनपति होइन्छ" भनी भविष्यवाणी गर्नु भएको छ । जसअनुसार शुद्धभुवन सुखावतीमा स्वाभासबाट सिद्ध भएको महाविमान[७१]मा सारा त्रिकालिक बुद्ध[७२]का वज्रात्मक वाणी[७३] देशना गर्ने अभिसंबुद्ध अमिताभ[७४] विराजमान भएको । प्रभाश्वरचित्त धर्मकायको स्वभावबाट बिचलित नभई, करुणाको स्वपराक्रम अनिरोध ऋद्धि (शक्ति) हरू बाहिर भित्र र गुह्य (अतिभित्र) को तीन निर्माणकायका नृत्यलीला प्रदर्शनगरी जस्लाई जस्तो मनपर्छ, त्यसलाई त्यस्तै अभिनयगरी असंख्य जगत प्राणीको हित गरेका छन् । त्यस मध्येमबाट गुरु रिन्पोछेले भोटका शौभाग्यशाली राजा प्रजाहरूलाई गुह्यतन्त्र वज्रयान[७५]को गंभीर धर्मका दुई सिद्धि (प्रसाद) हरू कसलाई कस्तो चाहिएको हो, धर्मसाधना गर्ने उपायहरू, आ-आफ्नो मनसाय, बुद्धि विवेक र क्षमता अनुसारको अचिंत्य प्रदान गरेका छन् । गुरु रिन्पोक्षेको ती प्रवचनहरू गुह्येश्वरी येशे छोग्याल (ज्ञानसागर) ले संग्रह गरिन् र ती संग्रहहरू राजा, धर्मशासक, प्रजाहरू तथा दोभाषे प्रत्येकलाई प्रणिधान गरी प्राणको रुपमा जिम्मा लगाइयो । तत्काल गुरुले भविष्यमा कलियुगको अन्त्यमा शासनगरी जगत प्राणीको हेर बिचार र बुद्ध शासन बचाउनको लागि कृपा गरी १८ प्रकारका तेर (निधि) ले स्थिति बुझ्ने गरी त्यसमा गंभीर धर्ममुद्रा (मोहर) लगाएर गोप्य स्थानहरूमा राखे । पाँचौ उद्धारक (मैत्रेय) बुद्धको

शासन नउदाउँन्जेलसम्म कुन (शिष्य) लाई कस्तो विनायक (गुरुका) आवश्यक पर्छ, समय अनुकूल हुनेगरी निकालेर लोक उद्धार गर्न अधिष्ठान (वाचा) गरे । समयको अन्तरालमा पहिलेको सुकर्म र प्रणिधान जागृत भएका निधिपति (तेरतोन)[७६] निर्माणकाय महापुरुषहरूले ती निधि ग्रन्थहरू क्रमशः उद्धार गरी जगत हित गरेका छन् । गुरु पद्मसंभवको महावाणीबाट "भोट देशको भूमि सबै निधि (ग्रन्थ) ले भराई राखेका छन् । भीर पहाडहरू डुब्न्य (धर्म साधना स्थान) को रुपमा अनुष्ठान गरी राखेका छन्" । त्यसै गरी "मैले भोट भूमि सबैमा निधि (ग्रन्थ) ले भराई राखेको छु । सिद्धि चाहे सबै निधि केन्द्रबाट लिनु" भनी भन्नु भएको छ । जसअनुसार भोटमा निधि (पुस्तक) पहिले निकालेर राखेको, अहिले निकाली रहेको र पछि भविष्यमा निकालिने धेरै छन् । त्यसमध्ये निधिपतिहरूले पहिले निकालेको निधि ग्रंथहरू म आफूसंग पनि धेरै छन् तापनि बीचमा यस दिशामा प्रचार भएको मुख्य ग्रन्थहरू, विद्याधर गोदेमच्यन, विद्याधर (रिगजीन) ज्हाछोन् त्रिंपो, विद्याधर (रिगजीन) त्यानत्रिलिङपा, विद्याधर (रिगजीन) ग्युर्मेद् दोर्जे आदिले निकालेर ल्याएका गंभीर निधि ग्रन्थहरू पर्दछन् ।

पहिले यी ग्रन्थहरू टिपोट अनुसार प्रस्तुत गर्दछु । पहिले विद्याधर गोदेम डोच्यानको निधिग्रन्थ मध्ये उत्तरीनिधिग्रन्थ[७७] "डोवा कुनढोल" (स्मस्त जगत उद्धारक) महासन्धि अनादिकालदेखि स्वोदय भएको (जोगछेन्[७८]राङशर) साङवा म्याज्युङ, उत्तरीनिधि (ज्याङ्तेर) दोर्जे फुरपा, आदि प्राप्त भएका छन् । ती प्रत्येकको वाङ = अभिषेक, लुङ = आगम र ठि[७९] = उपदेशहरू प्रदान गर्ने गरेका छन् त्यसको विस्तृत वंश परम्पराको विवरण भएको अरू ग्रन्थमा हेर्नुहोला ।

त्यसै क्रममा यहाँ भगवान् श्री वज्रकुमार (कील) को वाङ = अभिषेक, लुङ = आगम र ठि = उपदेशहरू क्रमशः प्राप्त भएका वंश परम्पराहरू बताउँदछु । धर्मकाय समन्तभद्र, संभोगकाय वज्रसत्त्व, निर्माणकाय गुह्यपतिवज्रपणि, मुगनाग वाङगी खाडो=वैगनी (रङको) डाकिणी[८०], चारमुख्य ब्रह्मराज, देवराजशक्र, नागराजा तक्षक,

विज्ञशाक्यप्रभा, विद्याधरपद्मसंभव, प्राज्ञविमलमित्र, नेपाली + शीलमञ्जु, डाकिनी येशेछोग्याल (ज्ञानसागर), नानम दोर्जे दुज्योम, विद्याधर डोटुब ग्यालछेन, सुपुत्र नामग्याल गोन्पो, डगवाङ टाग्पा, सङग्यपालजाङ, चित्तपुत्र (शिष्य) नामखा ग्यल्छेन, तान्त्रिक शाक्यजाङपो, विद्याधर दुज्योम दोर्जे, धर्मराज मंगी छेनच्यन (मंगल शुभनाम गरेको) विद्याधर डगी वाङपो, योलमोको अवतारी टुल्कु तोबदेन पावो, स्हुर्छेन छ्योयिङ राङटोल, महाविद्याधर पदमठिन्ल्या, विद्याधर पद्म वाङगी ग्यल्पो, विद्याधर पद्मसङ्डाग त्यानजीन, महाविद्याधर कर्म दुज्योम, महौद्धारक विद्याधर छ्योक्यीवाङछुग, महाप्राज्ञ आयुइछेनच्यान, ख्याबदाग कर्म डेदोन, ओर्ग्यान साङ्डाग त्यानजीन, ञ्याङ कुलको पद्म थुतोब, मूल गुरु डगवाङ योनतेन ग्यछो आदि उहाँहरूबाट हामी शोङरोङ (सोलु) बासी लगायतका अधिकांश विनेयजन (शिष्य)हरूलाई वाङ् लुङ र ठी राम्ररी प्राप्त भएका छन् ।

विद्याधर ज्हाजोन त्रिंपो वा ल्याठो लिङपाको गंभीर निधिग्रंथको विषयमा पनि कोनक्षोग च्यिदु (रत्नसमुच्चाय), शिठो डेदोन त्रिंपो=शान्ति, क्रोधि देवको नितार्थसार, महाकारुणिका आकाशराज, पालगोन मनिङ = श्रीनाथपण्डरक, तफाग यिजिन नोरबु = चिंतामणि हयग्रीव र वाराही, अमर आयुसाधन, लोहपर्वत विषयक (आदि) ६ ठेली ग्रंथहरू रहेको, त्यो कसरी प्राप्त भएको हो, एका एक गरी प्राप्त भएको विवरण अरुग्रंथमा छ । यहाँ चाहि कोनच्यी र डेदोनत्रिङपो दुबैको अभिषेक, आगम र उपदेशको गुरु परम्परा र त्यसबाट प्राप्त भएको वंशावली बताउँछु ।

क्र.सं.	*वंशावली*
१. छ्योकु नाङ्वाथाये =	धर्मकाय अमिताभ ।
२. लोङकु थुगज्ये छेनपो =	संभोगकाय महाकारुणिका (लोकेश्वर)
३. टुल्कु पद्म ज्युङन्य=	निर्माणकाय पद्मसंभव,
४. ञाङपेन तिङजिन जाङपो=	ञ्याङ कुलको पं. समाधिभद्र,
५. तेरतोन ज्हाछोन त्रिंपो =	निधिपति ज्हाछोन त्रिंपो,

६. दुदुल नुदेन दोर्जे= मारजित शक्तवज्र
७. रिगजीन ल्वोङसाल त्रिंपो= विद्याधर विपुलगर्भ
८. पद्म देछेन लिंपा= पद्म महासुख द्वीप,
९. रिगजीन छेवाङ नोर्बु= विद्याधर आयुषेश्वरमणि,
१०. रिगजीन ठिनल्या दुज्योम= विद्याधर कर्ममारजित,
११. रिगजीन छ्चोक्यीवाङ छुग= विद्याधर धर्मेश्वर,
१२. ञाङरिग कर्मडेदोन= ञाङ कुलको कर्मनितार्थ,
१३. ओर्गेन साङ्डाग त्यनजीन= ओर्गेन गुह्यशासनधर,
१४. साङडाग पद्मथुतोब्= गुह्य पद्मप्रभाव ।
१५. चवी लामा योनतेन ग्यछो= मूलगुरु गुणसागर ।

उहाँहरूले हामीलाई ती गुरु परम्पराका विद्याहरू विधिपूर्वक प्रदान गरेको तदनुसार हामीलाई प्राप्त भएका छन् । त्यस्तै अरु पनि एउटा गुरु वंश परम्परा छ, यसको माथिका ८ तह सम्मको नामावली क्रम उस्तै छ । त्यस पछिको जस्तै:

९. रिगजीन छेवाङ नोर्बु (बाट)= विद्याधर आयुषेश्वरमणि,
१०. डेनछ्चोग पद्म ग्यालपो= महोद्धारक पद्मराज
११. ञाङ्रिग दोर्जे जिगटाल= ञाङ कुलको अभयवज्र
१२. कर्म डेदोन त्यानफेल= कर्मनितार्थ शासन वर्द्धक,
१३. ओर्ग्यान सङ्डाग त्यनजिन= गुह्य शासनधर
१४. साङडाग पद्मथुतोब वा पद्म छेवाङ = गुह्यपद्म प्रभाव वा पद्म आयुषेश्वर
१५. चावी लामा योनतेन ग्यछो = मुलगुरु गुणसागरले हामीलाई उक्त गुरु परम्पराका विद्या प्रदान गर्नु भएका छन् ।

रिगजीन त्यानञीलिङपा वा छेवाङग्यालपोको गंभीर निधिधर्मको विषयमा पनि धेरै ग्रन्थहरू छन् तर यस दिशामा चाहि मुख्य गरी शिठो राङसाल वा याङतिग येशे थोङटोल = स्वयम प्रकशित शान्ति क्रोधिदेव वा महाअतिज्ञान दर्शनमुक्ति विषयको ग्रन्थहरूमात्र प्रचार भएकाले त्यसको अभिषेक, आगम र उपदेशहरू राम्ररी प्राप्त भएको क्रम र वंशावली बताउँछु ।

१. छ्चोकु कुनतुजाङपो = धर्मकाय समन्तभद्र,
२. लोङकु ग्यालवा रिग्डा = संभोगकाय पंच (कुल) बुद्ध,
३. टुलकु दोर्जे सेम्पा = निर्माणकाय वज्रसत्त्व
४. याङटुल गराब दोर्जे = पुन: निर्माणकाय प्रहेवज्र
५. गुरु श्रीसिंह = गुरुश्रीसिंह
६. ओर्ग्यान पद्मज्युङन्य = औडियानी गुरु पद्मसंभव
७. खाडो येशे छ्चोग्याल = डाकिणी ज्ञानसागर
८. रिगजीन त्यानग्रीलिङपा = विद्याधर शासनद्वीप
९. सक्योङ् चुगग्यान साङ्डाग दोर्जे = भूमिपाल शिरोमणि गुह्यवज्र
१०. रिग्डागक्षाङ थेगक्षोग राङटोल = विद्याधर महामति स्वमुक्ति
११. थोग्मे राबज्याम ङग्गी वाङ्पो = वागीन्द्र अनादि व्यापी
१२. टुबक्षोग दम्प नम्खा सङग्या = सिद्धवर सन्त आकाशबुद्ध
१३. गुर्फुग ङग्क्षङ छ्चिमे वोसेर = गुर्फुग मन्त्रधर अमरज्योति
१४. केछ्चोग ग्यल्वा सङ्गे छ्चेनपो = महापुरुष जिनसिंह
१५. लामी थुग्स्य शाक्य सेङ्गे = गुरुका चित्तपुत्र शाक्यसिंह
१६. टाजङ् रिग्जीन कुनजाङ येशे = टाजङ विद्याधर ज्ञान-समन्तभद्र
१७. रिगजीन क्षेनपो छेवाङ नोर्बु = महाविद्याधर आयुषेश्वरमणि
१८. रिगजीन क्षोग्युर ठिनल्य दुज्योम = विद्याधर मारजित
१९. टुलकु रिगजीन क्षोक्यीवाङछुग = निर्माणकाय विद्याधर धर्मेश्वर
२०. ख्याबदाग कर्म डेदोन त्यानपेल = विभु कर्म नीतार्थ शासनवर्द्धक
२१. रिगजीन ओर्ग्यान साङ्डाग त्यानजीन =विद्याधर ओर्गेन गुह्य शासनधर
२२. ग्राङरिग रिगजीन पद्मथुतोव = ग्राङकुलको विद्याधर पद्मप्रभाव
२३. चावी लामा योनतेन ग्याछो = मूलगुरु गुणसागर उहाँले अटुट रुपमा हामीलाई गुरु परम्पराका विद्याहरू दिनु भएका हुन् ।

मिनलिङको महानिधिपति ग्युर्मे दोर्जेको गंभीर निधिको विषयमा धेरै ग्रन्थहरू छन् तापनि यस सोलु दिशामा यस बीचमा प्रचार भएको वज्रसत्त्वको विषयमात्र रहेको छ । त्यसो हुँदा त्यसको अभिषेक, आगम र उपदेशहरू प्रदान गर्ने गुरुहरूको वंशावली बताउँछु ।

१. छ्चोकु कुनतुजाङपो = धर्मकाय समन्तभद्र
२. लोङकु दोर्जे सेम्पा = संभोगकाय वज्रसत्त्व
३. टुलकु गराब दोर्जे = निर्माणकाय प्रहेवज्र
४. रिगजीन श्रीसिंह = विद्याधर श्रीसिंह
५. ल्वोब्पोन दोर्जे हुँजे = आचार्य वज्रहुँकर
६. पनछेन विमल मित्र = महापंडित विमलमित्र
७. ल्वोबपोन पद्म ज्युङन्य = आचार्य पद्मसंभव
८. खाडो येशे छोग्याल = डाकिणी ज्ञानसागर
९. लोक्षेन वैरोचन = महालोचावा वैरोचन
१०. रिग्जीन तेर्दाग लिङपा = विद्याधरनिधिपतिद्वीप
११. रिग्जीन पद्म वाङटाग = विद्याधर पद्म ईश्वरकीर्ति
१२. ङागछ्चङ पद्म थुतोब = मन्त्रधर पद्मप्रभाव
१३. ङाग्छङ त्याञ्जिन वाङपो = मन्त्रथर शासनीन्द्र
१४. ञाङरिग दोर्जे जिगटाल = ञाङ कुलिन अभयवज्र
१५. डेनछ्चोग छ्चोक्यि वाङछुग = महानायक धर्मेश्वर
१६. कर्म डेदोन त्यानपेल = कर्म नितार्थ शासनवर्द्धक
१७. ओर्ग्यान सङ्ङाग त्यानजीन = ओडियान गुह्यशासनधर
१८. ञाङरिग पद्म छेवाङ = ञाङकुलिन पद्म आयुषेश्वर
१९. ठिनछेन चावी लामा ङग्वाङ योनत्यन ग्यछो = कृतज्ञ मूलगुरु वागेन्द्र गुणसागरले हामीहरूलाई महाकृपाले अनुग्रहगरी पंचसम्पद[८१]को माध्यमबाट गुरु परम्पराका विद्याहरू विधि पूर्वक प्रदान गर्नु भएको हो । त्यसैगरी उपर्युक्त ज्हाछोन ञिंपोको धार्मिक निधिको विषयमा आकाशराजाको एउटा वंश परम्परा यस्तो छ ।

१. छ्चोकु नाङवाथाये = धर्मकाय अमिताभ
२. लोङकु थुगज्ये क्षेनपो = संभोगकाय महाकारुणिक (लोकेश्वर)
३. टुलकुछ्चोग्याल स्रोङचनगम्पो = निर्माणकाय धर्मराजा सोङ्चनगम्पो

४. याङटुल ओर्ग्यान पद्म = पुन: निर्माणकाय औडियानी गुरु पद्मसंभव
५. खाडो येशे छोग्याल = डाकिणी ज्ञानसागर
६. तेर्तोन ल्यठो लिङ्पा = निधिपति कर्मशेषद्वीप
७. दुईवटा परिग्रह (गुरु) कर्म ल्वोजाङ = कर्म सुमति
८. कर्म ज्याङछ्चुब = कर्म बोधि
९. डागक्षाङ् चुगग्यान नोर्बु = मन्त्रधर शिरोमणि
१०. कर्म नामग्याल = कर्म विजय
११. रिगजाङ ग्याल्पो = भद्रकुलराज
१२. डागक्षाङ दोर्जे जिगटाल = अभयवज्र मन्त्रधर
१३. साङडाग कर्म डेदोन = गुह्यमन्त्र (धर) कर्म नीतार्थ
१४. रिगजीन ओर्ग्यान त्यानजीन = विद्याधर ओडियान शासनधर
१५. ञाङरिग पद्म छेवाङ = ञाङकुलिन पद्म आयुषेश्वर
१६. चावीलामा ञाङरिग् योनत्यन ग्यछो = मूलगुरु ञाङकुलिन गुणसागरहरू हुन् ।

उहाँले सोलु खुम्बु दिशाका शेर्पा लामा, गृहस्थी ठूलो सानु सबै शिष्य (विनेय) हरू विनित गर्ने समय आएको देखेर धर्म अभिषेक प्रदान गर्नु भएको हो । यहाँहरू गंभीर धार्मिक विधि र धर्ममुद्राको गाँठोखोल्ने गुरु भएकोले गुरुवंश परमपराका विद्याहरू प्रदान गरेका हुन् । टिपोटमा उल्लेख गरेको अनुसार यी नामावली यहाँ लेखेका हुन् । तसर्थ गुरुवंशावलीको बीचमा कुकुर रुपी मार नपरेको, माथि बसेको गुरु विद्याधरको पंक्तिबद्धे (आसन नविग्रेको, तल बसेका पुत्र शिष्यहरूका श्रद्धा नउल्टेको, बीचमा मेनराग (औषधि र रक्तताल) नसुकेर गुह्यतन्त्र ञिंम शासनको सुकृति यथावत् गर्जी रहेका छन् । विद्याधर गुरुवंशजको कलश जल नसुकेर शुद्ध भइरहेको, न्यासुम (तीनस्थान) को डाकिनीको मुखवाफ नसेलाई तातै रहेको, सद्द्रव्य[८२] मर्चाको रसरुपीमुद्रा नबिग्री वर्गीकृत भइरहेको, उत्पन्न र सम्पन्न २ क्रम[८३]को अभ्यास र अनुभूतिको उष्णशान नसेलाई चम्किरहेको, निधिपति धर्मपालको शक्ति पराक्रम कतै कम नभई गर्जिरहेको, गंभीर

निधिधर्मको अनुष्ठान (सह) नउडी अमृत शीताम्मे टल्केको । शान्त, पुष्टि, वश र मारदमनको विधि परम्परा नबिग्री यथावत् रहेको, ती द्रब्यहरू लोकहित गर्न कम नभई रोमाञ्चित भइरहेको, गुरुहरूमा भाग्यमानी शिष्यहरूको हित गर्ने भावना न्यून नभई बढिरहेको, गुरु शिष्य र पूज्य दाताहरू बीच हितचित्त भंग नभई आवद्ध रहेको, शेर्पाको गाउँमा गंभीर निधिधर्म नष्ट नभई प्रकाशमय भइरहेको, जहाँ गएपनि विनेयजन (शिष्य) हरू हतोत्साहित नभइ प्रोत्साहित भइरहेका छन् भनी भनिएको छ । यो पहिले भएको र भविष्यमा पनि भई नै रहने छन् ।

उपर्युक्त सुकृतिको हस्तचिन्ह राखेको आधारमा अब वंश परम्पराका केही वृतान्त बताउछु ।

खुम्टुल साङग्या रिन्पोछे

ङाग्छ्याङ दोर्जे जिग्टाल

मन्त्रधर दोर्जे जिग्टालले गोनज्योङ (जुनवेशी) मा सर्वप्रथम टशि थोङमोन भन्ने गोम्पा स्थापनागरे । त्यसमा अति महत्वपूर्ण तीन अनुष्ठानहरू बुद्धका कायप्रतिष्ठान, वागप्रतिष्ठान र चित्तप्रतिष्ठानहरू एकाएक स्थापना गरे । वहाँले गुरु पद्मसंभवका गंभीर निधिग्रन्थ अघि बताएको उत्पन्नक्रम र सम्पन्नक्रम तथा मन्त्रजप र एकान्त ध्यान साधनागरी चार प्रकारका विधि क्रमहरू पूरा अभ्यास गरे । त्यति मात्र नभएर गुरु पद्मसंभवले १२ (बाह्र) लीला प्रदर्शन गरेको पवित्र दिवससंग अनुकूल हुनेगरी विभिन्न पूजा समाग्री सजाएर बाह्रमहिनाको बाह्रवटै दशमी पूजा अटुटरुपमा मान्ने गरेको थियो । गोम्पामा बार्षिक पूजा पनि कालचक्रपरम्पराको अन्तिम महिनासंग मिल्ने गरी उत्तरी निधि (ज्याङतेर) वज्रकीलको माध्यमबाट सातदिनसम्म महापूजा डुब्पा (साधना) गरी लोकको दशाग्रह निवारण गर्नका लागि र दुष्टमार दवाउने, पोल्ने (यज्ञ) र फ्याक्ने कामहरू निशान (प्रमाण) देख्ने गरी आजसम्म अटुट रुपमा धर्म परम्परा गरेर आइरहेका छन् र भविष्यमा पनि परम्परा टुट्न नदिन व्यवस्था मजबुत बनाइ राखेका छन् ।

जुनवेशीका टशिथोङमोन गोन्पा वा विहार पुनः स्थापना गर्दा ञाङकुलको दोर्जे ज्यिग्टालको पुत्र वंशज साङ्ग्यात्यान्पा वा फाब्लु लामा साङग्याले मूल जिम्मेवारी लिनुभई विभिन्न उपाय निकालेर सन् १९१५ जतिमा यस अघिको भन्दा ठूलो साधन सम्पन्न भएको ल्हाखङ निर्माण गर्नुभएको हो । यसमा पाठ पूजाको क्रम पनि पहिले भएकोमा सुधार र नभएको नयाँ स्थापना गरी आरम्भ गरेको र गरिरहेका छन् ।

पहिलेको गोन्पा लामा ज्यिग्टालको जेठा दाजु ज्याम्याङ दोर्जे र माइला त्याञ्जिन वाङपो दुई भएको थियो । यी तीन दाजुभाइ प्राचीन

(त्रिंम) को कामा र तेर्मा रुपी दुई नदी मिसाएको वंशपरम्परा पालन गर्ने गुरुहरू थिए । जेठा ज्याम्याङ दोर्जे र पाल्देन टशि दुई भाइ चाहिं गाउँमा नै स्थाई बसोबास गरी ध्यान स्थल चाहिं पेडोगशेग वा आजकल पोरोशे भन्ने विशिष्ट तीर्थस्थलमा बनाएर बस्नुभयो । माइला त्याञ्जिन वाङपो चाहिं जुन वेशीमा बसोबास गरी ध्यानस्थल यार्सा (वर्षामा बस्ने ठाउँ) मा बनाई बस्दा त्यसको पुत्र वंशजलाई पनि आजकल यासा लामा भनिन्छ । यासा लामा त्याञ्जीन वाङपोले इष्टदेव वज्रकीलको जप साधन गर्दा ईष्टदेव साक्षात्कार भई दर्शन पाएको लक्षण स्वरूप यासा भीरमा हस्त चिन्ह राखेको छ । भीरमा साधना कील घुसार्दा प्वालपरी त्यसबाट पानी निस्केको आदि अद्भुत सिद्धिशक्ति देखाउने विशिष्ट लामा हुनुहुन्छ वहाँ ।

कान्छो दोर्जे ज्यिग्टाल : माथि व्याख्या गरेको अनुसार महान कृति राख्ने कान्छो छोरो ञाङकुल[८४]को गुह्यविद्याधर दोर्जे जिगटाल स्वयं गोनज्योङ (जुनबेशी) मा नै बसोबास गरेको थियो । उहाँले ध्यानको लागि टागदोग बुक गुफामा बस्नु भएको थियो । टागथोवा[८५] मेमे रिगजीनले चढाएको जग्गामा आजकल छामखाङतेङ भन्ने ठाउँमा बस्नु भई जप साधनागरी जगत हित गर्ने कार्यको अभ्यास पूरा गरे । साथै उहाँहरू तीनै दाज्युभाइले पिता थुतोबको अस्तुधातु राख्न तामा र चाँदीको वस्तुबाट निर्मित्त नापमान र शैली मिलेको स्तूप स्थापना गरी त्यहीँ गोम्पा स्थापना गरी राखेका थिए । पहिले लामा दोर्जे जाङपोले आमन्त्रणा गरी ल्याउनु भएको पद्मसंभवको कुछापतेर्डा = गुरुको उत्तराधिकार गर्ने पाँचवटा मूर्ति) हरू मध्ये एक रहेको, त्यो मूर्तिलाई पनि त्यही गोम्पामा आध्यात्मिक आलम्बनको रुपमा प्रतिष्ठित गरे । कालान्तरमा यी तीन भाइको शिष्य वंशज धेरै फैलिएको जता ततै छरेर बसेका थिए । शेर्पा गाउँ भएको सबैठाउँमा बुद्धका काय, वाक र चित्तको आलम्बन (गोम्पा) स्थापना गरी वार्षिक डुब्क्षो (साधन पूजा) गर्ने रीतिथिति बसाली निरन्तर रुपमा पूजा चलाइरहेका छन् वहाँको शिष्य वंशज हरूले ।

च्यातङ छ्योयिङ राङटोल

पश्चात् कर्म डेदोन र समकालमा बेन्य (गोप्यस्थान) खुम्बु क्षेत्रमा अरु पनि धेरै लामागुरुहरू उदय भएका थिए । त्यस मध्ये च्यताङ छ्योयिङ राङटोल एक हुनु हुन्थ्यो । उहाँ खेनपालुङको नजिकै पाङथो सिंसा र थाङम्या देक्षेन क्षोखोर लिङ गोम्पा आदिमा बस्नु भएको थियो । उहाँले टागकर क्षोक्यी वाङछुग लगायतका धेरै कल्याणमित्र गुरुहरूको सेवा गरेर विद्यार्जन गरेका थिए । गुह्यमन्त्र प्राचीन (ञिंम) को गंभीर धर्महरू धेरै श्रवण मनन गरेको र त्यसपछि पुनः पूर्व खुम्बु क्षेत्रमा आउनुभई त्यहाँका भाग्यमानी विनेयजन (शिष्य) हरूमा विस्तार पूर्वक प्रचार गरेर ज्ञान दिनु भएको थियो । उहाँका शिष्य वंशजका रुपमा क्षरहोग गाउँको क्याब्गोन डागवाङ ठिनल्य ल्हुनटुब मुख्य हुनुहुन्थ्यो । गुरु शिष्य उहाँहरूका समयकालमा मुख्य गरी थाङम्य देछेन छ्योखोरलिङ गोम्पाको पुनः निर्माण गर्ने काम थालनी गरी गोम्पा र त्यसमा भएको देवताहरू सबै नै नयाँ निर्माण गर्ने कार्य सम्पन्न गरेका थिए । डाग्वाङ ठिनल्य ल्हुनटुपले पनि क्षोयिङ राङटोल लगायतका ञिंमको लामागुरुहरू धेरैको सेवा गरेर ज्ञान हासिल गरेको थियो । त्यसकाल अन्तरालमा खुम्बु क्षेत्रमा प्रचार प्रसार भएका सबै धर्मउपदेशहरू उहाँले पनि श्रवन र मनन (अध्ययन) गरेको थियो । त्यसरी आफूले श्रवण मनन गरी अभ्यास समेत गरी सकेको गंभीर धर्महरू फेरि श्रद्धालु शिष्यहरूलाई प्रदान गरी प्रचार प्रसार गरेको थियो । त्यस परम्पराको मुख्य शिष्यहरूमा च्यातङ क्षोदार वा डग्वाङ नोरबु जाङपो र उहाँको पुत्र तथा शिष्य दुवै हुनु

भएको ङगवाङ छेरिङ दोनटुप दुइजना हुनुहुन्छ । गुरु छेरिङ दोनटुब उहाँका उत्तराधिकारी (अवतार) चाहिं ङग्वाङ शेडुप त्यनपी ग्यल्छेन हुनुभयो । उहाँ पनि बौद्ध धर्मको बारेमा आवश्यक शिक्षाहरू श्रवण मनन (अध्ययन) गरेर लोक हितको काममा लागिरहनु भएको अवस्थामा सन् १९५७-२००९ मा स्वर्गारोहण हुनुभयो ।

गुरु च्यातङ् छ्योदर यसले पनि बहुअधिक कल्याणमित्र गुरुका शरणमा परी धर्म श्रवण मनन धेरै गरेर वंशपरम्पराको शिष्य पनि प्रशस्तै उत्पादन गरे । त्यसमध्येको मुख्य चाहिँ टागशिङथोग गोम्पाको लामा तोगदेन ङगवाङ छुल्डिम हुनुहुन्छ ।



थाङम्या देछेन छ्योखोरलिङ गेम्पा
नाम्चे, खुम्बु

च्याताङ छ्योदर वा डुगवाङ नोरबु जाङपो

उपरोक्त च्यातङ छ्योदर वा डुगवाङ नोरबु जाङपोले तेङपोछेको दोङाग थेगक्षोगलिङ नामक गोम्पाको बाहिरी गारो र भित्री देउताहरू सम्पूर्ण निर्माण गर्नु भएको थियो । त्यस दिशामा धर्म शासन र जगत हितका लागि महान् गुरु वंश परम्परा स्थापना गरी हस्त चिन्हको कृति राख्ने व्यक्ति पनि उहाँ नै हुनु हुन्छ । उहाँ लामा गुरुको चर्या वृतान्तको बारेमा पहिले नै विस्तृत रुपमा लेखेर काठको ब्लक समेत तयार पारेको छ । त्यस वारेमा यहाँ दोहाऱ्याएर भन्नु नपर्ला तापनि उहाँको गोम्पाको बारेमा केहि वर्णन गर्न चाहन्छु । जारोङफुको लामा डुग्वाङ त्यानजीन नोरबुले पहिले साङ्वा दोर्जेले भविष्यवाणी गरेको स्थानमा धार्मिक कार्य आरंभ गर्नु पर्ने र त्यो समय सापेक्ष भएको देखेर च्यातङ छ्योदरलाई "त्यस अरण्यमा बाहिरी गारो र भित्री देवता सहितको गोम्पा स्थापना

गरी भिक्षु संघ स्थापना गर्नू" भनी प्रेरित गर्नु भएको थियो । तदनुसार डग्वाङ नोरबु जाङपोले गोम्पा स्थापना गर्ने दाताको खोजी गरे । त्यस क्रममा उहाँले शोरोङ सोलु ठेवाग गाङको लामा कर्मदोनटुप, नाग्क्षे (नाम्चे) को ठालु शेराब छेपाल, खुम्ज्युङको टागथोवा कुनजाङ समेतलाई भेटे । उहाँहरू तीन जनाले गोम्पाको बाहिरी गारो पूर्णरुपले लगाई दिने काम सहर्ष स्वीकार गरी प्रतिज्ञा समेत गरे ।

त्यसको आधारबाट भोट सम्बत १५ औं अग्नि-गरुड तदनुरुप सन् १९१६ मा वाह्य भवन स्थापना गर्ने काम प्रारंभ भयो । उहाँहरूले २८ हात लम्बाई र तदनुरुप चौढाई भएको चारकोण आकारको तीन तले गोम्पा गजुर समेत भएको स्थापना गरे । गोम्पाको भित्री आलम्बन[८६]मा लामा आफूले जोड जम्मा गरेको सूत्र र शास्त्र विषयक विभिन्न पुस्तकहरू सय ठेली भन्दा बढी भएको, शोङरोङ पाबलुपा लामा सङ्ग्या त्यानपाले चढाएको बाहिर फलेकको जिल्द, अगाडिको फिता (दोङदार) र पोको पार्ने कपडा (पेच्या) सहित भएको कग्युर र त्यानयुर, पछि श्रद्धालुहरूबाट चढाएको रुपैयाँबाट किनेको रिनछेन तेर्जो (रत्न निधिकोष) को पुस्तक सबै, भोटका छुर्फु (गोम्पा) को ब्लकमा छापेको पाँचौ दलाई लामाको कृति एकाइस (२१) ठेली, च्यागरी (नामकस्थान) को सम्पूर्ण चिकित्साग्रन्थ, त्यसै गरी आवश्यक पर्ने पाठ्य पुस्तक धेरै संख्यामा, देगे गोम्पाको रातो मसीमा छापेको ञिंमतन्त्रको ३० ठेली पुस्तक ती सबै जम्मा गर्दा बुद्धवाणी (आलम्वन) को पुस्तक जम्मा ४३१ ठेली प्राप्त भएको सबै गोम्पामा स्थापना गरेका थिए ।

बुद्धको काय (मूर्ति) आलम्बनमा पनि शोङरोङको श्रद्धालु दाताहरूबाट प्राप्त भएको सुन, चाँदी, तामा र काँस आदिका ठूला साना मूर्तिहरू जम्मा ५० वटा, पछि श्रद्धालुहरूको धन द्रव्यबाट किनेको २ वटा गरी जम्मा ७१ वटा, माटोको मूर्ति ६ हातको चारवटा स्थापना गरेका थिए । त्यसैगरी बुद्धको चित्त आलम्बनमा सुन र तामाको पाताबाट निर्माण गरेको चारवटा चैत्य आदि विधि पूर्वक

गोम्पामा स्थापना गरे। त्यस्तै सोरोङ र खुम्बु आदि ठाउँबाट प्राप्त भएको निधिकील, वज्र, घण्टा, झ्याम्टा आदि हस्तचिन्हका धार्मिक द्रव्यहरू धेरै संख्यामा प्राप्त भएको ती सबै गोम्पाकै हाताभित्र राखेका छन्। गोम्पाका लागि जुटेको सबै सरसामानहरूको राब्न्य[८७] (जीवन्यास = प्राणप्रतिष्ठा) पूजा गर्न-भूमि भेडा वर्ष तदनुसार सन् १९१९ मा जरोङफुको लामा ङगवाङ् त्यानजीन नोर्बु गुरु शिष्य सपरिवारलाई आमन्त्रणगरी विस्तृत शुभ मंगल स्तुति पाठगरी धार्मिक द्रव्यहरूको प्राणप्रतिष्ठान् र मंगलमय शुभकामना गर्नु भएको थियो।

उपर्युक्त तेङ्पोक्षे गोम्पाको मुख्य दाता सोरोङ (सोलु) ठेवाकगाङका लामा कर्म दोनडुप र पाब्लुवा लामा साङग्या त्यानपा दुई दाज्यु भाइचाहि धर्म देशना दिने, धार्मिक अभिषेक प्रदान गर्ने र गाउँघरमा पूजा पाठ गरिदिए वापत दान-दक्षिणा लिने लामा होइनन् तापनि पूर्व जन्ममा धर्म अभ्यास गरेको शक्ति दृढ भएकोले धार्मिक काम गर्न मात्र मन पराउनु हुन्थ्यो। जस्तै पहिले हाम्रो शास्त (बुद्ध) उपस्थित हुँदा राजा शुद्धोदन, त्यसपछि आगमन भएको धर्मराजा अशोक, चीनका राजाहशाङ र भोटका धर्मराजाहरू एवं तीन राष्टपिता[१०३]हरूका चर्या लीलाको अनुशरण गर्नेहरू हुन्। उहाँहरू दुई भाइ खुम्बु र शोङरोङ (सोलु) लगायतका टागकर (भोट) लबक्षी (दोलखा), सिक्किम, भुटान, वज्रासन, (बोधगया), भोट देश आदिका अधिकांश गोम्पाको तीर्थस्थलहरूमा जानु भई बढीमा तीन प्रतिष्ठान[१०४] स्थापना गरेका छन्। जसको माध्यमबाट नियमित पूजा पाठ गराउने गरेको र न्यूनतम धनसम्पत्तिले भ्याएसम्म सक्दो दान दिने गरेको छ। धर्मस्थलहरूमा उहाँहरूले दान नदिएको ठाउँ प्राय छैन होला। त्यसमध्ये यस शोङ्रोङतिर बुद्ध शासनको लागि सेवा सत्कार गरेको बृतान्त संक्षिप्तमा ब्याख्या गर्दछु।

यस गोम्पाको फोटा पेज नं. १६५ मा हेर्नुहोला।

डेल्छेदोन्देन वा ज्याम्याङ छ्योक्यी रिग्जीन

त्यसैगरी फुर्तेग (भीरको) गोम्पाबाट आफू र अरुको दुई अर्थ (राम्ररी) सिद्ध गरेका लामाहरू धेरै उत्पादन भए । उहाँहरू लामा रिगजीन छ्योक्यी ग्याल्छेन, ज्यम्याङ छ्योक्यी रिगजीन, रिगजीन काग्यु राङ्टोल, लामा फुरडुब त्यानजीन आदि हुनु हुन्थ्यो । उहाँहरू यही मानव देहमा बोधिज्ञान वा बुद्धत्व (पद) साक्षात्कार गर्न सक्ने दामङाग[८८] = अववाद, दम्पि-छ्योस्= सदधर्म, जोगछ्येन = महासन्धिको धर्मदर्शनहरू हृदयबाट अभ्यास गर्नु हुने सच्चा साधकहरू हुनुहुन्थ्यो । त्यसैले उहाँहरू साधारण लामाहरुसंग दाँज्न मिल्दैन । उहाँहरूका बाह्य, भित्री र गुह्य गरी तीन प्रकारका दोह (गीत) हरू छन् । त्यसको वर्णन गरेर सकिनन् । त्यो कुरा यहाँ व्याख्या गरेर पनि साध्य छैन तै पनि त्यस समयका विनेयजन (शिष्य) हरूले तत्काल अक्षरमा उतार्नु र नउतार्नुमा

लामा रिगजीन छ्योक्यी ग्याल्छेनको फोटो पेज नं. १६६ मा हेर्नुहोस् ।

भर परेको बुझ्नु पर्छ । यहाँ अक्षरमा उतारेको मध्येबाट उदाहरणको लागि केहि लेखेको यस्तो छ । योगेश्वर डेलछेदोनदेन वा ज्यम्याङ छ्योक्यी रिगजीनको बृत्तान्तबाट अहो ! म जन्मेको गाउँ भारत बज्रासन (बोधगया) को उत्तर दिशा, विजयश्री (चिपरी) को दक्षिण, खेनपालुङ[९८]को पश्चिम दिशा, लक्षिछ्र्चुवार र खाडोरोल्पालिङ[९०]को पूर्वदिशाको केन्द्रमा विशेषगरी हिमश्रृंखलाले सजाएको गाउँघर, तीर्थस्थानको विशेषता भएको, माथि र तल्लो खुम्बु भन्ने स्थानमा हो । यो गुरुरत्न पद्मसंभवले भविष्यवाणी गरेको स्थान हो भनी भनिएको छ । यी अभिव्यक्ति आदिबाट विस्तार पूर्वक त्यस गाउँको वर्णन गरेका छन् तापनि यहाँ केही शब्दमात्र व्याख्या गरेको हो ।

"मेरो कुल पुर्खा खाम थिम्मीबाट हो । पुर्खा फक्षेनबाट क्रमश विस्तार भएको वंशज हो, येशे ग्याल्छेनको छोरा कर्म भन्ने, मेरो पिता र माता पदम हुँटागको छोरी त्रिक्षोग डोल्मा भन्ने हुन् । म जन्मेको समय मेमोच्य अग्नि-स्त्री चरा वर्ष (तदनुसार सन् १८९७) मा हो । मेरो न्वारणको नाम सोनाम वाङदु हो ।

मेरो सुकर्म जागृत भएको वृत्तान्त यस्तो छ । बाल्यकाल देखि नै पढ्ने काममा केही दु:ख गर्नु परेन, लेख्न पनि सजिलैसंग जाने" आदि भन्नु भएको छ । साथै उहाँले लामा भाषाको दोह (गीत) पनि ठुलठुला अक्षरमा लेखेको २५३ पन्ना जति छन् ।[1] त्यस भित्र लामा आफ्ना वृत्तान्त अति संक्षिप्तमा लेख्नु भएको छ । त्यस गीतमा उहाँले आफ्नो जीवनमा प्रत्यक्ष घटेका दुखद घटनाको चित्रण गर्नु भएको पाइन्छ । उदाहरणार्थ उहाँ ३० वर्षको हुँदा भोट उचाङ तिरको तीर्थ यात्रामा जानु भएको त्यस बारेमा लेखेको दोह (गीत) यसरी प्रस्तुत गर्नुभएको छ । यसलाई लामा स्वयम्को भाषामा यसरी प्रस्तुत गर्दछु "हामी बिहानै उठेर हिड्यौं । उज्यालो हुनासाथ महाविहार ढ्यापुङ गोम्पा[९१] मुनि पुग्यौं, श्रद्धाले टाढाबाट मण्डल चढाई ढोक गऱ्यौं । अनि प्रार्थना गर्न

---

१ उहाँका दोह १३१ पृष्टाङ्कको पुरातत्त्व विभाग राष्ट्रिय, अभिलेखालय रामशाह पथमा माइक्रो फिल्म बनाइराखेको छ ।

विहार भित्रै जान अनुमति माग्न गयौ । कारणवश मूलढोकामा एउटा भिक्षुसंग भेट भयो । उनलाई हामीहरू लतो खुम्बु (प्रदेश) का तीर्थयात्रीहरू हौ, र गोम्पाको दर्शन गर्न आएका हौं । अनुमति दिनुहोस् भनी बिन्ति गर्दा जवाफमा (उनले) पुरुषहरूले अनुमति लिनु पर्दैन स्त्रीहरूका लागि महासंघ[९२]को सदस्य समक्ष अनुमति माग्नुपर्छ भने । त्यसपछि हामी अनुमतिको लागि उँभोतिर सोद्धै गयौ । महासंघको अगाडि ढोकामा एक जना धर्मकर्मीसंग भेट्यौं । उनलाई ढोग (नमस्कार) गरी अनुमति माग्यौं । उनीहरूले हाम्रो अवस्था (स्थिति) नियालेर हेर्‍यौ । हामीहरू साँच्चै गरिब मगन्ते जस्तै थियौं, हाम्रो हातमा राम्रो मूल्यवान खताग पनि थिएन, गोम्पामा चढाउन केही लगेका पनि थिएनौं । हाम्रो यस्तो गरिबीपन उनीहरूका लागि अपाच्य भयो तर पनि हामीले बिन्तिभाउ गरिनै रहेका थियौ । एक्कासी उनीहरू आगो दन्के झैं रिसाए । तिनीहरूले हामीलाई झपार्दै भन्यो । हामी रिवोगेदेनपा गेलुक्पाहरूलाई साह्रै खिसी गर्‍यो, यिनीहरूलाई हान् पिट पिट भन्दै लोहको छडीले हानेर, मूलढोका बाहिर तिर निकाल्यो ।

फलाम बाँधेको रातो चन्दनको चारपाटे दण्डी आकाशमा फिर फिर घुमाउँदै हिर्काउन लाग्यो । कालो मान्छे, सेतो बक्खु लगाएको मोश्व नामक पुरानो टोप लगाएको, ढ्यापुङ गोम्पाको एकजना कर्मचारीले लोहदण्डी मच्चाउदै आउँदा हामीहरू सबै हट्यौं डर र त्रासले हामीहरू कुकुरले लखेटेको कस्तुरी जस्तै चारहात सम्म उफ्रिन्दै भाग्यौं र केही सुरक्षित ठाउँमा पुग्यौं । शरीर काम्दै मुटु ढुकढुक गर्दै मुखबाट मुटु निक्लिन्छकि जस्तै गरी हामीहरू त्यहाँबाट फर्क्यौं । दिक्क हुँदा आँखा रसाउने अवस्थामा पुर्‍याइदियो अनि मैले जबावमा दुखित हृदयको अन्तरकुनाबाट विष्फोटन भै निस्केको दु:खको गीत लय वद्ध भएको त्यो यसरी प्रस्तुत गरें–

अहो ! छल कपट नभएको त्रिरत्न[९३]लाई
तीव्र संताप मनले अभिवादन गर्दछु ।
कल्याणमित्र गुरु सन्तका नजर (शरण) मा

पर्न आशीर्वाद दिनु होस् ।
जिन (बुद्ध) ले अनुष्ठान गरेका तीर्थस्थान
सुखावतीभुवन भै ढ्यापुङ गोम्पाको
दक्षसिद्ध पंडितहरू र
धर्मकर्मीहरू सुन्नुहोस्,
तपाईहरूले मलाई चिनेनौ ?
तपाईहरूले मलाई नचिने
खुम्बु क्षेत्रको त्यागी योगी
ज्याम्याङ छ्योक्यी रिगजीन हुँ म ।
आमाको गर्भबाटै श्रद्धा पलाई
विचार गर्न जानेर धर्मद्वारमा प्रवेश गरे ।
अक्षर र ज्योतिष आदि साहित्य सबै
संकेत देखाएका मात्रले राम्ररी जन्ने भएँ ।
तेह्रदेखि पच्चीस वर्षसम्म
कातेर (सूत्रमन्त्र) तन्त्र र आगम तथा उपदेशको
अभिषेक, आगम र उपदेश तीन सबै
गुरु **क्षोक्यी ग्यालछेन**को समुन्नेबाट प्राप्त गरेँ ।
महातीर्थस्थान जयश्री (चिप्रीमा)
दुई महिनासम्म षडंग (ढोग) अर्पण गर्दा
दुई आवरण[९४] शुद्ध भएको पूर्व संकेतहरू
सुत्दा सपनामा स्पष्ट देख्न पाएँ ।
कृपालु महाविद्याधर गुरुको
पुत्र शिष्य एक हजार एकसय भए पनि
कर्ण परम्पराको संपूर्ण उपदेशहरू
उत्तराधिकारीको रुपमा अभिषेक मलाई प्रदान गर्नु भयो ।
पिताको पीठ (आसन) ग्रहन गर्नका लागि
मान्छे कोही नभएको गुफामा
तीन वर्षे अवधिको धेरै पटक कठोर तप (ध्यान) गरी

इष्टदेवको जप साधना पूरा गरेँ ।
त्यसैले म आज नै मर्नु परे पनि
तीन दुर्गतिमा पतन नहुने स्थिति
बोधभएको मलाई आत्मा विश्वास र
संदेह नभएको मनमा उदाएको छ ।
त्यसैगरी मनमा यस्तो संझिन्छु ।
भोटको यस हिमवत खण्ड (प्रान्त)मा
चोङ्खपा गुरु चेला आदिको धार्मिकस्थलमा
बुद्धका अचिंत्य निर्माण कायहरू भएको
चाङ (प्रान्त) को टशि ल्हुनपो गोम्पा
केन्द्रको सेरा, गादेन र ढ्यापुङ आदिको
शुभ नाम कृति बेसरी सुनेको हुनाले
आस्था र श्रद्धाले म दर्शन गर्न आए ।
टाढा बाटोमा सामल सकेकाले
खाना नभै शरीरको मासु सुक्यो ।
त्यसमा पनि हावा, घामले कालो भएँ ।
लुगा फाटेकाले झुम्रेवाला थोत्रो
अमनुष्य महाभूत जस्तो भएको
नराम्रो लुगा र कुरुप भएको मैले
दुई जना धर्ममित्र भेटी गोम्पामा
दर्शन गर्न पाउँ भनी बिन्ति गर्दा
शरीर नराम्रो यमराज जस्तो
मुखअँकी अनुहार निचारी कराल दाँत
डर लाग्दो कडा आवाज
गेलुग्पाको अपमान गर्नेलाई कुट र पिट
चित्त आगो ज्वाला झैं दन्केर
हातको लट्ठी (आकाश) तिर घुमाउदै
यमदूत राक्षसको अनुहारवालाले

हतियार लिएर आदेश दिए झै गरे ।
करुणा र मैत्रीभाव नभएको
शासनधर भएर लोकलाई बचाउने
गाह्रो होला भनी श्रद्धा उल्ट्यो ।
क्षमा गर्नु होस् कल्याणमित्र
भगवान् शाक्य मुनि (बुद्ध)ले
सूत्र र तन्त्र दुधको सागरबाट
विनयधर[१५] कल्याणमित्र र
धर्म गर्ने भन्तेहरूका लागि
दुईसय पचास धार्मिक नियम
सेतो र कालोको लिने दिने
सूक्ष्म हेतु फल मान्नु पर्ने
कल्याणमित्र तपाईले सुनेनौ ?
सुने पनि कार्यान्वयन गरेनौ ?
गरे गोम्पा दर्शन गर्न आएको
गरिब जोगी हामीहरूलाई
कुटपिट गर्नु उचित हुन्छ ?
चिया थुक्पा, अघौची खाएर
न्यानो लुगा लगाए पनि
जगत (प्राणी) लाई दया नभएकाहरू
मपाई गर्ने पुरुषार्थ होइनन्
बिन्ति गर्नु पर्ने धेरै भए पनि
आइन्दा तीर्थयात्रीहरूलाई
गाली नगरी मैत्री भावमा
दर्शन गर्न दिनु होस् आदि इत्यादि ।

यस्तै यो लामाको आत्मग्रह नष्ट भएको (प्रमाण स्वरूप उहाँको) अभिव्यक्ति अक्षरमा उतारेको यस्तो छ ।

एक समय देछेन छ्चोफुगमा डुब्क्षो (महापूजा साधना) गर्दा

लामा लावासंग मेरो भेट भयो । त्यसबेला मेरो शिरको जटाको बीचमा सानो ठेली पुस्तक बाँधेको थियो । त्यो देखेर लामा लावालाई चित्त नपरी उहाँले यसो भन्नु भयो । चोङ्खपा गुरु शिष्यहरूले बाहेक अरु जो सुकैले शिरमा करण्ड (ग्रन्थठेली) लगाउन मिल्दैन । त्यस्तै कुरामा विवाद उठ्यो । त्यतिमात्र नभई जाँडको कारणले गर्दा हामी दुई योगीले अलिकति त हातपात पनि गर्नुपर्‍यो । लामा लावाको दायाँ कानको रिङ (मुन्द्री) भाँच्नुपरेको जस्तो अनैतिक कामहरू पनि हामी दुवैले अलि बढी नै गर्नु परेको थियो । त्यस्तो भूल भएकोमा ठूलो पश्चतापको रुपमा यो गीत लेखेको हो ।

हाय ! स्वसंवेदनज्ञान[९७]को रुपमा देख्ने लामाको
तीन विष[९८] क्लेश बढेको शिष्यले
त्रिकायज्ञान[९९]को यो क्षमा याचना गरेको हुँदा
अजात धर्मधातुको अवस्थाबाट ग्रहण (क्षमा) गर्नुहोस् ।
अनुचित शरीरले हात छोड्ने, खुट्टा छोड्ने
अनुचित मुखले भन्ने नभन्ने बोल्ने
अनुचित चित्तले अहम् र रिस गर्दा
विवाहमा अनुचित गरेको क्षमा याचना गर्छु ।
उन्मत बिचार गर्ने योगी दुई
राग द्वेषको भावना गर्ने भावक दुई
चर्या, खरो बनी गर्ने योगी दुईले
वचन विपरीत गरेकोमा क्षमा माग्दछु ।
शिरमा जटा बाँधेको जट्टे दुई
जीउमा सेतो लाएको सेते दुई
घाँटीमा डोरी[१००] बाँधेको भावक दुई
समरस सेवन गरेकोमा क्षमा माग्दछु ।
मान्छे नभएको वनमा एक्लै भावना गर्दा
धर्म गरी ६ लोक प्राणी सबैलाई
मैत्री करुणा, सद्भावको अभ्यासले

मित्र, बन्धु जसरी सबै मेल मिलाप गरेनी
लोकको भेला र भोज भतेरमा आइपुग्दा
शेषले बुद्धि बिग्री अज्ञानवश
खाते मामालाई जाँडको मत लाग्दा
निच (व्यवहार) गर्नु परेकोमा क्षमा माग्दछु ।
वनमा ध्यान गर्दा क्लेश देख्दै नदेख्दा
बुद्ध आफू भन्दा (अरु) नभएको सम्झिने
दुष्कारणमा पर्दा क्लेश रुपी मार ठूलो भई
दुष्कारण सदुपयोग नभएकोमा क्षमा माग्दछु ।
दोषमा परी दुष्कर्म जति साँचे पनि
गुरु इष्टदेव र डाकिनीहरू समक्ष क्षमा याचना गर्छु ।
विज्ञ सन्तका संघले क्षमा गरि दिनुहोस् ।
दुई आवरण शुद्ध भई त्रिकाय सहजसिद्ध होओस् ।

भनी भन्नु भएको छ । यो दोह (गीत) त पश्चाताप गर्ने विधिमा अत्यन्त दक्षता पूर्वक लेखिएकोछ । (कसैलाई दोह यतिमात्र हैन भन्ने भान भए) यतिमात्रले नै उहाँ शासनधर[१०१] सदपुरुष भएको बोध (प्रमाणित) हुन्छ । सूत्रमा बुद्धले "शासनको ध्वजा फर फराएर मारको ध्वजा ढाल्ने शासनधर व्यक्ति दुईवटा मात्र छन्" भन्नु भएको छ । त्यसमध्ये एउटा चाहिँ यस प्रकारको व्यक्तिलाई भन्नु भएको हो । नागार्जुनले– "पहिले जति बेहोस भएपनि पछिबाट मानिस सचेत भएमा, बादलबाट निस्केको चन्द्रमा जस्तो अति सुन्दर हुन्छ" भनिएको छ । जस्तै नन्द, अंगुलीमाला, दर्शनी र शतवहनहरू आदि इत्यादि भन्नु भएको यो भन्दा अलग छैन् । त्यसैले पृथक्जन[१०२]को भूमिस्तरमा जन्मेका हामी सबैले बुझ्नुपर्ने अति मार्मिक उपदेश हो यो ।

त्यस्तै उहाँ गुरु (लामा) का धर्ममित्र र शिष्य दुबै हुनु भएका **कार्ग्यु छ्योक्यि रिगजीन**को दोह (गीत) सेतो कमललता नमक दोहबाट संक्षिप्तमा संग्रह गरेको श्लोक (पद्य) को एकांश मात्र उदाहरणको लागि प्रस्तुत गरेको यस्तो छः

जन्मेको ठाउँ चाहिँ पूर्व खुम्बुको लेक,
रत्नचित्त जस्तो रातो आकारको भित्तामा
जन्मेकी आमाले मेरो नाम ख्यिठुग राखीन्
मन्त्र विद्याधर **पद्म ल्वोङसाल** समक्ष
कपाल खौरी शरीर बदलेको नाम त्यानजीन होसेर हो ।
त्यही ठाउँमा जन्मनु भएका जोगक्षेन (महासन्धि) गुरु
विद्याधर छ्चोक्यी ग्याल्छेनको शरणमा परी
विद्याधरको अभिषेकलिई पूर्वभ्यास र मूल
साधना जप गरें आदि इत्यादि उद्गारहरू छन् ।

त्यसैगरी खुम्बुको क्यरोग सङ्डाग छ्चोलिङ् गोम्पा, त्यस्तै नागछे (नाम्चे) गोम्पा, खुम्ज्योङ गोम्पा, देवोछे गोम्पा आदि खुम्बु क्षेत्रमा गोम्पाहरू स्थापना गर्ने सन्त महापुरुषहरू धेरै आगमन भई धर्म प्रचार गरेका छन् । ती गोम्पाहरू उहाँहरूको अति उत्तम धार्मिक हस्त चिन्हहरू हुन् । उक्त दोह (गीत) हरू सबै त्यसरी धर्म प्रचार गरेको शुभ संकेतहरू नै हुन् ।



लुक्ला गोम्पा

लामा कर्म दोनटुब

लामा कर्म दोनटुबले तेङ्पोछे गोम्पा आदिमा विद्यालय र पुस्तकालय लगायत अन्य विद्यालय (गोम्पा) मा पनि तीन प्रतिष्ठान स्थापना गर्ने कार्य देखि लिएर बुद्ध शासनको लागि एकदम ठूलो काम गर्नु हनु महानुभव हुनुहुन्छ । त्यतिमात्र नभएर आफ्नो गाउँ शोङ्रोङ ठेवाकगाङमा पनि तीन तलाको ठूलो विद्यालय (गोम्पा) स्थापना गरेको छ । त्यसको भित्री प्रतिष्ठानमा कग्युर[१०५] (बुद्धवचन) र त्यनग्युर[१०६] (बौद्धवाङमय) को संपूर्ण ग्रंथहरू रिनछेनतेर्जो[१०७] (रत्ननिधिकोष) लोङ्छेनजोदुन[१०८] = लोङछेनपा गुरुको सप्तकोष ग्रंन्थ, मनिकाबुम = स्रोङचेन गोम्पाको वाणी, काथङ देङा = पद्म्संभवको जीवनी लगायत प्राचीन र अर्वाचीन लामा गुरुहरूको जीवनी र विभिन्न शास्त्र (ग्रन्थ) हरू गरी जम्मा ४०० ठेली भन्दा बढी पुस्तकहरू राखे का छन् । त्यसै गरी बुद्ध काय प्रतिष्ठान (मूर्ति) हरू सुन, तामा, काँस समेतको ठूलो सानो गरी जम्मा ३० वटा जति मूर्ति स्थापना गरेको र चित्त प्रतिष्ठानमा ठूलो सानो विभिन्न प्रकारका स्तूपहरू स्थापना गरेका छन् । त्यतिमात्र नभई चीनमा बनाएको झ्याम्टा, भोटमा बनाएको सिलञ्यान गरी जम्मा १० जोर जति झ्याम्टा, डमरु, घण्टी, कील (फुर्पा) ढ्याङरो, ग्यलिङ (धार्मिक बाजा) आदि गोम्पामा आवश्यक पर्ने धार्मिक वाद्यवादनका माल सामानहरू अपुरो नहुनेगरी जम्मा गरे । चाँदी र काँसको जल चढाउने कचौरा (तिङ)[१०९] ठूलो सानो गरी सात सात जोरको १० थान भन्दा बढी जम्मा गरेको, त्यसै गरी बत्तिको धेरै दीयो जम्मा गरी नित्य दीपबत्ति चढाउने गरेको, सालै पिछे कग्युर र त्यन्ग्युर पुस्तकहरू सबै पाठ गराउन बजेट (गुठी) राखेको, गोम्पाको

पूजारीलाई खाजा सामल पुग्नेगरी जग्गा बारी व्यबस्था गरेको आदि छन् । उहाँहरूले बुद्ध शासन सद्धर्म फैलाउन अतुलनीय साधन मात्र झुटाउनु पर्ने झै गरी शुभकार्य गर्नु भएका थिए ।

त्यसैगरी पाबलुपा लामा साङ्ग्य त्यानपाले चिवाङ गोम्पाको बाहिरी गाह्रो मात्र नभई भित्र मूर्तिकला सामग्री सबै पूरा भएको गन्धकुटी स्थापना गरेको थियो । यस अघि सन् १९१४ जतिमा गोनज्योङको टशि थोङमोन गोम्पा त्यो जीर्ण र पुरानो भएको कारणले विभिन्न उपाय कौशल्यको माध्यमबाट जगदेखि भत्काई नयाँ निर्माण गर्नु भयो । त्यसको भित्री प्रतिष्ठानमा पनि शुद्ध माटोको वस्तुबाट बनाएको षडरत्नआसन[११०] सहित तेह्र हातको अमिताभबुद्ध पृष्ठासन समेत भएको स्थापना गरे । त्यसको दायाँपट्टि आसनमा बसेका चार हाते अवलोकितेश्वर यसको उच्चाईमान दश (१०) कुहिना भएको र बायाँपट्टि औडियानको गुरु पद्मसंभव आसनमा बसेको, उच्चाइ मान लोकेश्वर समान भएको स्थापना गरेका थिए । त्यसरी पश्चिम सुखावती भुवनको पद्मकुलिन तीन मुख्य (बुद्ध) अमिताभ गुरु शिष्य[१११] र अरु पनि पहिले देखिनै त्यस गोम्पामा भएका गुरु पद्मसंभवको महत्वपूर्ण दर्शनमुक्ति (थोङटोल)[११२] मूर्ति लगायत सुन, तामा र काँसको मूर्तिहरू तथा त्यस पछि प्राप्त भएको सुन र तामाको मूर्ति गरी जम्मा १७ वटा जति बुद्ध काय प्रतिष्ठानको रूपमा स्थापना गरेका छन् । त्यसरी नै वाणी प्रतिष्ठानको रूपमा ग्रन्थहरू कग्युर र त्यनग्युर लगायतका विभिन्न पुस्तकहरू तथा चित्तको प्रतिष्ठानमा पहिले भएको **पद्म थुतोब** (गुरु) को अस्थिधातुको महत्वपूर्ण चैत्य लगायत र त्यस्तै विभिन्न चैत्यहरू प्रतिस्थापित गरे । त्यति मात्र नभई गोम्पाको माथिल्लो तला र तलका भित्ताहरूमा आकर्षक देव मण्डलको चित्रहरू अष्टहेरुक, कील, वज्रसत्त्व, रत्नसमुच्चय[११३], चारहाते विजयादेवी, पण्डरक (महादेव) राहु, दमचन (ब्रती) धर्मपालहरू तीन समूहका पूजनीय, चार दिकपाल[११४] र भवचक्र आदिका चित्रले सजाएको थियो । गोम्पाको छानामा सुन पानीको रंग लगाएको माथि मान ५ हात जतिको तामाको

गजुर स्थापना गरी सबै सामग्री सुसम्पन्न भएको गोम्पा स्थापना गरे को, त्यसैगरी नियमित पूजा र पूजारीको तलब, गोम्पाको दायाँ बायाँ पट्टिबाट घुम्ने बाटो र आँगनमा ढुङ्गाको पाता विच्छाइएका थिए । त्यस वरिपरिको परिधिमा पर्खाल र त्यस भित्र लामा टापाको संघाराम, अर्थात् मणिगोम्पा ९० करोड मणि (मन्त्र) राखेको मणिगोम्पा स्थापना गरे । त्यसभित्र पनि विजय ध्वजा, पताका, वितान (ल्वटे) आदि र साङदुङ (तामाको शंख) ग्यालिङ (विशाल बाजा), जलार्पण तिङ (कचौरा), पानी चढाउने तामाको (केन), धुपौरो, ठूला ढ्याङरो, झ्याम्टा, नलिहाड (बाजा) शंख इत्यादि जोरजम्मा गरेका थिए । गद्दी (आसन) उच्च टेबुल, संघ आसनमा राम्रो गलैचा लगायत सामान्य गोम्पामा चाहिने धार्मिक माल सामानहरू अपुरो नभएका क्रमश: जोरजम्मा गरी यस अघिको भन्दा सम्पन्न भएको बनाएको थियो । त्यस पछि (विहार) गोम्पाको नाम पनि गोनज्योङ दोनटुब छूचोलिङ नामकरण गरे ।



गोनज्योङ टशिथोङमोन गोम्पा, जुनवेशी, सोलु

लामा सङग्य त्यन्पा

त्यसरी नै पहिले र अहिलेका सम्पूर्ण शेर्पाहरू मध्ये अति महान् हुनु भएका वीर तथा वीरांगना लामा सङग्या त्यानपा दम्पत्तिको आत्मीय कारणबाट विशुद्ध चित्तोत्पाद[११५] भएकाले भोट सम्बत १५ औं अग्नि-सर्प तदनुसार सन् १९१० मा भिक्षु संघ बस्ने विहार (गोम्पा) स्थापना गर्न जग्गा निरीक्षण गर्दा च्यिगाङमा जग्गा राम्रो भएको देखे । तसर्थ सदस्यहरू सबै एक मत भई एकै श्वरले बोल्दै त्यस स्थानमा गोम्पा स्थापना गर्न अनुमोदन गरे । त्यहाँ शुभ कार्यको एक समारोह आयोजना गरी गोम्पाको शिलान्यास गरे । त्यस स्थानमा राम्रो झ्याल ढोकाले सजाएको तीन तलको, उच्च स्तरको गोम्पा स्थापना गरे । त्यसभित्रको प्रतिष्ठान (बुद्ध कायप्रतिनिधि) को रूपमा काँस, सुन र तामाको धातु इत्यादिबाट निर्माण गरेको १०० थान जति मूर्ति र बुद्ध वचनको रुपमा कग्युर पुस्तक तथा बौद्ध विद्वान् (अनुयायीहरूका कृति) सम्पूर्ण त्यनग्युर पुस्तक,

प्राचीन (ञिंम) संप्रदायको गंभीर रत्ननिधिकोष (रिन्क्षेन तेरजोद्) भोटको दक्षसिद्ध दुई गुणयुक्त लामा गुरुहरूको कृतिहरू अधिकांश बौद्ध वाङमयका ग्रन्थहरू, कलाकृतिले सजाएको दराजमा सजाई राखेको थियो । त्यसै गरी ढुङ्गा र माटोको वस्तुबाट निर्माण गरेको एउटा ठूलो चैत्य, सुन र तामा आदि धातुबाट निर्माण गरेको चित्त प्रतिनिधि (प्रतिष्ठान) को वस्तुहरू स्थापना गरेका थिए । त्यतिमात्र नभएर प्रव्रजित भेषभूषा (काषायवस्त्र) लगाएका शीललेयुक्त भएका भिक्षु र श्रमणेरहरू त्यस गोम्पामा राखे । गोम्पाको सदस्य भएको ५० जना जति भिक्षु संघलाई नियमित भोजन आदिको लागि गुठिको व्यवस्था पनि गरे । महाकारुणिक सुगत समुच्चय[११६] साधना विधिको माध्यमबाट लोकको हित हुने काम गरे । सालिन्दा मणि जप गर्नुको साथै तान्त्रिक नृत्य[११७], दीर्घायुको अभिषेक[११८] आदि प्रदान गर्ने साधन श्रोतको लागि कोषको ब्यवस्था गरेका थिए ।

त्यसै गरी वज्रसत्त्वको साधना (महापूजा) गर्न, शुक्लपक्ष र कृष्ण पक्षको दशमीपूजा[११९] गर्न, बुद्ध जयन्तीमा अष्टशील[१२०] लिएर शील पालना गरिने "ञ्युङन्य"[१२१] पूजा आदिको लागि पनि जतिसक्दो कोष खडा गरिराखे । बिहान सधैं भिक्षु संघलाई चियादान गर्ने, भिक्षु संघमा प्रवेश गर्न लागेको सम्पूर्ण भिक्षुलाई काषायवस्त्र दान गर्ने, गोम्पाको मूलपूजा कक्षमा, गलैचा सहितको उच्च आसन सजाउने सामान, भोजनालयमा आवश्यक पर्ने टेबल, कुर्सी लगायत सम्पूर्ण माल सामानहरू, तीन प्रतिष्ठान (मूर्तिहरू) को सामुन्नेमा नियमित घिउको बत्ति चढाउन र समसामयिक पूजाको लागि चाहिने सामानको व्यवस्था गरेका थिए । विहार (गोम्पा) को माथिल्लो तला, बीच र तलो तल्लामा महावस्त्र (Gochen) बाट बनेको छत्र, विजयध्वजा, पताका, वितान, (ल्वटे), थाम सजाउने बस्त्र (कफेन) तामाको लामोशंख दुङछेन, ठूलो र सानो ढ्याङरो, झ्याम्टा, स्वेत शंख, नलिहाड (कंकाल) को शंख, डमरु, घण्टी, ठूलो घण्टा, ताल (बाजा), जलअर्पण वर्तन (तिङ) दीयो का सामानहरू जोड जम्मा गरे । त्यसरी गोम्पामा कुनै चीज अधुरो

नहुने गरी व्यवस्था गरेको त्यस गोम्पाको नाम "पालग्यी च्यिगोन" नामकरण गरे । त्यो गोम्पाको विहंग/परिसरमा प्रवेश गर्दा श्रद्धालु भक्तजनहरू स्वत: श्रद्धा बढ्ने खालको सहजै उनीहरूको शिर निहुरिनु पर्ने तवरले गोम्पा स्थापना गरेको थियो ।

त्यसपछि पालच्यिगोम्पाको पर्खालको बाहिर पट्टि कलाकृतिले सजाएको लामा सङग्या आफ्नो निवास स्थापना गरे । त्यसको सङ्गै अत्यन्त राम्रो एउटा भवन, चार तह भएको पूजा भवन पनि स्थापना गरे । त्यस भित्रको प्रतिष्ठानहरूमा सुन र तामाको मूर्ति, रत्ननिधिको षको पुस्तक, प्राचीन त्रिंमको तन्त्रग्रंथ, बुद्धवचन कग्युर आदि बौद्ध वाङ्मयका पुस्तकहरू चैत्य र हस्तचिन्ह (वज्र) आदि महत्वपूर्ण प्रतिष्ठानका द्रव्यहरू स्थापना गरे । त्यसको समक्ष स्तंभाम्वर, छात्र, विजयध्वजा जस्ता विभिन्न धार्मिक द्रव्यहरू सजाए । त्यस्तै ठूलो सहनाई, ढ्याङग्रो आदि धार्मिक वाद्यवादन, सुनको दीयो, चाँदीको जलअर्पर्ण गर्ने वर्तन आदि जोर जम्मा गरेको विभिन्न पूजाआजाका भाँडामा घिउको बत्ति, धूप बत्ति र विभिन्न धार्मिक द्रव्यको वर्तनमा पूजार्पण गर्न पूजारी र पर्वहरूमा आवश्यक पर्ने खर्चको लागि कोषको व्यवस्था गरे । त्यतिमात्र नभएर गोम्पाको दाँया र बाँया तिर **मणिदुङखोर**[१२२] (दश करोड मणिमन्त्र) को मणि गोम्पा, पानीद्वारा घुम्ने मणि, ढुङ्गाको मणि, हातमा घुमाउने मणि मन्त्र र धार्मिक साधन लगायत सन्तदेव धर्मसंग संवन्धित कृतिहरू वाक्यले वर्णन गरी नसक्ने गरी निर्माण गरी हस्त चिन्ह राख्नु भएको थियो । ती दुई वीर दम्पतीले पनि मुखबाट त्रिशरण गमन पाठ गर्ने र मणि जप गर्ने, मन्त्र गर्जन गरी जप गर्ने शुभ कार्यदेखि कहिल्यै वियोग नभई रहने गरेको, हातमा जप माला र चाँदीको मणिचक्र समातेर घुमाई रहने कार्यदेखि अवियोग भई धर्मकर्ममा लागि रहनु भयो ।

त्यसरी पूर्व जन्मको पाप शोधन गर्ने, यस जीवनको बाधा व्यवधान निवारण र भविष्यमा पुण्य कमाउनको लागि लक्षितगरी वर्षेनी कग्युर (बुद्धबचन) पाठ गर्ने **ग्यश्यि**[१२३] (दशाग्रह) फाल्ने पूजा

गर्ने, महिनै पिछे वज्रच्छेदिकाप्रज्ञापारमिता (दोर्जे च्योद्प) पाठ गर्ने, **गणचक्रपूजा**[१२४] गर्ने, हप्ता हप्तामा सूत्रसंग्रह पाठ गर्ने, भोज लगाउने, दिनौँ साङ (धूप) पूजा र सेरक्येम् (देवदेवीलाई सगुन राखी गरिने पूजा) गर्ने र गराउनु भएको छ । त्यसैको आधारमा समय समयमा दिर्घायुको अभिषेक (छेवाङ) लिने, दान दक्षिणा दिने, **दुर्गति**[१२५]मा पतन भएका प्राणीहरूलाई **तोर्मा**[१२६]को माध्यमबाट पूजागरी आहार दिने, गरिब दु:खीहरूलाई खान लाउन (दान) दिई सन्तुष्ट पार्ने, तीर्थयात्रीहरूलाई बाटो खर्च दिई पठाउने, बाह्यधर्म[१२७]मा प्रवेश गरेकाहरूलाई पनि द्वेष नगरी जति सक्दो दान दक्षिणा प्रदान गर्ने आदि कार्यले निकै लामो समय पार गर्नु भयो । ती दम्पतिले त्यस किसिमका कृति र अद्भुत शुभ कार्यको माध्यमबाट मधुर सुकृतिले सबै दिशा ढकमक्क पारेका छन् ।

त्यसैगरी टागकर छूचोक्यि वाङछुगको मुख्य शिष्य, ञाङकुलको **कर्म ङेदोन त्यानपेल** र उहाँका शिष्य विद्याधर **ओर्ग्यन सङङाग त्याञ्जीन,** उहाँको पनि शिष्य ञाङकुलीन **पद्म छेवाङ थुतोव** उहाँहरू तीनले पनि पहिले त्यस दिशामा प्रचार भएका धर्महरू पतन हुन नदिन अथक प्रयास (अभ्यास) गरी शासन भर ग्रहण गरेका थिए । त्यस माथि टागकर तासो खाम र लतो स्थान तिरको बहुत अधिक दक्षसिद्धगुरूहरूबाट प्राचीन ञिंम परम्पराको सूत्र र **ञिंमाका तीनतन्त्रबर्ग**[१२८]ग्रंथको अभिषेक, आगम र उपदेशहरू राम्ररी प्रदान गरेको उहाँहरू मार्फत् धार्मिक क्षेत्र सोङरोङ (सोलु) तिर विस्तृत रूपमा प्रचार प्रसार गर्ने काम भएको थियो । त्यसैगरी विहार स्थापना गर्ने, तीन प्रतिष्ठान भएको गोम्पा स्थापना गर्ने, लोक गृहस्थीको गाउँ र नगर नजिक भएको ठूलो ढुङ्गामा मणि (ॐ मणि पद्मेहूँह्री:) खोप्न लगाउने र चैत्य स्थापना गर्ने जस्ता शुभ कार्यको हस्तचिन्ह धेरै राखेका छन् । गाउँको बीचमा संघका लागि एक एकवटा गोम्पा स्थापना गरी विहान बेलुकी अटुट रुपमा पूजा पाठ गराई राम्रो परम्पराका शुभ आरम्भ गर्ने जस्ता शुभ मंगल एवं राम्रा परम्पराका सदप्रभाव व्यापक पारिराखेका थिए ।

त्यसैले तत्काल प्राचीन ञिंमा सम्प्रदायिक शासनको चम्किलो रोशनीहरू मोह रुपी अन्धकारमय लोकमा प्रसारण हुँदा घाम, जुन र ताराहरू सबै एकै पल्ट यस लोकमा उदाएको जस्तो भएका छन् यस दिशामा । त्यसैगरी त्यस बेला लामा छेवाङरत्नले पनि ञाङकुलका साङङाग त्यञ्जीन र त्यस अघिको गुरुले भोटे गुरू कर्मनामग्यलबाट प्राचीन ञिंम परम्परा लगायत धर्महरू धेरै श्रवन र मननगरी शोङरोङ (सोलु) दिशामा प्रचार गर्नु भएको थियो । त्यति मात्रले सन्तोष नमानी ज्यासा धर्मस्थल (रिठो) मा गोम्पा र त्यसभित्र देवताका मूर्तिहरू स्थापनागरी लामाभिक्षु संघ विस्तार गरेको थियो ।

अब ज्यासा धर्मस्थल (रिठो) मा गोम्पा स्थापना गरेको बृतान्त छोटकरीमा प्रस्तुत गरिन्छ ।



पाल च्यिवाङ गोम्पा, सोलु

ज्यासा गोम्पा

पहिले ञाङ ञिंमा होसेर गुरुबाट क्रमशः प्रचार भइ फैलिदै आएको गुरु वंशज, लामा कुनजाङ ज्याम्पालको सुपुत्र साङ्डाग त्याञ्जीन भन्ने हुनु हुन्थ्यो । उहाँ टागथोग पुचिग गोम्पामा केही वर्ष वस्नु भए पछि ज्यासाको रिठो नजिकैको धर्मस्थल शलपुङग्यिल भन्ने नजिकैको ठाउँमा सरेर बसे । एक दिन उहाँले त्यहाँबाट दृष्टि दिंदा एक ठाउँमा इन्द्रेणी लागिरहेको देखे । त्यस दिनदेखि त्यस स्थानमा सधैं नै इन्द्रेणी लागिरहेको देखेको हुँदा लामाको भावनामा यस्तो बिचार उत्पन्न भयो । "त्यो स्थान अन्य ठाउँसंग तुलनागरी हेर्न मिल्दैन । सधै त्यसरी इन्द्रेणीले ढाकिरहने त्यसलाई राम्ररी विचार गर्दा महत्वपूर्ण स्थान भएको निश्चित हुन्छ । त्यसैले त्यहाँ सर्नु उचित होला" भनी त्यही ठाउँमा सरेर आफ्नो बसोबास स्थान बनाए । त्यसपछि त्यहाँ उपासक दाता र शिष्यपुत्र चेलाहरू पनि धेरै नै जम्मा भए । त्यसैले गर्दा हौसला प्राप्त भई उहाँले त्यस स्थानमा सानो गोम्पा स्थापना गरे । इन्द्रेणी लागिरहने ठाउँमा बनाएको गोम्पा भएकाले गोम्पाको नाम नै ज्यासा (इन्द्रेणी) गोम्पा भन्ने राखे । त्यसपछि लामा साङडाग त्यञ्जीन परलोक हुनु भयो । उहाँका पुत्र छेवाङरत्नले पिताको उत्तराधिकारी भई गुरु परम्पराका कामहरू सम्हाली संचालन गर्ने काम आरम्भ गरे ।

लामा रत्नछेवाङ

त्यसै बेला सरुवा रोगले लामाको एउटा पुत्र शिष्यको पनि निधन भयो । त्यसको उद्धारको लागि गाउँलेहरू कोही भेला नहुँदा "लवचे गाङ" भन्ने अरु गाउँबाट अचानक आइपुगेका एकजना मान्छेलाई काम लगाई मुर्दा थन्काउने काम गरे । आफ्नो परम्परानुसार मुर्दालाई राम्ररी बाँधेर गोम्पाको एक कुनामा राखी मुर्दाको अगाडि एउटा घिउँको दीयो चढाई राखे । त्यस घरमा अरु कोही पनि नभएकाले त्यो मान्छे पनि अरुको घरतिर हिंडे । त्यस बेला हिउँदो पुष महिनाको समय भएकाले सबैतिर सुख्खा र तातो हावा चलेकाले गर्दा काठहरू सुकेर झुलो जस्तो भएको थियो । त्यस समयमा हावा हुरी पनि त्यस्तै चल्ने भएकाले हावाकै बेगले गर्दा मुर्दा बेरेको कपडा र त्यो छोपेको कफनलाई हावाले उडाएर उक्त दीयो माथि फिँजिन पुग्यो । त्यसैबाट आगो सल्केर मुर्दा हुदै पूरा गोम्पा धुवाँ भित्र पोको पाऱ्यो । हावाले आगोलाई दन्किन झन जोर दियो । छिनबारमा गोम्पा खरानीमा परिणत भयो । साथै त्यसको छेउछाउमा भएका घरहरू समेत ध्वस्त भए । घर भित्रका सरसामानहरू पनि सबै धुवाँसंगै हरायो । त्यस्तो दुर्घटना पछि पुनः लामा रत्नछेवाङले घर गाउँलेहरूसंग सरसल्लाह गरेर त्यही ठाउमा पहिलेको भन्दा अलि ठूलो गोम्पा निर्माण गर्ने निर्णय गरे । त्यसको लगत्तै काममा लागिपरी गोम्पा स्थापना गर्ने कामको शुभ आरंभ गरे । भित्रका महत्त्वपूर्ण सरसामान प्रतिष्ठान (मूर्तिहरू) पनि जतिसक्दो राम्रो निर्माण गरे । केहि समय पछि लामा स्वयम् पनि परलोक हुनु भयो । त्यसपछि उहाँका पुत्र कर्मदोनदेनले पिताको

उत्तराधिकारी भै पिताको कार्यभार र गोम्पा सम्हाल्ने कार्य गरे । भोट सम्बत १६ औं जल चरा वर्ष तदनुसार (वि.सं. १९९०) सालमा आएको महाभूकम्पले त्यो गोम्पा पनि भत्काईदियो । फेरि कर्मदोनदेनले विभिन्न उपाय कौशल्य (बुद्धि विवेक) को आधारबाट पहिलेका भन्दा विशाल र (सुन्दर) गोम्पा निर्माण गर्नुभयो । त्यस पछि गोम्पाको नाम सम्त्यानलिङ भन्ने राखे । त्यो गोम्पा कर्म दोनदेनकै पुत्र वंशजमा जन्मनु भएका लामा ङगवाङ शेराबले सम्हाली शिष्यवर्गलाई धर्म देशना दिने कामहरू सञ्चालन गर्नु भएको थियो ।



ज्यासा साम्तेनलिङ गोम्पा, सोलु

मेतो पगक्या गोम्पा

मेतो पगक्या गोम्पाको बारे छोटकरीमा वर्णन गर्दछु । यो गोम्पा स्थापना गर्नुभन्दा पहिले त्यस ठाँउमा उत्तरी भोटको डारी लामा रिन्पोछे भन्ने आइबस्नु भएको थियो । सोलु गारमागाउँको माथि र तलका मानिसहरू (बूढापाको) दाता भएको आधारबाट लामाले आफ्ना निजी ध्यान भवनसंगै एउटा सानो गोम्पा स्थापना गरे । त्यस स्थानमा वर्षेनी भित्ता पाखामा फुल्ने फूलहरू अपर (अनन्त) फुल्ने भएकाले मेतोपग्य्य (अपर फूल फुल्ने गोम्पा) भनि विशेषता अनुसार नामकरण गर्नु भएको थियो । तत्पश्चात् केही वर्ष बितेपछि अघिको छेवाङरत्नगुरुको आफ्नो प्रत्यक्ष शिष्य ञाङकुलको लामा कर्मले भोट संवत १५ औं पानी-सुंगुर वर्षमा त्यो गोम्पा जगदेखि भत्काएर पहिलेको भन्दा ठूलो र साधन सुसम्पन्न भएको, एक सुन्दर गोम्पा स्थापना गर्नुभयो । भोट संवत १६ औं लोह भेडा वर्षमा तेङपोछे गोम्पाको लामा ङगवाङ नोर्बु जाङपोको आज्ञा अनुसार गारमा गाउँको माथि र तलका मानिसहरूबाट लामाहरू जम्मा गरी २५ जना लामा भिक्षुहरूभएको भिक्षुसंघ बनाए । त्यति मात्र नभएर तेङपोछे गोम्पाको लामा ङगवाङ नोर्बु जाङपोबाट उत्तरनिधि (ज्यङतेर) डुबकोर नाम्सुम (तीन प्रकारको धर्म साधना) बारे, **करलिङगोङपाराङटोल**[१२९], गुरु ज्हाछोन ञिंपोको कोन्च्यिदु (रत्नसमुच्चय) नामक पुस्तक आदिको प्रारंभिक अभिषेक, आगम र उपदेश सहितको धार्मिक शिक्षा दीक्षा ग्रहण गरी धार्मिक साधना (ध्यान) केन्द्र पनि स्थापना गरेका थिए ।

त्यसपछि उत्तराधिकारी हुनु भएको सुपुत्र ङाग्वाङ छेतेनले विभिन्न दिशाका धेरै लामा गुरुहरूको सेवा सत्कार गरी धर्म श्रवण (अध्ययन) र मनन गरे । त्यतिमात्र नभई अहिले पनि आफ्ना पिताको उत्तराधिकारी भै गोम्पाको कार्यभार सम्हालेर विनेयजन (शिष्य) हरू विस्तार गरिरहेका छन् । लामा रत्नछेवाङको अवतार (पुन:जन्म) भएर पहिचान भएकोछ । **लामा ङगवाङ योनतेन**ले पनि तोलाख भन्ने जंगलको धर्मस्थल (रिठो) मा गोम्पा स्थापनागरी संघका नीति नियममा रही प्राचीन त्रिंमा (परम्पराका) धर्मदेशना दिने काम विस्तृत रुपमा संचालनगरी स्वर्गारोहण हुनु भयो । उहाँ पछि फेरी अवतार (पुन: जन्म) आउनु भएर पहिले आफैले स्थापना गरेको गोम्पामा पाल्नु भई शिष्य संघको संरक्षण सम्बर्धन गर्ने काम गरिरहनु भएको छ ।

अर्को लामा चुनछुङ टशिको पुत्र वंशजबाट क्रमश: विस्तार (आगमन) भएको **लामा त्यान्पा फुनछो**गले मगेनक्षेमा र **लामा कालजाङ वाङछुग**ले ग्यिशिङ्गाङको दुई अलग अलग गाँउमा धार्मिक आलम्बन तथा धार्मिक स्मारक गोम्पा स्थापना गरियो । त्यसमा आश्रित बुद्धका काय, वाक् र चित्तको प्रतीक (मूर्ति) हरू विस्तृत रुपमा स्थापनागरी पुर्खाका हस्तचिन्ह रुपी सद्परम्पराहरू राम्ररी संरक्षण र संवर्द्धन गर्नेकाम गरे । साथै समय अनुकूलको धार्मिक विधिहरू राम्ररी श्रवण गरेको मात्र नभई पूरा अभ्यासगरी ग्रहण गरे । ती दुई गोम्पाको बीचमा सिधा नापजप गरेमा एक कोष जति टाढा पर्दछ होला, दुरीको दृष्टिकोणले त्यतिको टाढा नभए पनि बाटो साह्रै ओरालो र उकालो भएकाले आवत जावत गर्न निकै गाह्रो पर्दछ । तर धार्मिक पर्वोत्सव, साधना पूजाहरू तीन चार दिनसम्म अटुट गर्नु पर्ने पूजा र विवाह जस्ता अनिवार्य भेला हुनु पर्ने काज भोज तथा अन्य उत्सवहरूमा यता उता गई भेला हुनु पर्दा शंख बजाएर शंख ध्वनीको माध्यमबाट आमन्त्रण गर्दा जम्मा हुनु पर्ने परम्परा भएको र यसै नियम अनुसार गाँउलेहरू यता उता जता पनि भेला हुने गरिरहेको कथन छ ।
तोलाखा गोम्पाको फोटो पेज नं. १६७ मा हेर्नुहोला ।

छाम्पा रिन्पोछे

त्यसबेला "गोला"[1] भन्ने ठाँउमा लामा छाम्पा तीन दाजु भाइ रहनु भएको थियो । ती मध्ये माइला भाइ छाम्पा रिनपोछेको वृतान्त यस्तो छ । उहाँ भोट, खुम्बु र (माथिल्लो तथा तल्लो) सोङ्रोङ (सोलु) तिर पाल्नु भई प्राचीन ञिंम परम्पराको प्रारंभिक अभिषेक, आगम र उपदेशहरू विस्तृत रूपमा श्रवण मनन गर्नु भएको थियो । त्यसपछि उहाँले आफ्नो गाउँमा फर्केर साधन सम्पन्न भएको एउटा ठूलो गोम्पा स्थापना गर्नु भयो । त्यसको भित्री (धार्मिक) प्रतिष्ठानमा लामा गुरु पद्मसंभवको एक तला नापमानको मूर्ति स्थापना लगायत सुन र तामाका अत्यधिक मूर्तिहरू र कग्युर लगायत विभिन्न बौद्ध वाङमयका ग्रंथहरू, चित्तको प्रतीकमा चैत्यहरू जतिसक्दो बढी मात्रामा आशिषमूलक आश्रयहरू स्थापना गर्ने गरे काछन् । अथवा कु = काय, सुङ = वाक, र थुग् = चित्तको महत्वपूर्ण आलम्बनहरू धेरै संख्यामा स्थापना गर्ने गराए । यसरी उहाँले सभ्य परम्पराको अवशेष र हस्तचिन्हहरू धेरै राख्नु भएको छ । उहाँ स्वर्गारोहण भएपनि पछि फेरी अवतार (पुनः जन्म) आउनु भएको छ ।

---

१ गोला, शेर्पा भाषामा डाँडाको टुप्पो भनेको र यहाँका बासिन्दालाई गोल्या भनिन्छ ।

लामा डुब्पा

त्यसैगरी डोहुर गोम्पाको लामा डुब्पाको वृतान्त आरम्भ गर्दछु । उहाँ गोलेग गोत्र (थर)को हुनुहुन्थ्यो । खुम्बु र सोङरोङको सामान्य लामाज्यूहरू र असामान्य एवं विशेष व्यक्तित्व भएको खम्पा लामा छ्चोगछेन रिन्पोछेको शरणमा परी सेवा सत्कार गरी धर्म श्रवण धेरै गरे । त्यसपछि रिन्पोछेको छोरी पनि उहाँलाई नै प्रदान गरिएको थियो । डोहुर गोम्पामा ध्यान गर्दै तीन अवलम्बन (बुद्धका काय, वाक र चित्तको प्रतीक) पूरा भएको अर्को गोम्पा स्थापना गरे । त्यहाँ धेरै मात्रामा समावेश हुन आएका शिष्यहरूलाई तन्त्र परम्परानुसार अभिषेक, आगम र उपदेश दिनु भयो, पछि फेरि पिक्येको पश्चिम भेगमा क्यिलखोर दिङमा भन्ने ठाँउमा सन् १९६१ मा त्यस इलाकाका शेर्पाहरू दाता भएको आधारबाट नयाँ गोम्पा स्थापना गरे ।



६६ / ले. खेन्पो सङ्गे त्यन्जीन लामा शेर्पा / अ. आचार्य ङग्वाङ वोशेर लामा शेर्पा

त्यस भित्रको काय वाक् र चित्तका प्रतिष्ठानहरू अधिकांश चाहिँ पहिले डोहुर गोम्पामा निर्माण गरेकाहरू नै प्रतिस्थापना गरेको थियो । पछि नयाँ प्रतिष्ठान (मूर्ति) हरू पनि धेरै मात्रामा निर्माण गर्दै प्रतिदिन सद्धर्मका कार्य मात्र गरिरहनु भयो । उहाँ त्यसरी धार्मिक शुभकार्यहरूमा तल्लिन रहनुभएको अवस्थामा नै स्वर्गारोहण हुनुभयो । त्यसपछि उहाँका पुत्र त्याञ्जीन रङटोलले गोम्पाको कार्यभार सम्हाली शिष्यसंघको संरक्षण र सम्वर्द्धन गर्ने काम गरीरहनु भएको छ ।

तेस्रो विषयको यो वृत्तान्त र उपर्युक्त ज्यासा गोन्पाको कथा, पहिले उल्लेख गर्नु पर्ने हो तापनि सम्बन्धित भएकोले छोटकारीमा भएपनि यहाँ बताएँ ।

दोस्रो विषय यसमा देखाएको गोन्पा र मुख्य लामाहरूको सम्बन्धमा वसुवन्धुपादले–

शास्ता (बुद्ध) का सद्धर्म दुई प्रकारका छन् ।

आगम (त्रिपिटक) र अधिगम (त्रिशिक्षा) आत्मक (ज्ञान) ग्रहण गरी यो व्याख्यान गर्ने र साधना गर्ने काम मात्र हो भन्नु भएको छ । तदनुसार यस धर्मको व्याख्यान, श्रवण र भावना गर्ने मुख्य तीन विषयहरू छन् । ती साधन विधिसंग संबन्धित शिक्षण कार्यहरू हुन् । त्यस्तै (शेर्पाको गाउँघरमा) आ-आफ्नो पुण्य संचय गर्नका लागि गोम्पा स्थापनागरी बुद्धको काय, वाक् र चित्तका प्रतिष्ठानहरू धेरै संख्यामा शुद्ध मनसाय अनुसार स्थापना गर्ने, त्यसको समक्ष ढोग गर्ने तथा पूजा गर्ने गरिन्छ । त्यसैगरी गोम्पासंगै मणि गोम्पा स्थापना गरी आफू र अरु सबैले घुम्ने, घुमाउने, मूलबाटोमा चैत्य, ढुङ्गाको पातामा मणि र वज्रगुरु आदिको मन्त्र खोपेर मन्त्र मणियुक्त पाताहरू लहरै मिलाएर निर्माण गरेको लहरे मणि, गोलो मणि र मणिकूटहरू जति सक्दो स्थापना गर्ने, पैदल हिँडेर वरपरमा प्रदक्षिण गर्ने, श्रद्धापूर्वक आँखाले दर्शन गर्नसक्ने, ठूलो ढुङ्गाको चट्टानमा महत्वपूर्ण धारणी (मन्त्र) हरू नबिग्रिने गरी गहिरोसम्म खोपेर सबैले वरिपरि (छेउ) बाट घुम्न

र दर्शन गर्न सक्ने आदि बनाएर स्थापना गरिएको छ ।

यसरी शासन सदधर्मसंग सम्बन्धित आलम्बन र शुभकार्यको बारेमा पहिले भएको, अहिले भै रहेकाहरू बिस्तारमा एकएकगरी बयान गरेर साध्य छैन (शेर्पा गाउँघरका गोम्पाहरू) तै पनि उदाहरणको लागि यस शोङरोङ ३ नं. अन्तरगत भएको केही गोम्पाको व्याख्यान गर्दा यस्तो छ । बुद्धवचन (कग्युर) लगायतका तीन प्रतिष्ठान रहेको गोम्पाको संख्या पनि धेरै छन् । जस्तै पागलुमा लामा सङगेको कान्छा छोरा दावा तेञ्जीनले स्थापना गरेको गोम्पा, गोनज्योङ (जुनबेशी) मा लामा साङ्गेको भाइको सानु छोरा दावा तेञ्जीनले स्थापना गरेको गोम्पा, रिङमामा ग्याल त्यानपा बाबु छोराले स्थापना गरेका गोम्पाहरू छन् । त्यसैगरी मोपुङ, सुङज्येमा, दमसेटे, लेदिङमा, सकार, ग्येचुग्पा, खोञ्च, शर्खा आदि गोम्पाहरू छन् । यी गोम्पाहरू वैभवशाली, पुण्यवान गृहस्थी शेर्पाहरूले स्थापना गरेका मात्र हुन् । त्यसै गरी शरणार्थी भोटेहरूले स्थापना गरेका गोम्पाहरू पनि केही छन् तर त्यस बारेमा यहाँ वयान गरिएन । त्यसबाट प्रत्यक्ष रूपमा बुद्ध शासनलाई काम लागेको र मुख्यगरी प्राणी जगतलाई हित हुने हस्तचिन्ह (यश कृति) राख्ने काम भएको छ । शेर्पाको प्रमुख सभ्य संस्कार (परम्परा) हरू निम्न प्रकारका छन् । त्यस मध्ये पहिले नानीको न्वारनको ब्याख्या गर्छु ।

न्वारन

शेर्पा कुलमा जन्मेका बच्चाहरूको पहिले आमाले जन्मेको ३ दिन वा सात दिन बितेपछि अवश्य एक जना लामा आमण्त्रणगरी न्वारन विधि गरिन्छ । त्यसबेला संभवत: स्थानीय देवदेवी र कुल देउतालाई दुर्गन्ध (जुठो) लागेको चोख्याउनको लागि मुख्यतया धूप पूजा (साङ) गर्नु पर्छ । त्यस पछि घरको मान्छे र ओछ्यान आदिमा दुर्गन्ध (जुठो) भएको सबै शुद्ध पार्नको लागि स्नान देवको साधन गरी आमा र नवजात शिशुलाई (विभिन्न द्रव्यहरू मिलाई बनाएको) शुद्ध जल छर्केर शुद्ध पार्ने र त्यहाँ भएको मान्छे र घरको बिछ्यौना आदिमा पनि शुद्ध मन्त्र जलले छर्केर पवित्र पारिन्छ । त्यसपछि घरको अगाडि वा एक छेउमा सेतो कपडा एक हात जतिको ध्वजा काठ वा बाँसको बलोमा टुप्पो तिर बाँधेर गाउँ घरमा भएको अशुद्धि र जुठो आदि सबैबाट विजय (परिशुद्ध) भएको संकेत स्वरूप उक्त ध्वजा (दर्सीङ) उठाएर फर फराउँछन्[1] । त्यसपछि आमा र शिशु दुवैलाई पछि हुने संभाविक वाधा व्यवधानबाट रक्षा गर्न सेतो वा रातो रङको धागो वा खाताग पनि गलामा लगाई दिने गरिन्छ आमण्त्रित पाहुना र अन्य शुभेच्छुकहरूले मिठा मिठा खाना, लुगा र धन द्रव्यहरू शुभ कामना र आशिषका साथ दिइन्छ । त्यस्तै बधाई स्वरूप सुत्केरी आमाको

---

१ शेर्पा समाजमा परम्परादेखि चलिआएको मान्यता अनुसार घरमा बच्चा जन्मिंदा र नयाँ वर्ष (लोसार) आउँदा अनिवार्य घरको आँगनमा नयाँ ध्वजा उठाइन्छ कारण घरमा नयाँ सदस्य/मान्छे थपेको/आएको शुभ संकेत र त्यसैगरी नयाँ वर्ष (लोसार) लागेको शुभ उपलक्ष्यमा नयाँ ध्वजा उत्तोलन गरिन्छ ।

हातमा कोसेली राखिदिन्छ । त्यसपछि लामाले बच्चा जन्मेको वार, गते र नक्षत्र, साल आदिको नामबाट शुभलक्षण हेरी, त्यसैको आधार बाट शुभ साइत मिलाई बच्चाको नामकरण गरिन्छ । त्यस समयमा भाइ बन्धु र आफन्तहरूलाई न्वारनको भोज भतेर गरिन्छ । आफन्तहरूले पनि न्वारनका शुभ उपलक्ष्यमा आमा र शिशु दुवैलाई उपहार स्वरूप विभिन्न चिजहरू दिने गरिन्छ । यसलाई "अङी गोदर" भनिन्छ । त्यसपछि वच्चाको मुख हेर्ने र नाम सोध्ने गरिन्छ । यसरी न्वारनको भोज मनाइन्छ । न्वारनमा लामाले कुल देउता बुझाउने र घरमा शुभ लक्षण तथा सह बोलाउने, शुभ मंगल उच्चारण (बाचन) गरी बच्चा र सुत्केरी आमाको सुस्वास्थ्यको कामना गरिने र त्यसरी शुभ कार्य गरी लोकका धर्मानुकूल सुख शान्ति विस्तार होस् भनी शुभ कामना पाठ गरिन्छ ।



नाम्चेबजार स्थित एक स्तुपा

विवाह

शुभविवाह गरी वेहुली ल्याउने र पठाउनको लागि पनि शेर्पाहरूले बुद्ध र वोधिसत्त्वले देशना गरेको ज्योतिषशास्त्र हेराई लग्न जुराइन्छ । तदनुसार यदि राम्रो कुरा वा विवाह गर्न लग्न मिलेमा सोही अनुरूप कार्य आरंभ गरिन्छ । यसको संक्षिप्त विवरण (बेहुलाले बेहुली लिन जानेबेलादेखिको कुरा) यस्तो छ । पहिलेदेखि लोकनीति र परम्परा अनुसार मिल्ने (माँग्ने) कार्यहरू सबै विधिपूर्वक गरिन्छ । विवाहको लागि निमन्त्रणा गरेका लामाले विहानै प्रातः कालमा साङ (धूपपूजा) गरिन्छ । तरल पदार्थ जस्तै दूध, दही वा छ्याङ (जाँड) को सगुन राखि **सेर्क्येम**[१३०] गरी कुलदेवताको शरण पर्ने गरिन्छ । लामाले विवाहको बाधा बिध्न निवारणको लागि सिपि **खोर्लो**[१३१] (भवचक्र) सजाइ वाधा छेक्ने गरिन्छ । मान्छे र धन सम्पतिको लागि बेहुला लगायतका बेहुलाकी आमा र बा आदिको निधारमा अधिकार प्राप्त गर्ने लक्षणको द्रव्य सिन्दुरको टीका लगाई दिन्छन् । बेहुली मनाएर ल्याउन शून्य कलश (बुमतोङ) नामक ग्रह को ब्यवधान हटाउनका लागि लिएर गएको ध्वजायुक्त भाला (दादर) र कलश आउँदा बेहुलीको हातमा दिइन्छ । युवा र युवतीहरू भेष-भूषा पहिऱ्याई शुभ साइत मिलाई जन्ती जाने गरिन्छ । जन्तीलाई फूलपानीले सन्तुष्टपारी लामाले अघि अघि बाटो देखाउने पाराले हिंड्दै पूरै जन्ती लिएर बेहुली लिन जान्छ । बेहुलीको घरमा पनि जन्तीको स्वागत गर्न आफ्नै प्रकारले तयारी गरी बसेका हुन्छन् । बेहुलीको आँगनमा पुगेपछि जाँडको पोङमा सुछ्याङ राखी धूप बालेर स्वागत गर्दा लामाले जाँड छर्की

विस्तारमा पूजा स्तुति पाठगरी जाँड वितरण गराउदै कार्य सिद्ध होस् भनी शुभकामना गर्दछन् । त्यसपछि लोक मान्यता अनुकूलको कार्य अघि बढाउन बेहुलाको घरबाट ल्याएका कोसेली छ्याङ रक्सि बितरण गर्दै बेहुलाको पक्षबाट आएका ठूला साना सबैले क्रमैले बेहुलीका बा आमा र ठूलासाना नाता गोतासंग परिचय गर्दछ । त्यसबेला बेहुली भएको अर्को घर भित्र बोलाइन्छ । त्यहाँ लोकको पराम्परा अनुसार जे गर्नु पर्ने रीति रिवाजको विभिन्न रित पूरा गरिन्छ । त्यस पछि लामाले विधिपूर्वक पूजा मण्डल सजाउँछ र शरण, गमन र चित्तोत्पाद सहित ईष्टदेव प्रत्यक्ष आव्हानगरी नमन, पूजन, जप र गणचक्र पूजा चढाइन्छ र त्रिरत्न समक्ष विवाह गरेको संकेत गरिन्छ । त्यस अवसरमा त्यहाँ सजाएका आसनमा वर वधु दुवैलाई बेहुला बेहुलीको भेषमा बसाई लोक परम्परा अनुसार एकजना वरपक्षको अनुभवी मान्छेबाट मोला (आफ्नो कुलगोत्रको प्रस्तुति) गराइन्छ । त्यसपछि लामाले वर वधुलाई देव मण्डलमा सिद्धि (प्रसाद) लिन लगाइन्छ । शिरमा नौनी घिउको टीका लगाई धर्मानुकूलका शुभकामना र मंगलमय उच्चारणगरी आशीर्वाद दिइन्छ । त्यसपछि सबैले प्रसाद ग्रहणगरी गणचक्रपूजाका गीत गाउँने, सामूहिक नाच (शप्टो) गर्ने आदि लोक परम्परा अनुसारको मनोरंजनगरी रमाइलो गर्ने गरिन्छ । लामाले देवमण्डलसंग सम्बन्धित सबै पूजापाठ सिध्याउँछन् । रातभरी जन्तीका युवा युवतीहरू नाच गान र दोहोरी खेलेर नसुती रात बिताउदै विवाहको उत्सव मनाइन्छ ।

बिहान (भोली चाहिं) फेरि लामाले साङ (धूपपूजा) संग सम्बन्धित पूजा विधिगरी बेहुली लिएर जाने शुभ साइत गरिन्छ । लोक परम्परानुकूलका कामहरू सिध्याउन सेरक्येमको सगुन राखेर पूजा गरिन्छ । त्यसपछि भोजन कार्यक्रमद्वारा लोकलाई खुशी (सन्तुष्ट) पारी बेहुली पक्षलाई मनाएर बेहुली लिएर बेहुलाको घरतिर नाचगान र रमाइलो गर्दै जाने गर्दछ । पहिले पहिला बेहुली लैजादा बेहुली पक्षका युवा युवतीहरूले कार्यसिद्ध भएको संकेत स्वरूप पिठो छर्केर

सेतै पारेर स्वागतगरी पठाउने चलन छ तर आजकल खातक लगाएर पठाइन्छ ।

बेहुलाको घरमा पुगेको बेलुका पनि हिजो बेहुलीको घरमा गरे जस्तै देवमण्डल सजाई पूजा गर्ने र विवाहको भोज भतेर लगाइन्छ । शेर्पा परम्परानुसार रमाइलो नाचगान, खानपिन आदि गरिन्छ । भोलीपल्ट फेरिदेवमण्डल सजाई गुरुले स्थानपति कुल देवदेवी समेतलाई साङ (धूपपूजा) र सेर्क्येम (हिमतृष्णा) पूजा विस्तार पूर्वक गरिन्छ । विवाहको अन्तमा लामालाई दान दक्षिणा प्रदान गरिन्छ । बेहुली ल्याई दिनु भएकोमा खुशी गरी बेहुलीको साथीहरूलाई पनि उपहार दिइन्छ । अनि घरमा विशेष किसिमको विस्तृत मंगल पूजा गराई घरवालीहरू शुभ लक्षणसँग संवन्धित दृष्य (विचार) ले ओतप्रोत पारिराख्ने गरिन्छ । त्यस घरका अरु परिवारहरू पनि यस्तै अनुभवगरी बस्दछन् । संक्षेपमा पहिले टिछ्याङ दिने, त्यस पछि देमछ्याङ पुऱ्याउने, क्षयी पुऱ्याउने, मूलजन्ती जान बीच बीचमा सोलु (सरसल्लाह गर्न) जाने, मूल विवाहको लागि कुरा सोध्न जाने, मूल जन्ती गएर बेहुली ल्याउने, कर्मलोग (दूरान फिर्न जाने) र अन्तमा चिलाङगु वा चितोङ्गु (मैतालो लिने) कामगरी विवाह कार्य टुंग्याइन्छ ।

औषधी उपचार

शेर्पाहरू बिरामी भएमा आफ्नै किसिमबाट औषधी उपचार गर्नका साथै भूत प्रेतको विध्न वाधा हटाई स्वयं रक्षा गर्ने, अन्य वाधा व्यवधान र सरुवा रोग आदि निवारण गर्ने उपायहरू धर्मानुकूल गर्दछन् । त्यतिमात्र नभई दीर्घायु, सौभाग्य, ऐश्वर्य र शुभ साइत पारी शुभ कार्यमा लागि पर्ने, दीर्घायुको लागि अपरिमितायुदेवको अभिषेक लिने, गंभीर सूत्र ग्रन्थहरू पाठ गराई दान दक्षिणा प्रदान गर्ने, शुभ साइतको लागि डाँडा पहाडमा मन्त्रयुक्त ध्वजा फर फराउने आदि इत्यादि उपायगरी प्रतिकूल विपक्षको वाधाबाट रक्षागरी अनुकूलित वातावरण र सुख शान्तिको पक्षमा सुरक्षित रहने काम गर्दछन् । जीवित रहुञ्जेलसम्म पर्वोत्सव, (पवित्र दिवस र पर्व) मनाउने, शत्रु संहार र भाइ वन्धुको संरक्षण गर्ने, निर्माण, उद्योग र विकाशकार्य जे गरे पनि धार्मिक कार्यसंग मिल्ने गरी गर्दछन् । बेला बेलामा पवित्र तिथि मितिमा पूजा आयोजना गरी ठूला गुरुहरूबाट स्वास्थ्य र दीर्घायुको शुभ आशीर्वाद लिने काम पनि गर्दछन् ।

मृत्यु

विशेष गरी जीवनको अन्तिम क्षण मरणको अवसरमा, पहिले वाह्य सास नटुटेको अघिनै ठूलो लामा निमण्त्रणागरी लामाको आदर सत्कार गर्नु पर्दछ । लामा गुरुले मृतकको लागि प्राप्त भौतिक वस्तु र भावनाले निर्माण गरेको पूजा मेघ तयारपारी इष्टदेवमण्डलमा एकाग्रचित्त भई प्रार्थना गर्दछ । मरण आसनमा परेको बिरामीलाई विरहको उपदेशले आत्म सन्तुष्टपारी त्रिरत्न शरणगमन, बोधि-चित्तोत्पादको सम्वर (शील) लिन लगाई **अन्तराभाव**[१३२]को श्रवणमुक्ति (थोटोल) नामक पुस्तकको आगम (श्रवण) गराउने कार्य गर्दछ । यसपछि बाह्य सास टुट्न लाग्दा आँखामा बुद्ध मूर्ति देखाउने, सेवनमुक्तिको द्रव्य (प्रसाद) हरू मुखमा राखी दिने, वेदनामुक्ति द्रव्य (धूप) हरू नाकमा सुँघाई दिने, स्पर्शमुक्तिको धार्मिक चक्रहरू शरीरमा लगाई दिने, सिंह सुत्ने पाराले शरीर मिलाएर राख्ने इत्यादि विधि गरिन्छ । अनि बाह्य सास टुटेर भित्री सास नटुटेको त्यस बीचमा, असीम पाप गरेको पापी भए पनि मुक्त हुन सक्ने उपदेश, भावना (अभ्यास) नगरीकन बुद्धत्व प्राप्त हुने अववाद (दमङाग) आलम्बन गरेको मात्रैले मुक्त हुने गंभीर धार्मिक विधि **फोवा**[१३३] (संक्रान्ति) भन्ने उपदेश दिने गरिन्छ । त्यसपछि मृतकको उद्धार गर्न पुण्य संचय गर्नका लागि पुन: इष्टदेवको मण्डल सजाएर धेरै लामाहरू आमण्त्रण गरिन्छ । मृतकको लाशबाट भित्री ताप (सास) सम्पूर्ण गइसकेको निश्चित निशानहरू बाहिर निस्केपछि मुर्दालाई राम्ररी धोएर विभिन्न पवित्र केशरको जलले स्नान गरिन्छ । बिशेष बनावटको धार्मिक मुद्रामा राखि हात जोडेको र गोडा खुम्च्याएर प्रार्थना गरे जस्तै मुद्रामा बसाई सेतो कपडाको कफनमा बेरिन्छ । त्यसपछि लाशलाई मण्डल सजाएको एकछेउमा राखिन्छ । त्यसलाई

मान्छेको हंश रुपी नृ: अक्षर सहित जीवित बसिरहेको जसरी पद्मण्डलमा राखी पर्दाले ढाकेर राखिन्छ । त्यसपछि मृतकले पाठ गरेको जसरी **त्रिरत्न शरणागमन**[१३४], बोधिचित्तोत्पाद लगायत धर्मचर्याको विधिसंगै इष्टदेव आव्हान गरिन्छ । नमन, पूजन, **उपसाधना**[१३५] जप, मन्त्रउच्चारण, चित्तपूर्ति (मन बुझाउने) पाप शोधन गर्ने, **पुण्यपरिणामना**[१३६], प्रणिधान समेत धार्मिक पूजा विधि राम्ररी पूरा गरेको क्येरिम (उत्पन्नक्रम) जोगरिम (सम्पन्नक्रम)को गंभीर पूजा (विधि) पूरा पुगेको पाठ जति सक्दो बढी दोहोराई रहने गर्छन् । त्यसको बीच बीचमा उत्पन्न क्रम, र सम्पन्नक्रमको शक्तिको आधारबाट मरणको हंश खिचेर मुर्दामा पसाई स्नान गराई शुद्ध पार्ने, मृतकलाई मनपर्ने खाना दिने, पिय पदार्थ (दूध, दही) आदि पनि दिने गर्दछन् । समय अनुकूल हेरी यदि मूर्दालाई तीन दिनसम्म राख्ने भए त्यही अनुसार व्यवस्था गर्नुपर्ने र नभएमा त्यस दिन आवश्यक **न्यापोर**[१३७] (स्थानन्तरण) विधिको पूजा सिद्धिने वित्तिकै शुभ साइत हेरी पञ्चरंगको ध्वजा लिएर स्वागतसाथ लासलाई ज्योतिष शास्त्रनुसार कुन दिशामा लाँदा उचित हुन्छ, त्यस दिशा तर्फको घाटमा लगिन्छ । त्यहाँ उपयुक्त धार्मिक विधिबाट चित्ता तयार गरिन्छ र लासलाई चित्तमा चढाएपछि लामा गुरुहरूको हातद्वारा नै दागबत्ति दिई यज्ञ गरिन्छ । मृतकको सेवा गरे वापत मलामीहरूलाई **लग्बर्छे**[१३८] (दुखसस्ती) दिइन्छ । घाटबाट फर्किन्दा मलामीहरू प्राय जसो मृतकको घरमानै जान्छ, तर घर भित्र पस्नु भन्दा अगाडि घरको आँगनमा राखेको पवित्र पानीमा स्नानगरी सुगन्ध युक्त जल सेवन र धूप सुँघेर आफूलाई चोखाई शुद्ध पारेर मात्र घरमा पस्नु पर्दछ । दुई दिन पछाडि मृतकको आफन्तहरू फेरि घाटमा गई एकजना लामा पनि साथ लगि शुद्ध जल छर्केर रुक्षोग (अस्तिविधि) गरी अस्तुहरू सच्छ बनाउने वा खोलामा लगेर सेलाइन्छ । कसैले आफ्ना गच्छे अनुसार त्यस लाश जलाएको ठाउँमा 'पुरखाङ (शवगृह) बनाएर राखिन्छ भने कसैले त्यस ठाउँमा सामान्य ढुङ्गाहरू मिलाएर **पुरखाङ**[१३९] स्वरूप चिहान बनाई राखिन्छ ।

लाश जलाएकै बेलुकादेखि मृतकको तेन प्रतिरूप वा आलम्बन बनाई जीवित अवस्थामा जस्तरी उनानपचास (४९) दिन सम्म गुरु इष्टदेव (मण्डल) को माध्यमबाट बर्दो (अन्तराभव) को पाठ श्रवण गराई मृतकलाई त्यस अवस्थाको परिचय दिने, धर्मदेशना, पाप शोधन आदि शिनक्षोग (मरण पूजाविधि) हरू हरेक दिन अटुट रूपमा गरिन्छ । त्यतिमात्र नभई हप्ता हप्तामा बिस्तृत ठुक्षोग (स्नान विधि) र त्यस अवसरमा विशेष गरी उँभो भगवान्को पूजा सत्कार र उँधो गरिव दु:खीलाई दान प्रदान गरिन्छ । विहानीपख **क्षबतोर**[१४०] (जलार्पण) विधि, बेलुकीको प्रहरमा **सुर**[१४१] (सुगन्धार्पण) गर्ने, राती **च्योद्**[१४२] (उच्छेद विधि) गरी पुण्य संचयगरी पाप काट्ने गर्दछ । त्यस वीचमा **क्येल्हा**[१४३](जन्म देवमण्डल) निर्माण गर्ने आदि शुभ कार्यले मृतकको पुण्य संचय हुने धार्मिक विधि इत्यादि गरिन्छ । यसरी मृतकको पापावरण शोधन गर्ने प्रयास गर्दछ । त्यसरी आफ्ना अनुकूल हेरी तीन साता, पाँच साता र सात साता विताएपछि संचित पुण्यको प्रभाव र लामागुरुहरूको कृपाले मृतकलाई अवश्य शुद्ध भुवनमा पठाउने विधि गरिन्छ । त्यसको लगत्तै पछि फेरि शिठो **दम्पारिग्य**[१४४] (सयवटा शान्ति र क्रोधि) कुलदेवको मण्डल स्थापनागरी पुण्य संचय गर्न जपसाधना, पापावरण शोधन गर्ने, त्यसरी पूजा पाठको अंश राम्ररी पूरा भएको पूजा विधिको पाठसंख्या सय, हजार, दशहजार, लाख आदि आ-आफ्नो मनासय र क्षमता (साधन) अनुसार मृतकको उद्धार होस् भनी पूजा गरिन्छ । त्यसपछि आध्यात्मिक दर्शन (ज्ञान) र भावना विशुद्ध भएको एउटा लामाले मृतकलाई धर्म देशना सुनाउने र अभिषेक दिने आदि वस्तुस्थितिको पूजा विधि (न्यापोर)को माध्यमबाट दिवंगत (मृतक) को हंस (विज्ञान) लाई शुद्ध भुवनमा उद्धार गरिन्छ । तत्पश्चात डोवा (बोधिपरिणामना) र सम्यक् प्रणिधानले (मृतक) को हंसलाई शुद्ध भुवनमा छाम्ज्योर (संधि) गर्ने विधि गर्दछ । शेर्पा समुदायमा यस्ता शुभ कार्यका हस्तचिन्ह र त्यस्ता सद्परम्पराहरू अहिलेसम्म पनि प्रत्यक्ष दर्शन गर्न र ब्यवहारमा उतारी संरक्षणगरी रहेकोछ ।

धार्मिक पर्वोत्सव

उपर्युक्त पर्वोत्सव, भोज भतेर आदि धर्मसंग सम्बन्धित सबै परम्पराहरू एक-एक गरी वर्णन गरे एकदम धेरै हुनेछ । त्यसैले ती पर्वोत्सवको बारे संक्षिप्तमा व्याख्यान गर्न गइरहेको छु ।

बैशाख महिनामा शास्त (बुद्ध) शाक्य मुनिजन्मनु भएको, बुद्धत्व प्राप्त गर्नु भएको, परिनिर्वाण हुनु भएको जस्ता पवित्र दिवसहरूको सामुहिक (त्रिकोण) पर्व भएकाले त्यसको स्मरणमा जति सक्दो धार्मिक पर्वोत्सव मनाइन्छ र त्यस विहान अष्टशील ग्रहणगरी उपोषथब्रत (ञ्युङन्य) मा बस्ने आदि गरिन्छ । त्यसैगरी आषाढ महिनामा शास्ता (बुद्ध) शाक्यमुनि पहिले माताको गर्भमा प्रवेश गरेको र बुद्धत्व प्राप्त गरेपछि सर्वप्रथम धर्मचक्र प्रवर्तन गर्नु भएको दिवस भएकाले त्यसको शुभ अवसरमा मन्त्रयुक्त धार्मिक **विजयध्वजा**[१४५], रंगीचंगी पताका फर फराउने, ठूलो गणचक्रपूजाको आयोजना गरी प्रसाद चढाउने, पुण्य संचय गर्ने कार्य आदि गरिन्छ । असोज महिनामा बुद्ध देवलोकबाट मनुष्यलोकमा आउनु भएको देव-अवतरण दिवस पर्ने भएकोले त्यसको स्मरणमा देव अवतीर्ण दिवस मनाइन्छ । माघ महिनामा बुद्धले धार्मिक ऋद्धि शक्ति प्रदर्शन गरेको दिवस पर्दछ । त्यस बेला पनि पुण्य संचय र पाप त्याग्ने कार्यगरी बुद्धको वचन पालना गरी कतज्ञता स्वरुप शास्ताको सत्कार र स्तुति गर्ने त्यसको माध्यमबाट विस्तृत गणचक्र पूजा चढाउने कार्यक्रम गर्ने, बाँदर महिना वा असार महिनाको शुक्ल पक्षदशमीमा आचार्य पद्मसंभव (गुरु पेमाज्युङन्य) जन्मनु भएको शुभ दिन भएकाले त्यसको स्मरणमा षष्टांग ढोगगर्ने, पाठपूजा गर्ने र वृहत्

गणचक्र पूजा चढाउने गर्दछ । त्यति मात्र नभएर शुक्लपक्षको हरेक दशमीमा गुरु पद्मसंभवले एक-एकवटा धर्मलीला प्रदर्शन गर्नु भएको पवित्र दिवस पनि भएकाले त्यसको स्मरणमा छोग्क्यीखोर्लोकोर्व (गणचक्र पूजा) चढाउने, र धार्मिक कृयाकलाप संचालन गर्ने परम्परा छ । त्यसैगरी आ-आफ्ना मूलगुरु (लामा) स्वर्गारोहण भएको तिथि, मिति स्मरणगरी त्यसमा पनि **लामी गोङजोग्**[१४६] (गुरु भावनापूर्ण) हुने कार्यको उपलक्ष्यमा धर्म श्रवण, मनन पूजा र गणचक्रपूजा अर्पण गर्ने गर्दछ । आमा बा परलोक भएको तिथि मितिको स्मरणमा आमा बाबुको कृपा संम्झि, दान दिने, धेरै दीपबत्ती चढाउने र पाठ पूजा गर्ने पनि गरिन्छ । विकृत तैर्थिक सम्प्रदायका अनुयायीहरूले असंख्य निरीह प्राणीको वलि चढाई मनाउने चाड पर्वहरूमा मारिएका ती प्राणिहरूलाई लक्षितगरी पाप शोधन गर्ने गणचक्रपूजा र ङोवा (बोधि-परिणामना) मोनलाम (प्रणिधान) गर्ने आदि परम्परा छ । अहिले पनि त्यसको अनुसरणगरी सभ्य परम्पराहरू विग्रिन नदिई यथावतरूपमा संरक्षण गरिरहेका छन् । आफ्ना रीतिथितिको संरक्षण र संवर्द्धन गर्ने सद्परम्पराबाट विचलित भएका छैनन् हाम्रो शेर्पाहरू । यदि सद्पर म्पराबाट बिचलित भई प्राणीको हत्या गर्ने, धुम्रपान गर्ने, जात मिच्ने आदि कार्यहरू गरेमा धर्मको तर्फबाट भयंकर डर त्रास र लोकको तर्फबाट लज्जित हुनेछन् । यसरी आजसम्म मान्ने गरेका यी रीतिथितिहरू कसरी भएको भने शेर्पाको क्षेत्रमा बौद्ध धर्म प्रचार प्रसार भएको कृपाले हो र त्यसरी भइरहेको कुरा यहाँ उल्लेख गरेको हो । त्यसरी प्राप्त गरेको यो धार्मिक वृतान्त अभिलेख, लेखौट (परम्परा) को आधारमा लेखेको (दोश्रो भाग) हो ।

उक्ति उपदेश :

जसरी शीतल, मिठो र मञ्जु स्वच्छ (हावा) पानीहरू महामेघबाट निस्केर जमीनमा रहेको तीतो (फोहर) पानी र हरेक प्रकारका अस्वच्छ ठाउँमा बग्दै गोलमील हुँदै अत्यन्त उपयोगी एवं रसवाला नून धेरै उत्पादन हुन्छ भनिएको छ । त्यसै गरी समन्तभद्र भावनाको गंभीर

निधिहरू विभिन्न विनेय (शिष्य) हरूलाई अनुसरण गराउनका लागि, नाम भएका र नाम नभएका निधिग्रंथहरू असंख्य उत्पन्न भए पनि जुन मूल आधारवाला चाहिं शेर्पाको क्षेत्रमा उतारेको छ । दर्शनको मर्म र अववादको डोरी, छलकपटरहित तार्किक नियमको अभ्यास सबै पूर्ण भएको, प्राचीन (ञिंम) परम्परामा धर्मकोषको मणिद्वीप प्रकट भएको समान छ । यो शेर्पाहरू ठूलो भाग्यमानी भएको लक्षण हो । शेर्पाको क्षेत्रमा प्राचीन (ञिंम) बाहेक अरु सम्प्रदाय नभएकाले आफ्नो प्रति राग र अरु प्रति द्वेष गर्ने ठाउँ पनि छैन । भविष्यको शेर्पा वंशजले अझै यी मर्महरू नबिर्सी धारण गर्ने र सद्धर्मको बाटोमा लाग्ने प्रयास गर्नु पर्दछ । यो यस बीचको सल्लाह र उक्ति उपदेश हो ।

मणि छ्योर्तेन

तेस्रो : आफ्नो अनुभव

अब यहाँबाट आफूले प्रत्यक्ष देखेका अनुभव बताउँछु । सन् १९३६ मा फुङ्मोक्षे रिठो (अरण्य) को कर्मछोस्लिङ गोम्पाका मूलगुरु (उपासक) ङगवाङ योनतेन ग्यछोले गुह्यमन्त्र प्राचीन (ञिंम), वज्रयानको विषयबाट शिष्य गणलाई उपर्युक्त निधि (तेरमा) धर्म परम्पराको अभिषेक, आगम उपदेश प्रदान गर्नु भयो । त्यस समारोहमा मुख्यगरी शोङरोङ (सोलु) तिरको र अरु तिरको भाग्यमानी विनेयजन (शिष्य) हरू पनि जस्तै रसयुक्त फूलमा अनिश्चित ठाँउबाट मौरीहरू जम्मा हुने जस्तै संलग्न भएका थिए । आ-आफ्ना भागमा परेका सद्धर्म उपभोग गर्ने शिष्यहरूको महोत्सव (समूह) आकाशमा पनि नअट्ने झैं भेला भएको थियो । त्यसपछि सन् १९३८ मा गोम्पा वनाउने काम शुभ आरंभ गरी त्यस रिठो (अरण्य=धर्मस्थल) मा लामा गुरु आफ्ना हातमा भएको मूलदान द्रव्यहरू खर्च गरेको मात्र नभई श्रद्धालु दाताहरूबाट धेरथोर सहयोग उठाई लक्षणयुक्त वाह्य गोम्पा स्थापना गरे । त्यस भित्रको वाणी आलम्बनमा रत्ननिधिकोष (तेरजो द्) को ग्रंथ त्रिसाट्ठी ठेली लगायत विभिन्न बौद्ध वाङमयका ग्रंथहरू, मूर्ति आलम्बनमा काँस, सुन र माटाका मूर्ति कायावलम्वनहरू स्थापना गरेको, गोम्पाको भित्ताहरूमा विभिन्न पौभाचित्र र काँस, धातु, माटो र ढुङ्गाबाट निर्माण गरेको विभिन्न चित्त आलम्बनका (स्तूपहरू) स्थापना गरेका थिए । त्यतिमात्र नभई विभिन्न पूजा सामग्रीहरूको लागि विभिन्न किसिमका झ्याम्टा, कपडामा लेखेको देवमण्डल (थाङग) र विभिन्न थरिका आकर्षक फोटो (चकली) हरू जोर जम्मा गरेका थिए । यसका आधारबाट जाँच्दा एक समय यस सोङरोङ दिशामा शासन सदधर्मको प्रकाश पार्ने सन्त गुरु उहाँ एक मात्र भएको जस्तो अनुभव भएको थियो ।

गुरु ङग्वाङ योनतेनको संक्षिप्त जीवनी

पिता ञाङकुलको पद्म छेवाङ र माता शल्मोगाङकुलको देक्यि-डोनमाकी गर्भबाट (भोट संवत १५ औं आगो पुरुष मुसो वर्ष) तदनुसार सन् १८७५ मा आश्चर्य जनक संकेत सहित जन्मनु भएको थियो । त्यसपछि बढ्दै उमेर ५ वर्षको पुगेपछि पिताको साम्मुन्नेमा भोट वर्णमाला पढ्ने र लेख्ने अभ्यास गर्दा सजिलैसित जान्ने भएको थियो । पूर्वजन्मको अभ्यास र परहितको दृढ वासनाबाट धर्ममित्र आदि सत्त्व जो कोहिलाई पनि अहितको विचार अलिकति पनि नगरी परहितमा मात्र मन गरी बस्ने भए । आफू उच्चकुल, धनवान् र धर्मसम्पन्न लामाको सुपुत्र भए पनि स्वाभिमानी र अरुलाई कहिल्यै अपमान नगरी सबैसंग मेल मिलाप गरी बस्ने र आफ्ना गुरु तथा पिताको उपचरण (सम्मुखबाट) वाङ (अभिषेक) लुङ (आगम) र ठी (उपदेश) आदि लिँदै प्राचीन (ञिंम) धर्मका विषयमा विस्तृत श्रवण मनन गरे । उमेर १९ वर्षको हुँदा गोलेग् गोत्रबाट जन्मेकी गुह्यमाता देछेन पालमोलाई गृहिणीमा अपनाउन लगाएको थियो तर पूर्वजन्मको तिर्नु पर्ने ऋण सबै छिनेकाले होला उहाँहरूबाट ऋणिरूपी सन्तान कुनै पनि भएन । पिताको स्वर्गारोहण भएपछि पिताको बाँकी कार्यभारको जिम्मेवार लिएको मात्र नभई गोनज्योङ (जुनवेंशी गोम्पा) साधना पूजा मण्डलको प्रमुख लामा पनि भए । त्यसैले पहिलेको भन्दा उच्च पदभार सम्हाली बिस्तृत कार्य गरेको थियो ।

धर्म अध्ययन

उहाँले निरपेक्षा रुपमा सबै कल्याणमित्र (गुरु) को सेवा गरेको प्रक्रिया यस्तो छ । आफ्नो देशमा मूल (लामा) हुनुभई सुसम्पन्नता र आदर सत्कार प्राप्त गरिरहेको भए पनि त्यस प्रति आकर्षित नभई आफ्नो सामान सबै आफैले बोकेर दु:ख र कष्टको वास्ता नगरी सद् धर्म श्रवण गर्न टागकार छ्योक्यि वाङछुग गुरुको गोम्पा आदिमा पाल्नु भयो । गङरि छाम्पा रिनपोछेको दर्शन र सेवागरी गुरुबाट समन्तभद्र गुरुको मुखागम (उपदेश) नामक पुस्तक आदिको बारेमा आगम (श्रवण) र उपदेशहरू धेरै पटक श्रवण गरे । त्यसपछि लातो तिर पाल्नु भई **सिद्धेश्वर शाक्यश्री** र छ्यागक्षेन रिन्पोछे आदिको दर्शन र सेवागरी उहाँहरूबाट कग्युद् र त्रिंम धर्मबारे शिक्षादीक्षा लिए । त्यसपछि धेरै पटक माथिल्लो खुम्बुमा सवारी हुनुभयो । त्यहाँ महासिद्ध डेलछ्या दोनदेन र ङगवाङ ठिनल्या ल्हुनटुब तथा ङग्वाङ नोरबु जाङपो आदिको दर्शन र सेवा गरी उहाँहरूबाट पनि गुरु गोदेमचेन, ज्हाछोनत्रिंपो, रत्नलिङ्प, रिगजीन ग्युर्मेद्दोर्जे आदिको धार्मिक विषयको अधिकांश अभिषेक, आगम र उपदेशहरू पुन: दोहोऱ्याएर ग्रहण गरे । त्यसपछि नाङपा डाँडा काटेर जारोङफुमा लामा गुरु ङग्वाङ त्यञ्जिन नोरबुको दर्शनगरी गुरुवर उहाँबाट प्राचीन (त्रिंम) धर्म संम्बन्धी उपदेशहरू लिए । त्यसरी प्राप्त गरेका धर्महरू सुनेको र लिएको मात्रमा सीमित नराखी जप साधनाद्वारा लक्षण देख्ने गरी पूरा अभ्यास गरेर शासन र प्राणीको विस्तृत हित उपकार गर्न लागि परेका थिए ।

यो लामा गुरुमा **क्षान्ति कवज**[१४७] बलियो भएको स्थिति पनि यस्तो छ । एक पल्ट गुरु दम्पति सुत्ने कोठामा अरज्यो सोगपो हुँ भन्ने बलवान रिसालु मान्छे अचानक आइपुगेको थियो । लामा दम्पतिले सद्भाव, मैत्री र करुणाको माध्यमबाट खान, पिउन आदिबाट पाहुनालाई गर्नु पर्ने आदर सत्कार गरे । केही छिनमा "दुष्ट मानिसलाई प्रशंसा गरेमा अभिमानी बढ्छ" भन्ने कथन झैं राम्रो सत्कार गरेको कारणले अहम् र घमण्ड बढेर त्यसले भन्यो "आज एकरात तिमी दुई दम्पति

अर्काको घरमा सुत्न जाउ । तिमीहरू सुत्ने ठाउँ, तिम्रो धन र धर्म पुस्तक भएको ठाउँमा मलाई सुत्न देउ, त्यसो गरेमा तिमी दुवैलई आशीर्वाद लाग्छ र ब्यवधान हट्छ " भनेपछि लामाले केही नबोली त्यस्तै गर्ने अभिनय गरे । तै पनि गुरु आमाले राम्ररी परिक्षागरी हेर्दा मनमा शंका लागेर नोकरहरूद्वारा आदर साथ अर्को ठाउँमा सुत्न आग्रह गर्दा उ रिसले चुर भयो र "यो सामनेको (साक्षात्कार) मार रहेछ यसलाई उद्धार (मार्नु) बाहेक अरु बिकल्प छैन" भनी छुरी र लट्ठी लिएर गुरु आमालाई हान्न जान लाग्दा अरु मान्छेहरूले छुटाई सोगपोलाई अरु ठाँउमा लगिराखे । अनि लामागुरु पनि सोगपोलाई संझाई आश्वासन दिनका लागि उ भएकोमा पाल्नु भई सोगपोलाई भने "अचानक पाल्नु भएको लामा तपाईले यसरी अहम् गर्नुहुँदैन । स्त्री भनेको त्यस्तै हो । तपाईले भन्नु भएको अनुसार पुऱ्याई दिउँला" भनी सम्झाउँदा त्यो रिसाहा सोगपोले भन्यो "महाभूत तैँले पनि झूटो बोलेको हो, तिम्रो पनि उद्धार (मार्नु) बाहेक अरु उपाय छैन" भनी एउटा ठूलो ढुंङ्गा उचालेर हिर्काउन आइलाग्दा त्यो ढुंङ्गा लामाको टाउकोमा छोएर तर्क्यो र ठूलो चोटपटक भने लागेन । त्यस्तो घटना देखेर पनि त्यो सोगपोलाई लामा गुरुका अनुयायी (शिष्य)हरू सबै जम्मा भई कुटपिट गर्न लाग्दा लामा गुरुले रोके । पिट्न त के छुन समेत दिएन । सोगपोले लामालाई शत्रु झैं मन नपरे पनि लामाले भने त्यो सोगपोलाई एकोहोरो छोरालाई झैं माया गरे । त्यसपछि शिष्यहरूले उसलाई केही अपकार नगरी अरु ठाउँतिर पठाइ दिए । यो कुरा सूत्रालंकारशास्त्रमा "सधैँ दु:खदिने दुष्टमित्र र गंभीर धर्म श्रवण गर्दा (महापुरुष) हरू बिचलित हुँदैन" भन्नु भएको आशयबाट पार नभएको स्थिति मान्नु पर्दछ ।

अन्यथा एकदमै रिसाएर जे गरे पनि हुने विषय यस्तो छ । उता राम्ररी हित गरे यता अहित गर्ने, दोष नभएको गुरु माथि आक्रमण गर्ने, दुष्ट (मार) लाई पिट्नै पर्ने हुन्छ । कुट्न र पिट्न नसक्ने पनि होइन, कारण टाढा र थाहा नभएको गरिब घुमन्ते एकलो भएको,

आफ्नो पक्षमा धन सम्पति, मान्छे, हक अधिकार पूरा भएको तथा अघि पछि कृपा गरेको गुण संझेर अनुहार हेर्नुपर्ने पनि केही नभएकाले पिटे हुन्थ्यो । त्यसैले क्षान्तिको कवज बलियो भएको उक्त प्रमाणबाट महापुरुष भएको थाहा हुने हुँदा धेरै कुरा बताइरहनु नपर्ला । "महाबोधिसत्त्वहरू कुलीन भएको सुलक्षणहरूबाट बुझिन्छ" भनी भनिएको छ । यसरी शान्तको लीला अनिरुद्ध प्रदर्शन गरिरहेका अवस्थामा एकासी बर्षको उमेरमा भोट संवत १६ औ आगो-बाँदर वर्ष असार महिनाको दशमी तिथिका दिनमा उहाँ परलोक हुनु भयो । शास्ता शाक्यमुनि परिनिर्वाण भएको अभिनयसंग मिल्नेगरी केही छिनमा नै आश्चर्यजनक लक्षण सहित शाश्वतवादी विनेयजनहरूको सामुन्नेमा रुपकाय अदृश्यभई विलीन हुनु भयो । उहाँका पुत्र शिष्यहरू चारदिशाका एक्लो घाम डुबेर निस्पट्ट अन्धकारमा परे झैं दु:खले थिचे को भएता पनि (त्यसबाट निकासा पाउन) शिष्य वर्गबाट गुरु भावना पूर्ण गर्न अन्तत: (धेरै दिन) सम्म भक्ति पूर्वक पूजा सत्कार चढाउनु भयो । यो चाहिं गुरुको बाहिरको संक्षिप्त वृतान्त हो । भित्री र अन्य गुह्य वृतान्तहरू त नाम र काम मिलेको हुँदा व्याख्या गरिरहनु पर्ने आवश्यक देखिन्दैन । यो जुनसुकै व्यक्तिको नजरमा देख्न सक्ने स्थिति पनि होइन ।

शासनपति (बुद्ध) कल्याणमित्र गुरुको रुप लिएको
उहाँ शासनधर विद्वान् भएको (बुद्ध) वाणी
तथा तार्किक प्रमाणले प्रष्ट बुझ्न सकिन्छ ।
शासनपतिको जीवन यो पनि यथार्थ भएको हुनालेशासनधर
नाम गरेकाले श्रद्धा बढाउनको लागि यो गुरु वृतान्त लेखें ।

यस गोम्पाको फोटा पेज नं. १६७ मा हेर्नुहोला ।

टागशिङथोग गोम्पा

भोट सम्बत् १६ औं काठ-बाँदर वर्षमा टागशिङथोगको छ्चुलेग्मो गाउँ र डेखोग आदि गाउँका लामा विद्यार्थीहरूले तेङपोछे गोम्पाको लामा भिक्षु ङगवाङ छुल्ठिमलाई आमन्त्रणगरी लामा लिपिको पुस्तक पढ्ने अभ्यास गरे । यसरी एक वर्षमा छ-छ महिना लामा अक्षर पढ्ने र लेख्ने अभ्यास गरेर केही वर्ष बिताएका थिए । त्यस बेला टागशिङ-थोगको त्यस रिठो (अरण्य) मा पहिले घर भत्केको पुरानो अवशेष खण्डहरहरू, काँडाको झ्याङ र जंगल बाहेक केही पनि थिएन । त्यसपछि क्रमश: लामा विद्यार्थीहरूले चाखङ (पर्णकुटी) चित्रोका घरहरू बनाएर बसे । लामा भिक्षु ङगवाङ छुल्ठिमको धर्म उपदेश र आ-आफ्नो पूर्वजन्मको सुकर्मको संयोगबाट त्यस क्षेत्रतिरको बूढो र जवानगरी पच्चीस जना जतिले भिक्षुधर्मको शीलग्रहणगरी प्रव्रजित भए । त्यस पछि लामा ङगवाङ छुल्ठिम आफू र चेलाहरू वर्ष अवधिमा लातो चिपरी (ग्यलश्री) को नजिकै खम्पा लामा गुरु रिगजीन पदमछेवाङको उपचरण (सामुन्ने) मा परी गुरुबाट प्राचीन (ञिंम)का वज्रयान परम्पराका अभिषेक, आगम र उपदेशहरू सबै राम्ररी लिए र लामा विद्यार्थीहरूलाई **साधारण र असाधारण धार्मिक पूर्वाभ्यास**[१४८]को उपदेश प्रदानगरी क्रमश: राम्ररी (विधिपूर्वक) ६ महिना वर्ष दिनसम्म धर्म अभ्यास गर्न लगाए । त्यसपछि श्रद्धालु स्त्री, पुरुष दाताहरूले पनि टागशिङथोग रिठो (अरण्य) मा गोम्पा र त्यसमा भिक्षुसंघ स्थापना भएमा राम्रो हुने आशा र शुभेच्छा व्यक्त गरे । त्यसरी नै गाउँका लामा विद्यार्थीहरूले जस्तरी पनि त्यस ठाउँमा गोम्पा स्थापना गर्नु

पर्ने प्रतिज्ञा गरेको र तदअनुसार उनी आफूले पनि गोम्पा बनाई छाड्ने प्रतिज्ञा गरेको तथा गुरु रिगजीन पदम छेवाङले पनि "त्यही गाउँमा गोम्पा स्थापना गर्न लगाउनू" भनी आज्ञा भएको आदि धेरै कारणले गर्दा भोट संवत् १६ औं लोह-बाघ वर्षमा गोम्पा बनाउन दाताहरू लागि परे । जस अनुसार टागशिङथोग गाउँको शेर्पा समूह, तेङपोछेको लामा ङग्वाङ छुल्टिम त्यस गाउँको लामा ज्यङ्क्षुब छुल्टिम र ङग्वाङ लेग्शे तथा लामा विद्यार्थी आदिले शिलान्यास समारोहको आयोजनागरी निर्माण कार्य प्रारम्भ गरे । केही वर्षमा नै बाहिरी गोम्पा ३ तले भवनको निर्माण कार्य पूरा भयो । त्यसपछि क्रमशः भित्री प्रतिष्ठानमा माटोबाट बनेको शाक्यमुनिको मूर्ति मान्छे उभिए जति अनुमानको, गुरु पदम संभवका शिष्य सपरिवारहरू सबै भएको, १६ स्थविरहरूका मूर्ति सुन र तामाबाट बनाएको इत्यादि मूर्ति काय-आलम्बनहरू स्थापना गरे । बुद्धवचन कग्युर लगायत बिभिन्न बुद्ध वाणीका आलम्बनहरू, चैत्य र हस्तचिन्ह (वज्रघण्टा) आदि चित्त आलम्बनका द्रव्यहरू गोम्पामा स्थापित गरे । यसको साथै पर्वोत्सव र नियमित गर्नु पर्ने पूजा आदिको सद्परम्परा आरम्भ गरी गोम्पाको शुभनाम "श्याङुब थरलिङ" भन्ने राख्नु भयो ।



टागशिङथोग श्याङुब थरलिङ गोम्पा, सोलु

ङग्वाङ ज्यङछ्युब छुल्ठिम

भोट संवत १५ औं काठ-भेडा वर्षमा पूर्व खुम्बुको तोजारोग भन्ने ठाउँमा उहाँ जन्मनु भएको थियो । बाल्यकालदेखि नै सद्धर्ममा प्रवेश गरी जरोङफुको अवतारी ङगवाङ तेञ्जिन नोरबुबाट प्रव्रजित भई शुभनाम ङग्वाङ ज्याङछ्युब छुल्ठिम भन्ने राखे । तेङपोछे गोम्पाको संघमा प्रवेश गरी संघमा कार्यकर्ता भई गर्नुपर्ने कामहरू आरम्भ देखि अन्तसम्म आदर सत्कारकासाथ एकाएक पूरा गरे । गोन्पाको प्रमुख लामा ङगवाङ नोर्बु जाङपोबाट गुह्यमन्त्र प्राचीन (ञिंम) परम्पराका अभिषेक, आगम र उपदेश धेरै ग्रहण गरे । विशेष गरी २१ वर्षको उमेर पुग्दा रोङफुको लामा त्यञ्जिन नोर्बुबाट उपसम्पदा लिई भिक्षु सम्वर (शील) ग्रहण गरेकाले प्रव्रजित र उपसम्पदा दुवैको संयुक्त शुभ नाम "ङग्वाङ छुल्ठिम" प्रदान गरे । त्यति मात्र नभएर जारोङफु गुरुको समक्षबाट बोधिसत्त्वको सम्वर र त्यसको शिक्षा सहितको दीक्षालिई सक्दो अभ्यास र व्यवहारमा उतार्ने काम गरे । लामा उहाँकै उपचरणबाट मिनलिङ गोम्पाको महानिधिपति ग्युर्मेद् दोर्जेको गंभीर निधि देशेगकुनदु (सुगतसमुच्चय) र दोर्सेम्पा (वज्रसत्त्व विषयक धर्म) हरू धेरै श्रवण गरे । महाकारुणिक सुगतसमुच्चयको पूर्वअभ्यास र मूलअभ्यास तथा त्यसपछिका विधिहरू अन्तसम्म पूरा अभ्यास गरे । यसको साथै बीच बीचमा फोवा (संक्रान्ति), लुङ (वायु) र च्योद् (उच्छेद्) तीनको पनि निशान (संकेत) देख्ने गरी अभ्यास गरे ।

लेख्ने, पढ्ने र ज्योतिषशास्त्र, व्याकरण र कविता आदि पनि

समय समयमा सक्दो अभ्यास गरे । त्यसरी नै फुगेन अर्थात् बाजा बजाउने बाजा चलाउने र बाद्यवादन तीन, ताल, लय र स्वर तीन, त्यस्तै हस्तकलाहरू अभ्यस्त हुने गरी अभ्यास गरे । पश्चात् तेङपोछे गोम्पाको प्रमुख लामा स्वर्गारोहण भए पछि गुरु रिग्जीन पदम छेवाङको उपचरणमा परी शान्तिदेवको बोधिचर्यावतारको बृत्ति पनि श्रवण (अध्ययन) गरे । त्यसरी नै अरु पनि अभिषेक, आगम र उपदेश तथा महासन्धिको अभ्यास विस्तृत रुपमा हासिल गरी गुरुको आज्ञा अनुसार उपयुक्त प्रकृयाद्वारा टागशिङथोग गोम्पा स्थापना गर्न सफल भए । तत्पश्चात् गोम्पाको खेनपो (महास्थविर) भै शिष्यहरूलाई धर्म देशना र (वाङ) अभिषेक प्रदान गर्ने काम धेरै वर्षसम्म गर्नु भयो । त्यसपछि पनि थाङम्य गोम्पाको लामा ङग्वाङ छेरिङ दोनटुबबाट याङतिग येशे थोङटोल (महाज्ञान दर्शन मुक्ति) को अभिषेक, आगम र उपदेश तीन विषयको विस्तारमा श्रवण गरेको आदि इत्यादि बुद्ध शासनमा हस्तचिन्ह र कृति धेरै राखी विस्तृत शासन परम्परा स्थापना गरे । भोट संवत् १६ औं लोह-गोरु वर्ष (सन् १९६१) मा उहाँ स्वर्गारोहण हुनु भयो । उहाँको पुत्र शिष्यहरूले स्वर्गारोहण पश्चात गुरुको शवलाई श्रद्धा पूर्वक दाहसंस्कार सम्पन्न गर्नुभयो । शव आलम्वनको लागि गोम्पाको बाहिर पट्टि लक्षण र प्रमाणयुक्त बोधिचैत्य स्थापना गरेको छ । पश्चत् उहाँको पुनर्जन्म (अवतार) आएर पहिचान समेत राम्रो भएको देखिन्छ ।

त्यसपछि लामा उहाँको शिष्यहरू मध्ये ज्याङछ्चुब छुल्ठिमले ठूलो प्रयत्न गरी भोटको पूर्वी प्रान्त खाममा जानु भै विद्या अध्ययन पूरा गरी पुनः आफ्ना गोम्पामा फर्केर गोम्पाको दोस्रो गुरुको रुपमा पद स्थापित भै शिष्यहरूलाई धर्म देशना दिइरहनु भएको छ । उपर्युक्त लामा ङग्वाङ छुल्ठिमज्यूको जात शेर्पा र थर (गोत्र) बेन्यासा हो । उहाँ आफ्ना पुर्खाहरूको पालामा शोङरोङको गरमा ञिमरेबाट खुम्बुतिर स्थान सारेको हो भनी उहाँ आफ्नै मुखबाट भन्नुहुन्थ्यो ।

सेरलोग गोम्पा

अब सेरलोग रिठो (अरण्य=धर्मस्थल) को गोम्पाको बारेमा वर्णन गर्छु । उपर्युक्त लामा चुनक्षुङ टशिबाट क्रमशः धेरै सन्तान फैलिएर आएको थियो । पिता दावा त्यान्पा र उहाँका छोरा तेञ्जीन भनिने बाल्यकालदेखि सद्धर्ममा अगाद श्रद्धा भएकाले स्वदेश (शोङरोङ) का विद्वान् लामाहरूको सेवा गरी धार्मिक अभिषेक र आगम तथा उपदेशहरू धेरै लिएका थिए । त्यसपछि क्रमशः खुम्बु र भोटको उत्तरी प्रान्त र मध्य प्रान्तका केहि लामाहरूको सेवा सत्कार गरी धेरै धार्मिक शिक्षा दीक्षा ग्रहण गर्दा साङग्या दावा वा साङग्या तेञ्जीन भनी नाम राख्नु भयो । त्यहाँबाट पनि उता खामतिर लाग्नु भई देगे, जोग्छेन र शेछेन आदि गोन्पाको केहि लामा गुरुहरूको सेवा सत्कार गरी प्राचीन (त्रिंम) परम्पराको माध्यमबाट केहि वर्ष धर्म अध्ययनमा लाग्ने गरे । त्यसैले गर्दा त्यस परम्पराका गम्भीर दर्शन र सिद्धान्तमा पूर्वजन्मको बासना (चेतन) जागृत भएको जस्तो भएर धर्ममा असीम श्रद्धा उत्पन्न भयो । त्यसबेला आफ्नो क्षमता अनुकुल हुने गरी शासन प्रति हित र सेवा गर्ने बोधिचित्त उत्पाद भयो । यो राम्ररी विचार गर्दा महाबोधिसत्त्व शान्तिदेवले– "सम्वृत्तिसत्य र परमार्थ सत्य यहि दुई सत्य मानिन्छ । परमार्थ सत्य चाहिँ (साधारण मानिसको विषय) दृष्टि गोचर होइन । मनको विषयलाई सम्वृत्ति सत्य भनिन्छ " भन्नु भएको छ । जसअनुसार स्वदेशको अधिकांश धर्मात्मा (लामा) हरू त सम्बृत्तिसत्यको दृष्टि गोचर मात्रैमा मन लगाउने बाहेक परमार्थ सत्यको त गन्ध सम्म पनि सुग्ने स्थिति नभएको मलाई मनमा आइ रहन्थ्यों । त्यसरी परमार्थ

बोध नभएमा सद्धर्म अध्ययन गरेको अन्तिम फल प्राप्त नहुने कुरा श्रीनाथ आचार्य नागार्जुनले बताउनु भएको छ । "व्यावहारिक (सम्वृतिसत्य) को सहारा नलिइकन परमार्थ सत्यको बोध हुँदैन परमार्थ सत्य बोध नभए निर्वाण (शान्ति) प्राप्त हुँदैन" भनी बताइएको छ । त्यतिमात्र नभएर सम्यक् तार्किक (विद्या) ले पनि त्यस्तै प्रमाणित गरेको छ । त्यो नियमदेखि विपरीत भै लोकमा देव मनुष्य कसैले पनि बोल्ने आँट गर्दैन । यो नियम सम्यक् (राम्रो) भएकाले त्यसको बिकल्पमा अर्को छैन । त्यसैले यस किमिसको भ्रम र भूलचूक नभएको मार्गक्रममा श्रवण, मनन र भावना गर्ने साधन सम्पन्न एउटा गोम्पा शोङरोङ शेर्पाको गाउँमा पनि स्थापना गर्न सके कति राम्रो हुन्थ्यो होला ? भनि सम्झे ।

उक्त कुरा मनन गरी मूलग्रन्थको कृति (टीका) एक भारी बोकेर नौ महिनासम्म पैदल हिडेर स्वदेशतिर आए । स्वदेशमा तीन वर्ष बस्दा भान्छा घरसंगै सानो ध्यानकुटी एवं सानो गोम्पा पनि बनाए । त्यतिमात्र नभई पढ्न आएका १०/१५ जना विद्यार्थीहरूलाई पढ्ने, लेख्ने र दगचिग (शब्दकोष) र व्याकरण पनि सिकाए । त्यसपछि छ्यानञी थेग्पा (निमित्त हेतुफलयान) को व्याख्यान गरी चिन्तन मनन गर्ने उचित समय भए तापनि त्यसो गर्नका लागि सर्वप्रथम बस्ने घर र पढ्ने कक्षाकोठाहरू अवश्य चाँहिदो रहेछ । दोश्रोमा खान, लाउन र न्यूनतम आवश्यक वस्तु पनि नभै नहुने, तेस्रोमा, पढाउनु पर्ने पुस्तकहरू प्रत्येक विद्यार्थीहरूलाई एक एकवटा अवश्य चाहिने, चौथोमा पढाउने एउटा गुरु (खेन्पो) त्यो पनि अरु गाउँबाट आमन्त्रण गरेमा बढी महत्व हुने आदि कारणहरू समेत धेरै जुट्नु पर्ने देखिन्छ । चारवटा त्यो हेतुकरण (अवस्था) जुट्नु पनि धन सम्पत्तिमा भर नपरीकन आफैँ जुटेर आउँदो रहेनछ । त्यो पनि अशुद्ध र न्यूनतम सम्पत्तिले नभै राम्रो र अत्यन्त धेरै चाहिने हुँदा स्वदेशमा श्रद्धालु दान दाताहरू हलुङगो हात भएको मान्छे (दाता) खोजे पनि समयकाल र ठाउँले गर्दा त्यस्तो पाउँन सकेन । श्रद्धालु दान दाता कोही फेला परेन, परे पनि त्यस किसिमको

महत्वपूर्ण कार्यसिद्ध गर्न सक्ने देखेन । त्यसैले फेरि धर्मक्षेत्र भोटको पूर्वदिशा दोखाम जाछ्युको भेगमा, सन्त महापुरुषले भरेको क्षेत्र देगे, शेछेन र जोगछेन तर्फ जान चाहेर लागे पनि । बाटोमा लालचीनको अत्यन्त ठूलो आक्रमणको उग्र क्रियाकलाप देखि तेर्सेको कारणले प्राणमा लागि पर्ने डर त्रास भयो । कहाँ गएको, कहाँ पुगेको, यो खाउ र यो पिउ भन्ने नभै, जति सहे पनि सहन नसक्ने कष्ठ भयो । त्यसको वास्त नगरी बुद्ध मनुष्यको रुपमा आगमन भएको गुरुवरहरू कहाँ पुगे । त्यहाँ पुगे तापनि भोटको माथिल्लो, बीच र तल्लो भागमा लालचीनको दुर्गन्धले ढाक्दा धर्मात्मा (लामा) हरू सबै जस्तै गोहीको मुखमा परेको प्राणीको अवस्थाबाट पार नभएको कुनै देखेन । तै पनि मैले उपर्युक्त शासन जगतको नयाँ कार्य स्थापना गर्नको लागि त्यस दिशामा आएको व्यहोरा गुरु समक्ष बिन्ति गरे । महान कल्याण मित्र गुरुहरू त हृदयदेखि अरुको हित मात्र सोचिरहने स्वभावको हुने हुँदा साह्रै मनखुशी गर्नु भएको स्थिति यस्तो छ ।

जस्तै दक्ष पिता समुन्द्र पारी जान लाग्दा अचानक भद्रपुत्रसंग भेटेको समान जे भएको भए गरेको वार्तालाप धेरै बेर गर्नु भयो र त्यसपछि मेरो इच्छामा जे भएको त्यस्तै गरिदिने आश्वासन पनि आज्ञा हुनुभयो । त्यसैले मनमा जे चाहेको र जे सोचेको त्यो सबै काम पूरा हुने देख्दा खुशी नहुने को हुन्थ्यो होला ? तै पनि गुरुवरहरूलाई अकालको आक्रमण आगोको ज्वालाभन्दा तातो र कठांग्रिने बरफ भन्दा चिसो घट्ना भएको देख्दा आफूलाई खुशी र बेखुशी दुबैको वेदना अनुभव भयो । त्यस्तै अत्यन्त मायालु आमा अरु ठाउँमा टाढाको गाउँमा जान लाग्दा त्यो कुरा थाहा पाएको छोरालाई जे चाहेको दिएर पन्छाउने उपाय गरेको भन्दा अरु लागेन । त्यसरी कृपालु मूल गुरुहरूले मेरो इच्छा अनुसार डाको घोडा १० वटा जति चौरी याक सयवटा जति, सुन, चाँदि, तामा, काँस (धातु) यूँ (नीलमणि) मुंगा, कर्पुर (पोशेल), चिया, कपडा, वितान, आदि इत्यादि प्रदान गर्नु भयो । जस्तै राजाले राजकुमार लाई अंश प्रदान गरे झैं जे चाहेको इच्छा अनुसार कञ्जुस नगरी प्रदान

गर्नु भयो तर लालचीनले शासक वर्गहरू मात्र निर्मूल पार्ने नभई गरिब घुमन्ते भए पनि सताउने गरेको देखें । जस्तै तीर्थयानी भए पनि ल्हासासम्म जाँदा सय रुपैया भन्दा बढी बोक्न नपाइने नीति नियम राखेको सुनायो । यो कुरा सुनेर जसरी विषालु सर्पले टोकेको मानिस बुट्टादार डोरीदेखे पनि भाग्ने अवस्थामा पुग्ने झैं लामा गुरुहरूले म माथि पनि आशंका गर्न लागे । त्यतिमात्र नभएर श्रामणेर भिक्षु आफूले पनि राष्ट्रिय नियम विपरीत गर्न नमिल्ने कुरा सुगत (बुद्ध) का शिक्षा स्मरण गरी पहिले प्राप्त भएको धन श्रीसम्पत्ति सबै त्यहि छोडि राखेर स्वदेशमा फर्केर जाने अनुमति पाउँ भनी गुरु समक्ष बिन्ति गरे । तत्काल लामा गुरुबाट आज्ञा भयो कि "केही छिन त्यसो गर्ने बाहेक अरु उपाय छैन । तत्पश्चात् स्थिति राम्रो भएमा फेरि आउन सकिन्छ । त्यसैले अहिले तिमीलाई चाहिने जति बाटो खर्च बोकेर गएमा राम्रो हुन्छ" भनी लामा गुरुको आज्ञा भयो । गुरुले जे आज्ञा भएको अनुसार पुस्तक र रुपियाँ गरी जम्मा ५ बोरा जति बोकेर आए र अरु सबै सपनाको सम्पत्ति जस्तरी छोडेर राखे । जति बोकेर ल्याएको थियो त्यो पनि चीनका पद अधिकारीलाई देखाउँदै अनुमति पत्र लिएर ट्रक र घोडाको सहारा लिएर आउँदा गुरुवरको कृपाले कुनै वाधा व्यवधान नभई स्वदेशमा आइपुगे । तत्पश्चात यस दिशामा प्राप्त भएका धन द्रव्य र खामबाट ल्याएको सबै सम्पत्ति जम्मा पारेको खर्च गरी सेरलोग भन्ने ठाउँमा बाह्य गोम्पा भवन र भित्रको देउता समेत स्थापना गर्ने काम आरंभ गरे । सन् १९५९ मा गोम्पा राम्ररी बनाई सिध्याए र "श्याडुब शुङडेललिङ" नामकरण गरे । तै पनि गोम्पा स्थापना गर्ने प्रथम योजना अनुसार गरे १ प्रतिशत पनि पूरा नभएको स्थिति यस्तो छ । प्राथमिक योजनामा गोम्पाको आसपासमा ६० ओटा लामा छात्रबास र त्यस भित्र काठको खाट, टेबुल र पूजा सामग्री सजाएर राख्ने दराज आदि पूरा भएको छात्रबास, ५३ जना विद्यार्थीलाई छात्रवृत्ति (पोषक) र दिउँसो ओढ्ने राती ओछ्याउने व्यवस्था गर्ने, त्यसै गरी गोम्पामा महत्वपूर्ण मूर्तिहरू स्थापना गर्ने, राम्ररी पूजापाठको व्यवस्था

गर्ने र गराउनुपर्ने, विशेषगरी स्वयं त्रिङ्म परम्पराका पुस्तकहरू ब्लक बनाउने, आगन्तुक धर्मकर्मी लामा विद्यार्थीहरूलाई उचित सुविधा प्रदान गर्न धर्मशाला आदि पनि निर्माण गर्नु पर्ने थियो । त्यो पनि मौखिक कुरा र मनमा सोचेको मात्र नभई आफ्नो कठोर प्रयास र लामा गुरुको कृपा एवं आत्मीय कारणबाट जति चाहिने तथा आवश्यक पर्ने धेरै धन सम्पत्ति हातमा पारेको थियो त्यसका लागि तर लाल चीनले आक्रमण गरिरहेको अकाल (कुबेला) परेको हुनाले जस्तै सपनाको धन सम्पत्ति जस्तरी काममा उतार्न असक्षम भयो तापनि हामीले पहिलेको प्रतिज्ञा (योजना) भंग नगरी स्वदेश र विदेशको पुण्यवानहरूको आत्मीय कारणबाट शासन र जगतहित गर्ने काम निरन्तर अगाडि बढाइरहेको छ ।



सेरलोग गोन्पाको औतारी लामा र विद्यार्थीहरू

छ्चुखारमा गोम्पा

रामेछाप जिल्लाको उत्तरतिर को अन्तिम गा.वि.स. गुम्देल (गोनतेङ) अन्तर्गत छ्चुखारमा गाउँमा अवस्थित यो गोम्पा त्यस गाउँको उपासक दोनटुब शेर्पा र अरु उपासकले दाता गरी भोट संवत १६ औं भूमि-मुसा वर्ष (सन् १९४८) मा ३ तहको वाह्य गोम्पा राम्ररी स्थापना गरेको थियो । त्यसपछि लातो पट्टिको लामा देफुग रिन्पोछे वा अर्को शुभ नाम यिङ्रिग ज्याङछ्युव[1] (१९१०-१९९०) लाई त्यस गोम्पामा आमन्त्रण गरी त्यहाँ विराजमान गराउनु भयो । त्यस दिशाको उपासक उपासिका दाताहरूले आदर सत्कारगरी प्रार्थना गरेको आधारबाट लामा गुरुले पनि प्राचीन (ञिंम) परम्पराको वाङ = अभिषेक, लुङ = वाचन, ठी = उपदेशहरू प्रदान गर्ने काम गर्नु भएको थियो । त्यस गोम्पाको नाम "ल्हुनटुब क्षोलिङ" नामकरण गरेको छ । त्यस भित्र मूर्ति र चित्रकलाहरू राम्ररी सजाएर राखेको छ[2] ।

---

१ वहाँ प्रकाण्ड विद्वानहुन तापनि कुनै ज्ञान नभएको जस्तरी बस्नु हुन्थ्यो । ज्योतिष, औषधी (जडीबुटी) आध्यात्मिक ज्ञान (दर्शन) को ज्ञाता भएको हुँदा उक्त गोन्पामा वहाँ हुनु हुँदा सोलु, दोलखा र रामेछाप जिल्लाबाट विद्यार्जन गर्न विद्यार्थीहरू भिड लागिरहन्थ्यो ।

२ यो गोम्पामा पछि आगलागि भई नष्ट भएको गोम्पा पुनःनिर्माण भएकोछ र देफुग रिन्पोछे स्वर्गारोहण भए पनि वहाँको पुर्नजन्म (अवतार) आउनु भई अध्ययन गरिरहनु भएको छ र वि.सं. २०६८ गोम्पामा पदार्पण गरिसक्नु भएको छ ।

चादुगपा गोम्पा

सोलु जिल्लाको चादुग्पा अरण्य (धर्मस्थल) मा अवस्थित यो गोम्पा भोट सम्वत १६ औं आगो-भेडा वर्ष तदनुसार सन् १९६७ मा स्थापना गरेको हो । यो गोम्पाको नाम "थुप्तेन छ्चोलिङ" भनी परम पूज्य दलाई लामाज्यूले राख्नु भएको छ । स्थापना गर्दा जग्गा, काठपात र रंग रोगन आदिको लागि केही शेर्पाहरूले सहयोग प्रदान गरेको र अधिकांश खर्च चाहिँ जारोङफु लामा गुरु र सामूहिक लामा संघ (टछाङ) को साझा सम्पत्तिबाट देवताहरू समेत सम्पन्न भएको गोम्पा स्थापना गरेका थिए ।

यो गोम्पा स्थापना गर्नुपर्ने कारण चाहिँ भोट देशमा लाल चीनले आक्रमण गरेर धार्मिक केन्द्र र उपासक दाताहरू सबै विस्थापित पारेको थियो । त्यतिमात्र नभएर धर्मात्म (लामाहरू) लाई शोषक दुष्ट शत्रुको रुपमा हेर्ने गरेको कारणले लातो जारोङफुको मूल गोम्पा "दोङग छोलिङ" र त्यस अन्तरगतको शाखा गोम्पाहरू समेतको अधिकांश लामा गुरु शिष्यहरू नङ्पाला (डाँडा) काटेर पूर्व शोङरोङ (सोलु) खुम्बुतिर निर्वासनमा आएकाहरू थिए । भिक्षुसंघ शासनको आधारशिला भएको हुनाले बुद्ध शासन केही छिन भए पनि विस्थापित

हुन नदिई संरक्षण सम्वर्द्धन गरी राख्न उक्त गोम्पा स्थापना गरेका हुन् । हाल त्यस गोम्पाको प्रमुख लामा, वैरोचनको निर्माणकाय धर्ममति (छ्योक्यि ल्वोटो)[1] नामक भिक्षु बोधिसत्त्वले गोम्पा सम्हाली रहनु भएको छ । उहाँले ओर्ग्यान मिन्टोलिङ गोम्पाको धार्मिक परम्पराको अनुसरणगरी त्यस दिशाको शिष्य सपरिवारलाई **प्रातिमोक्ष**[१४९] को शील परम्परा, **बोधिसत्त्वशिक्षा**[१५०] र विद्याधर मन्त्र परम्पराको अभिषेक आदि प्रदान गरेको र प्रदान गरिरहनुभएको छ ।

त्यसै गरी भोट चिप्रीका ठिपोन रिन्पोछे नाम गरेको लामा गुरुको मुख्य शिष्य केउछ्रङ लामा र उहाँका अरु भिक्षु तथा भिक्षुणी शिष्यवर्गहरूलई उपर्युक्त चीनको कृयाकलाप अनुकुल नहुँदा खुम्बु शोङ्रोङ (सोलु) तिर आगमन हुनुभयो । शोङ्रोङ (सोलु) सुङस्येमाको शेर्पाहरूले आदर सत्कार गरेको आधारबाट उहाँ टागकारमा नामको रिठो (अरण्य) मा केही वर्ष वस्नु भयो । त्यहाँ शिष्यहरूलाई कार्ग्युद् र ञिंमा परम्पराका धर्महरू जे जति चाहिएको सबै प्रदान गर्नुभयो । त्यसपछि भोट संवत १६ औं पानी-बाघ वर्ष (सन् १९६२) मा शोङ्रोङ (सोलु) छ्चुल्वुङ खर्कको उपासक दाता शेर्पाहरूको सेवा सत्कारको आधार लिएर फेरि छ्चुल्वुङ खर्कको त्यस रिठो (अरण्य) मा सरेर बस्नुभयो । पहिलेको जस्तरी धर्मचक्र प्रवर्तन गर्नु हुँदै विशेषगरी त्यस स्थानमा आफू ध्यानसाधनमा बस्नुभयो । त्यसरी केही वर्ष त्यहाँ धार्मिक कृयाकलापद्वारा समय बिताई त्यसपछि शिष्यहरूको मनसाय अनुसार हाल सिन्धुपाल्चोक तातोपानीको नजिक वागङ् भन्ने ठाउँमा सरेर बस्नु भएको केही दिनमा नै केउछाङ रन्पोछे परलोक हुनुभएको छ । लामा गुरु सपरिवार त्यस दिशा तिर ठाउँ सरेर जानु भएको हुनाले हाल उक्त गोम्पा त्यही गाउँका औतारी पेमा थरछिन लामाको संरक्षत्वमा संचालन भइरहेका छन् ।

---

१ वहाँ वि.सं. १९८०/६/२५–२०६८/५/१६ गते स्वर्गवास हुनुभयो । काठमाडौंको सितापाइला-५, स्वयम्भूको जरोङ थुप्तेन मिन्डोल दोङाग छ्योलिङ बौद्ध विहार (गोन्पा) अर्थात् उक्त गोन्पाको शाखा गोन्पामा वहाँका पार्थिव शरीरलाई यथावत राखिराख्नु भएको छ ।

सकार गोम्पा

शेर्पाको परम्परा अनुसार पाठ पूजाको लागिमात्र स्थापना गरेको गोम्पाहरू पनि सकार गोम्पा, सेटे गोम्पा लगायत धेरै गोम्पाहरू छन् । त्यस मध्ये यो सकार गोम्पा चाहिँ पहिले मग्यानछे गोत्र (थर) शेर्पाको सन्तानबाट क्रमश: फैलिएर आएका मानिसहरूले स्थापना गरेको हो तापनि भोट संवत् १६ औं पानी-चरा वर्ष (वि.सं. २०९० साल) को महाभूकम्पले भत्काई दियो । त्यसपछि काठ-कुकुर वर्ष (वि.सं. २०९१ साल) मा सकार गाउँका शेर्पाहरूले दाता गरेको आधारबाट ञिमारे (गाउँको) गुरु लामा उहाँले गाउँलेहरूको अघिसर्ने कामगरी पुन: स्थापना गरेको थियो । गोम्पाको भित्रको आलम्बन (मूर्ति) हरूमा माटोद्वारा निर्मित गुरु पदमसंभवको मूर्ति एक तले अनुमानको स्थापना गरेको छ । त्यसैगरी तामा र काँसबाट निर्माण गरेको अमितायु (छेपागमेद्) आदिको मूर्ति (आलम्बन) हरू स्थापना गरेको, बुद्ध बचन (कग्युर) लगायत विभिन्न बौद्ध वाङमयको आलम्बन (पुस्तक) हरू तथा गोम्पाको बाहिर आँगनमा ढुँङ्गा माटोबाट निर्मित ठूलो चैत्य आदि चित्त-आलम्बनहरू स्थापना गरेका छन् । पूजारीको तलब पूजा पर्वोत्सवको लागि पनि गुठीको व्यबस्था गरियो । गाउँका मानिसहरू वर्षेनी दुई तीन घर मिलेर डुब्क्षो (वार्षिक) महापूजा गर्ने ब्यवस्था मिलाई सालिन्दा शेर्पा गाउँमा गर्नु पर्ने पूजा आजा गरी रहेको छ । बौद्ध धर्म प्रचार भएको हस्तचिन्ह (प्रमाण) नमेटाई सद्परम्पराको सेवामा आजसम्म कुनै कमी गरेको छैन । उक्त गोम्पा तत्कालिन लामा टेशाङ आपाको नेतृत्वमा संचालन भइरहेको छ[1] ।

---

१ त्यस्ता हुन् ता पनि हाल लामा स्वर्गारोहण भएकोले औतारी पेमा थर्छिन लामाले उक्त गोम्पा पनि संचालन गरिरहनु भएको छ ।

सेटे गोम्पा

यो गोम्पा चाहिँ पहिले टागथोपा युलल्हा छेरिङबाट क्रमशः छुटेर आएका वंशजहरू ढोङ्टा भन्ने ठाउँमा बसोवासगरी गोम्पा र चैत्य स्थापना गरी त्यसमा डुब्छ्चोद् (वार्षिक महापूजा) संचालन गरेको गोम्पा हो । त्यहाँ निकै वर्ष बसे पछि छाम्पा नामक जटाधारी लामाको एउटा छोरा भयो । त्यसको ओङ्ग्याल नाम गरेको छोराले यो गोम्पा सेटे भन्ने ठाउँमा सारेर गाउँलेहरू सबैको सहयोगबाट नयाँ गोम्पा र चैत्य स्थापना गरेका थिए । सालिन्दा दुई/दुई घर परिवार मिलेर वर्षेनी डुबछ्चोद् (वर्षको महापूजा) गरी रहेको थियो । उपर्युक्त गोम्पा वि.सं. १९९० सालको महाभूकम्पले भत्काएपछि त्यहाँ डुबछ्चोद पूजा स्वतः बन्द भएको छ । तत्पश्चात भोट संवत १६ औं लोह-बाघ वर्ष (विंसं. १९९५ साल) मा ञिमारे लामाको विभिन्न उपाय कौशल्यको सहारा पाई गोम्पा पुनः निर्माण गर्ने काम भयो तापनि डुबछ्चोद् पूजा चाहि संचालन गर्न सकेको छैन ।

यसको अतिरिक्त पूर्वी नेपालका १, २ र ४ नं. मा सद्धर्म प्रचार भएका हस्तचिन्ह स्वरुप गोन्पाहरू व्यापक छन् तापनि यसमा राख्न सकेको छैन ।

सेटे गोम्पा, वकान्जे, सोलु

सार संक्षेप

अब यहाँबाट उपर्युक्त घटनाहरूको सार संक्षेपमा बताउँछु । सद्धर्म कसरी प्रचार भएको इतिहासमा बताएको स्थिति हो भनिन्छ तै पनि यहाँ शेर्पाहरूको धार्मिक इतिहास भनी बताएकोमा उदेह लाग्दो कुरो केही लेखेको छैन । पहिलेदेखि आजसम्म शेर्पाहरूको मुख्य प्रदेशमा बुद्धको प्रवचन सद्धर्म प्रचार भएको स्थिति देखाएको हो यो । त्यो पनि धर्मको स्थिति राम्ररी बोध भएको व्यक्ति पाल्नु भएको कुरा बुझ्नु पर्दछ अर्थात् यो सद्धर्म धारण गर्ने, व्याख्या गर्ने, त्यसको साधन गर्ने मात्र धर्म हो भनी विसर्गको चिन्हलेयुक्त (यसको अतिरिक्त अर्को नभएको) बताउनु भएको छ । त्यसैले सबभन्दा पहिले धर्मको राम्रो व्याख्या गर्ने, त्यो पनि संकेत र शब्द स्पष्ट बुझ्ने गरी व्याख्या गर्न जान्ने, गुरुले संकेत गरेको अर्थ राम्ररी जान्न (बुझ्न) सक्ने व्यक्तिलाई अर्थयुक्त शब्द कानमा बताउँदा श्रवण (सुन्ने) ले पनि तदनुरुप संकेतको अर्थ राम्ररी बुझ्ने छ । त्यसलाई थोपा (श्रवण) भनिन्छ । त्यसबाट थो पी शेराब (श्रवणमय प्रज्ञा) पनि उत्पन्न (प्राप्त) हुन्छ, व्याख्यानको अर्थ पनि त्यतिले सिद्ध (पूरा) हुन्छ । यसोगर्दा त्यसबाट सम्पी शेराब चिन्तनको काम र चिन्तनमय प्रज्ञा पनि उत्पन्न (लाभ) हुन्छ । आगम (**त्रिपिटक**)[१५१] को धर्म धारण गर्नु भनेको पनि यो भन्दा अरु हुँदैन । श्रवण, व्याख्यानको माध्यमबाट श्रवण गर्ने प्रकृया त्यस्तो भएको कारणले भगवान् बुद्धले धर्म देशना दिँदाको शुरु मै यसो भन्नुभएको छ "राम्ररी श्रवण गरी मनन गर्नु होस्, म तिमीलाई बताइदिन्छु" यसको विपरीत आजकल अधिकांश मानिसहरू विधि पूर्वक धर्म श्रवण



अनुवादकको संक्षिप्त परिचय

नाम : **ङग्वाङ वोसेर लामा**
(NGAWANG WOSER LAMA)

जन्म मिति : वि.सं. २०१० साल, श्यामा ढुङ्गे, दोलखा

शैक्षिक योग्यता : आचार्य (M.A.) बौद्ध दर्शन साहित्य
(सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी) ।

उपाधि : प्रमुख लामा, समत्यान छ्योस्लिङ गोन्पा,
ढुङ्गे वडा नं. ४, श्यामा, दोलखा ।

सेवा :
- **प्राध्यापन**
  विश्वभाषा क्याम्पस, प्रदर्शनी मार्ग, बि.सं. २०४८
- **सहायक प्राध्यापक**
  नेपाल र एशियाली अनुसन्धान केन्द्र (CNAS) त्रि.वि., कीर्तिपुर, बि.सं. २०४७
- **सम्पादक तथा उद्घोषक**
  सर्वप्रथम शेर्पा भाषा समाचार, रेडियो नेपालबाट बि.सं. २०५३-१

सामाजिक सेवा:

संस्थापक : हिमालय बौद्ध विद्यापीठ
(नेपालमा सर्वप्रथम स्थापित शेर्पा पाठशाला ढुङ्गे श्यामा, दोलखा-२०४३ साल) ।

संस्थापक सदस्य : लुम्बिनी बौद्ध विश्व विद्यालय, लुम्बिनी, बि.सं. २०६१

संरक्षक : सामाजिक सेवा केन्द्र जिरी ७ दोलखा, बि.सं. २०४५

संरक्षक : याम्पु शेर्पा लोबटाइ छोग्पा, नेपाल शेर्पा विद्यार्थीमञ्च, काठमाण्डौ ।

अध्यक्ष : अखिल हिमाली बौद्ध संघ, बौद्ध जोरपाटी, काठमाडौं ।

पूर्व सं. अध्यक्ष : बुद्ध एकेडेमी (विद्यालय) बौद्ध जोरपाटी, काठमाडौं ।
हिमाली बौद्ध परम्परा संरक्षण समिति, बौद्ध काठमाडौं, बि.सं. २०५३

पूर्व अध्यक्ष : गुम्बा व्यवस्थापन तथा विकास समिति, हरिहर भवन, पुल्चोक, ललितपुर ।

पूर्व सल्लाहकार : शेर्पा सेवा केन्द्र, बौद्ध, काठमाडौं, बि.सं. २०६३
नेपाल शेर्पा संघ, काठमाडौं जिल्ला संघ, बि.सं. २०६३
नेपाल ञिंमा संघ, बौद्ध काठमाडौं, बि.सं. २०६३

सदस्य : गुम्बा व्यवस्था तथा विकाश समिति, ललितपुर, बि.सं. २०५१

सदस्य : दुर्गम क्षेत्र विकाश समिति, ललितपुर
यसको साथै विभिन्न सामाजिक संघ-संस्थाको संस्थापक,
संरक्षक, सल्लाहकार एवं आजीवन सदस्य ।

कृति :
- हिमाली च्यिपा गाक्ये (हिमाली शिशु उपहार) भाग-१,२,३,४ र ५ बि.सं. २०६४
- ग्याल्स्या लग्लेन (सैतीसी बोधिचर्या) लामा भाषाबाट नेपालीमा
  अनुवाद एवं अन्वेषण, प्रज्ञा भवन, कमलादी ।
- ल्हाल्य फुलज्युङ्गी तोद्पा (देवातिशयस्तुति) संस्कृत र लामा भाषा, प्रज्ञा भवन, कमलादी ।
- शेर्पाहरूको इतिहास र संस्कृति, बि.सं. २०५८, सुनसरी ।
  यम्पु शेर्पा च्यिछोग, सुनसरी, धरान ।
- राजा र रानीको संक्षिप्त जीवनी लामा भाषामा, बि.सं. २०४४ ।
- शेर्पा मातृ भाषा, कक्षा-१,२,३,४ र ५ तथा गोन्पा शिक्षाको पाठ्यपुस्तकहरु
- हिमाली क्षेत्रका नेपाली बौद्ध परम्परा, सिनास, त्रि.वि. कीर्तिपुर, काठमाडौं, बि.सं. २०६३

भ्रमण : भारत, भोट, चीन, हङ्कङ्, जापान र अष्ट्रिया ।

मुद्रक : न्यू नेपाल प्रेस, शुक्रपथ, काठमाडौं । फोन: ४२५९०३२, ४४३४८५०